**विशेष अदालत**

**इजलास**

**सदस्य माननीय न्यायाधीश श्री पवन कुमार शर्मा**

**सदस्य माननीय न्यायाधीश श्री बाबुराम रेग्मी**

**सदस्य माननीय न्यायाधीश श्री प्रभा बस्नेत**

**फैसला**

**मुद्दा नं. ०६९-CR-०१०२**

**नि.नं.- ५**

अनुसन्धान अधिकृत प्रहरी नायब उपरीक्षक कृष्ण कुमार महतको प्रतिवेदनले नेपाल सरकार.............वादी

**बिरुद्ध**

कोर्तो गुरुङ्गको नाती युङ्गडुङ्ग गुरुङ्गको छोरा जिल्ला काठमाण्डौं का.म.न.पा. वडा नं. २९, ठमेल घर भई ऐ. वडा नं. १६ नयाँवस्ती बस्ने दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्ग............................प्रतिबादी

फुर्पा गुरुङको नातिनी टाँसी गुरुङ्गको छोरी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गको श्रीमती जिल्ला काठमाण्डौं का.म.न.पा. वडा नं. २९ घर भई ऐ. वडा नं. १६ पकनाजोल बस्ने पासाङ्ग डोमा गुरुङ्ग..............................................................................................................प्रतिबादी

**मुद्दाः- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग)**

विशेष अदालत ऐन, २०५९ को दफा ६ तथा नेपाल राजपत्रमा मिति २०६६।२।११ मा प्रकाशित सूचना बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र रही दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः

**संक्षिप्त तथ्य खण्ड**

१. बिभिन्न अपराधिक क्रियाकलापहरुमा संलग्न रही दिपक मनाङ्गे भनिने राजिव गुरुङले सम्पत्ति शुद्धीकरण (मनी लान्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४(ख)(च) तथा दफा ४(त) बमोजिमको नेपाल सरकारबाट २०६६/१२/२३ मा राजपत्रमा प्रकाशित सुचनाको क्र.सं. (क) र (ग) बमोजिमको कसूर गरेको भन्ने प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरोको अभिलेख बिवरण सहितको सूचना ।

२. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको च.नं. ६८० मिति २०६८।१०।१९ र च.नं. ६६६ मिति २०६९/०६/१७ गतेको प्राप्त पत्र बमोजिम विभिन्न अपराधिक क्रियाकलापमा संलग्न रही दिपक मनाङ्गे भन्ने राजीब

गुरुङले  सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन,२०६४ को दफा ४(ख)(च) तथा दफा ४(त) बमोजिम नेपाल सरकारबाट २०६६/१२/२३ मा राजपत्रमा प्रकाशित सूचनाको क्र.सं. (क) र (ग) बमोजिमको कसुर गरेकोले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन,२०६४ को दफा १५ तथा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण नियमावली,२०६६ को नियम १७ को उपनियम  (१) बमोजिम अनुसन्धान अधिकृत तोकिएको।

३. म बिबाहित हुँ । मेरी जेठी श्रीमती पासाङ डोमा गुरुङ र कान्छी श्रीमति दिछेन लामा गुरुङ मध्ये जेठी श्रीमती पासाङ डोमा गुरुङबाट २ छोराहरू रहेका छन् । २०५८ सालतिर जेठी श्रीमति पासाङ डोमा गुरुङले मबाट अंश प्राप्त गरी निज दुई छोरा र आफ्नो पारिवारीक, आर्थिक जिम्मेवारी वहन गर्दै आएकी छिन् । हाल मेरो साथमा कान्छी श्रीमती दिछेन लामा गुरुङ रहेकी छिन् । मेरो हङकङ जाने आउने क्रममा नेपाली मुलको बेलायती नागरिक अमृता थापासंग सम्बन्ध र संसर्ग भई एक छोरा (नाम सोल थापा, हाल ७ बर्ष उमेर) को जन्म भएको थियो । हाल अमृता थापा र निजका छोरा बेलायतमा बस्दै आएको भन्ने सुनेको छु , निजहरूसंग मेरो हाल कुनै सम्बन्ध छैन ।

मेरो जन्म भारतमै भई भारतमै हुर्किएको हुँ । मैले पुख्यौली सम्पत्तिको रुपमा भारतीय रूपैयाँ ७,००,०००/- नगद साथमा लिई २०४२ सालतिर काठमाण्डौं, नेपाल आई रू.५,००,०००/- लगानी गरी २०५१/०५२ सालसम्म झिटीगुन्टा ब्यबसाय संचालन गरेको थिएँ । २०४९ सालतिर पासाङ्ग डोमा गुरुङ्गसंग बैबाहिक सम्बन्ध कायम हुँदा मलाई ससुराली तर्फबाट रु.५,००,०००/-(पाँच लाख) प्राप्त भएको र उक्त बैबाहिक कार्यक्रममा आएका ब्यक्तिहरूबाट दक्षिणा स्वरूप ४,००,०००/-(चार लाख) चानचुन रुपैयाँ प्राप्त भएको थियो । मैले आफ्नो साथमा ७/८ जना ब्यक्तिहरू लिई हङकङ र बंगलादेश पुगी तिनै ब्यक्तिहरूलाई सामान बोकाई नेपाल भित्र्याउने, २०५० सालदेखि २०५१ सालसम्म एक पटकमा ५/७ जना नेपाली कामदार साथमा लिई दक्षिण कोरिया पु-याई रोजगार लगाईदिने, कोरियाबाट फर्कदा तयारी पोशाक नेपालमा ल्याई बिक्रि गर्ने समेतको ब्यबसाय गर्ने गर्थे । यसरी दक्षिण कोरियामा कुल ७०/८० जना ब्यक्तिहरूलाई रोजगार लगाईदिएको छु । प्रतिब्यक्ति रोजगार लगाइ दिए वापत मलाई US$ ४००/- प्राप्त हुने गर्दथ्यो ।तर त्यसरी बैदेशिक रोजगारमा नेपाली कामदारलाई लगाउन सक्ने प्रमाण-पत्र, कागजातहरू मसंग छैन । झिटीगुन्टा ब्याबसायबाट सम्पूर्ण खर्च कटाई मासिक रुपमा रू.७२,०००/- आम्दानी हुने गर्दथ्यो । म झिटीगुन्टा ब्यबसाय संचालन गर्ने क्रममा १७ पटकसम्म दक्षिण कोरिया, १७ पटक हङकङ, ४ पटक बंगलादेश र ब्याङ्कक पुगेको थिएँ । मैले झिटीगुन्टा ब्याबसाय कायमै राखी २०४४ सालतिर  भारतको नागाल्यैण्ड पुगी २ बर्ष गार्मेन्ट उद्योग संचालन गरी २०४६ सालमा नेपाल फर्कदा भारतीय रूपैयाँ १३,००,०००/- साथमा ल्याएको थिएँ । झिटिगुन्टाको ब्याबसायको सिलसिलामा हङकङ्ग र ब्याङ्ककसम्म पुगेको भिसा र पाससपोर्ट मेरो साथमा छ उल्लेखित अन्य देशहरूमा पुगेको भिसा र पासपोर्ट हराएकोले हाल साथमा छैन, पेश गर्न सक्तिन । मैले झिटीगुन्टा ब्याबसाय कायमै राखि २०५१/०५२ सालतिर म टुरिष्ट भिसामा रोजगार मिल्छ की भनी जर्मन पुगी राम्रो रोजगार नपाएपछि जर्मनबाटै लन्डन पुगी लन्डनको बालम भन्ने स्थानमा रहेको डिपार्टमेन्टल स्टोरमा  ६ महिनासम्म मासिक ८०० (आठसय) पाउन्ड पारिश्रमिक पाउने गरी काम गरी उक्त पारिश्रमिक ज्यादै न्यून भएकोले नेपाल

फर्केको थिएँ । त्यसपछि नेपालको सबै कारोबार, ब्याबसाय समाप्त गरी रकम जम्मा गरी अमेरिका पुगी २ बर्षसम्म अमेरिकाको न्यूयोर्क ४२ स्ट्रीट स्थित ईटालियन डेली फुड नामक डेलिगेशन सेन्टरमा १ घन्टाको ९ US$ पारिश्रमिक पाउने गरी दैनिक १२ घन्टा र हप्ताको ६ दिन क्यासियर काम गरी US$ २४,०००/-(चौबीस हजार) लिई २०५४ सालतिर नेपाल फर्किई नेपालमा पुनः बिभिन्न ब्यापार ब्यबसायमा संलग्न भएको थिएँ । मैले अमेरिका पुगेको भिसा र पासपोर्ट हाल पेश गर्न सक्छु तर, जर्मन र बेलायत पुगेको भिसा र पासपोर्ट हराएकोले पेश गर्न सक्तिन । मैले पुख्यौंली सम्पत्तिको रुपमा प्राप्त रकम, झिटीगुन्टा ब्याबसायबाट आर्जित रकम, पासाङ डोमा गुरुङ्गसंग बैबाहिक सम्बन्ध कायम हुँदा प्राप्त रकम, भारतको नागाल्यैण्डमा गार्मेन्ट ब्यबसाय संचालनबाट आर्जित रकम, दक्षिण कोरियामा नेपाली कामदारहरूलाई रोजगार लगाईदिए बापतको रकम, बेलायत र अमेरिकाको रोजगारबाट आर्जित रकम खुल्ने कुनै कागजातहरू आफ्नो साथमा नभएकोले पेश गर्न सक्तिन ।

हाल म जडीबुटी सम्बन्धी ब्यापार ब्यबसाय र चीनको खासा बजारबाट स्याउ खरिद गरी नेपालमा बिक्री गर्ने ब्यबसायमा संलग्न छु । बिभिन्न कम्पनी, फर्महरू साझेदारीमा संचालन गर्ने तथा फाट्ट-फुट्ट रुपमा जग्गाको कारोबार समेत गर्ने आफ्नो पेशामा रहेको छु । मेरो मात्र एकल स्वामित्वमा कुनै कम्पनी तथा फर्महरू, घर-जग्गा तथा सवारी-साधनहरू रहेको छैन ।

मेरो चीनको खासा बजारबाट स्याऊ खरीद गरी नेपालमा बिक्रि गर्ने छुट्टै ब्यबसायिक संस्था छैन । मेरो अन्य बिभिन्न ब्यक्तिहरूको ब्यबसायिक फर्महरूको नाममा चीनको खासा बजारबाट स्याउ आयात गर्दा भन्सार छुटाउने, कन्टेनर गाडीमा स्याउ लोड गरी सम्बन्धित बजार काठमाण्डौंको कालिमाटीसम्म पु-याइदिने र समन्वय गरिदिने सम्मको भूमिका रहेको उक्त ब्यबसायमा म बिगत १ बर्षदेखि संलग्न रहेको छु । हाल ४०/४५ जना ब्यक्तिहरूको समूह उक्त ब्यबसायमा संलग्न रहेका छन् । उक्त ब्यबसायमा मैले कुनै लगानी गर्नु नपर्ने भएकोले मेरो कुनै आर्थिक लगानी नभएको र उक्त ब्यबसायबाट मलाई रु.१,६४,०००/- (एक लाख चौसठ्ठी हजार) आम्दानी भएको छ। उक्त आम्दानीको आर्थिक श्रोत खुल्ने कागजातहरू पेश गर्न सक्तछु ।

नवलपरासी जिल्लाको त्रिवेणी भन्ने ठाऊँमा बिभिन्न किसानहरूको जग्गा भाडामा लिई किसानहरूलाई जडिबुटीको बिरूवा उपलब्ध गराईदिई निजहरूकै श्रम र जग्गामा जडीबुटी उत्पादन गर्ने र उत्पादित जडीबुटीलाई भारतमा लगी बिक्रि गर्ने प्रयोजनार्थ ओम श्री ओम मल्टीपर्पस ईण्डष्ट्रीज प्रा.लि. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गर्दा मेरो कबुल शेयर पुँजी रू.२१,००,०००/- देखाईएता पनि उक्त कम्पनी बिगत १४ महिना अगाडी स्थापना गर्दा मेरो १२.५% ले हुन आउने रू.३,०००००/-(तीन लाख) लगानी पैतृक सम्पत्तिको रुपमा प्राप्त नगद रुपैयाँबाट रहेको छ । हालसम्म उक्त कम्पनीबाट काम शुरु गरेपनि आम्दानी भई सकेको छैन ।

नेपालबाट चिनियाँ नागरिकले खरिद गरी लाने सतुवा (जडिबुटी) बिक्रि गरे बापत बार्षिक रुपले मलाई रू. २,५०,०००/- जति आम्दानी हुने गर्दछ ।मैले उक्त आम्दानीको श्रोत खुल्ने कागजातहरू पेश गर्न सक्तिन । उक्त सतुवा बिक्रि गर्ने कुनै ब्यबसायिक संस्था स्थापना नभए पनि उक्त ब्यबसायमा म समेतका चार जना ब्यक्तिहरू साझेदार रहेका छन् ।

नुवाकोट जिल्लाको पैंतिसकिलो भन्ने ठाउँ स्थित मेरो श्रीमती पासाङ डोमा गुरुङको नामको करिब ७८ रोपनी जग्गा सिस्नेरी रोडा ढुङ्गा उद्योग प्रा.लि. ले खानी प्रयोजनका लागि प्रयोग गर्न पाउने शर्तमा भाडामा दिई मासिक रुपले रु.५८,०००/-(अन्ठाउन्न हजार) र उक्त उद्योगको २०% शेयर मलाई प्राप्त हुने भन्ने मौखिक सहमति भएपनि मलाई उक्त उद्योगको साझेदारी हालसम्म प्राप्त भएको छैन । पासाङ डोमा गुरुङले भने मासिक रुपमा रू. ५८,०००/- हालसम्म पनि प्राप्त गर्दै आएकी छिन्, । उक्त उद्योगको नाममा बैंक अफ एसिया र ईन्टरनेशनल लिजिङ फाइनान्समा खाता रहेको छ । खाता नं. हरू के कति हो मलाई थाहा छैन। उक्त उद्योगबाट मलाई कुनै आम्दानी नहुने र उक्त उद्योग खानी तथा भू-गर्भ बिभागमा के-कसरी दर्ता भएको छ भन्ने सम्बन्धमा समेत मलाई थाहा छैन ।

मेरो ईच्छामाई रोडा ढुङ्गा उद्योग प्रा.लि.मा २०% शेयरले हुन आउने १,२५,०००/- (एक लाख पच्चीस हजार) स्थापनाकालमा लगानी भएको थियो । मेरो उक्त उद्योगमा आर्थिक लगानी क्लब डाईनेष्टी प्रा.लि.को शेयर बिक्रि गरे बापत प्राप्त रकम मध्येबाट रहेको थियो। कम्पनी रजिष्ट्रारको कार्यालयमा उक्त उद्योग दर्ता गर्दा स्काइभेटर किनी संचालन गर्ने समेतको खर्च, लगानी जोडीन पुगी मैले उक्त उद्योगमा लगानी गर्नुपर्ने रकम रु.५,००,०००/- देखाईएता पनि काम संचालन गर्दै जाँदा स्काइभेटर भने किनिएन । उक्त उद्योगबाट मासिक रुपले रु.२०,०००/- (बीस हजार) आम्दानी हुने गर्दछ।

काठमाण्डौंको ठमेलमा रहेको त्रिलोक प्लाजा बिभिन्न कार्यालयहरू र पसलहरू संचालन गर्नका लागि कोठा तथा फल्याटहरू भाडामा लगाउने प्रयोजनको लागि स्थापना भएको हाल २ बर्ष भयो । हाल उक्त त्रिलोक प्लाजामा बिभिन्न पसल तथा रेष्टुरेन्टहरू संचालनमा आएका छन् । हाल अमेरिकामा बसोबास गर्दै आईरहनु भएकी मीना शाहीको भवन त्रिलोक प्लाजाका लागि भाडामा लिईएको हो । त्रिलोक प्लाजामा रहेका बिभिन्न पसल रेष्टुरेन्टहरूबाट मासिक रुपबाट भाडा उठाई घर धनीलाई बुझाए पश्चयात हुन आउने नाफाको रकमबाट मलाई रु.४०,०००/- (चालीस हजार) मासिक रुपमा प्राप्त हुने गर्दछ भनें बाँकी रकम कर्साङ गुरुङले प्राप्त गर्दछिन् । उक्त त्रिलोक प्लाजामा लगानी गर्न नपर्ने भएकोले मेरो कुनै लगानी छैन ।

बि.स. २०६०/०६१ सालतिर स्थापना भएको गोसाईंकुण्ड रोडा ढुङ्गा क्रसर उद्योग प्रा.लि.मा १५% ले हुन आउने रु.२२,००,०००/- (बाईस लाख रुपैयाँ) मैले लगानी गर्नुपर्नेमा स्थापना कालदेखि मैले रु.८,००,०००/- (आठ लाख) मात्र लगानी गर्न सकेको थिएँ । उक्त लगानीको श्रोत मेरो झिटिगुन्टा ब्यबसाय, अमेरिकाको रोजगारी र फाट्टफुट्ट जग्गाको कारोबारबाट आर्जित संचित रकम रहेको, उक्त उद्योगका साझेदारहरू कसैले आफ्नो लगानी भनिएको रकम उपलब्ध गराउन नसकेका कारण उक्त उद्योग संचालनमा आउन सकेन । मैले उक्त उद्योगको ४० mm को रोडा उत्पादन गर्ने मेशिन आफुले लिई आफ्नो भएको लगानी असुल गरेको थिएँ । अन्य साझेदारहरूले पनि उद्योगको नामको १७ कठ्ठा जमिन र ट्रान्सफरमर लगी आ-आफ्नो लगानी असूल गरेका थिए।

म समेत साझेदार रही संचालनमा आएका र हाल बन्द अबस्थामा वा मेरो साझेदारी, स्वामित्व हस्तान्तरण भई सकेका बिभिन्न ब्यबसायहरू रहेको जसमा डाईनेष्टी क्लब प्रा.लि., निरमाया रोधि क्लब एण्ड रेष्टुरेन्ट प्रा.लि.,

गण्डकी रोधि क्लब एण्ड फेशन बार प्रा.लि., साईट वाकर्स प्रा.लि., काष्ठमाण्डप एक्सप्रेस नामक साप्ताहिक पत्रिका प्रकासन, गो गो बार प्रा.लि., बिरगन्ज ट्रान्सपोर्ट र ओयसिस ईन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि. रहेका छन् ।

मैले सन १९९९ मा डाईनेष्टी क्लब प्रा.लि.मा शुरूको लगानी २०% ले हुन आउने ७,००,०००/- (सात लाख) रुपैयाँ अमेरिकाबाट कमाई गरी ल्याएको रकम मध्येबाट लगानी गरेको थिएँ । पछि उक्त क्लब ब्यबस्थापन गर्दै जाने क्रममा सोही क्लबबाट आम्दानी भएको रकम लगानी गर्दा रु.२०,००,०००/-(बीस लाख) मेरो लगानी रकम पुगेको थियो। उक्त क्लब ४ बर्षसम्म साझेदारीमा संचालन गरी मैले आफ्नो साझेदारी हाल अमेरिका बसोबास गर्ने टाईसिङ्ग दोर्जे गुरुङ्ग समेतका ब्यक्तिहरूलाई मुल्य रु.१८,००,०००/-(अठार लाख)मा बिक्रि गरेको थिएँ । उक्त क्लब संचालनबाट मासिक रुपले रु.४५,०००/- (पैंतालीस हजार) देखि रु.५०,०००/-(पचास हजार)सम्म आम्दानी हुने गर्थ्यो ।मैले आफ्नो शेयर बिक्रि गरी प्राप्त गरेको रकम रु.१८,००,०००/-(आठ्ठार लाख)को श्रोत खुल्ने कागजातहरू पेश गर्न सक्ने भएतापनि उक्त क्लबबाट मासिक रुपमा हुने आम्दानीको कुनै कागजातहरू नहुने भएकोले पेश गर्न सक्तिन ।

काठमाण्डौंको कमलादीमा संचालित निरमाया रोधि क्लब एण्ड रेष्टुरेन्ट प्रा.लि.को २०% शेयर मुल्य रू. २,२५,०००/-(दुई लाख पच्चीस हजार)मा रमेश बाबु श्रेष्ठबाट मौखिक सहमति गरी बि.स. २०५७ सालतिर प्राप्त गरेको हुँ ।उक्त रेष्टुरेन्ट २ बर्ष सम्म साझेदारिमा संचालन गरे पश्च्यात हङकङमा रोजगार पाई बसेको एकजना ब्यक्तिलाई मुल्य रू.५,५०,०००/-(पाँच लाख पचास हजार) मा आफ्नो साझेदारी बिक्रि गरेको थिएँ । उक्त रेष्टुरेन्टमा लिखित रुपमा को-को साझेदारहरू रहेका थिए थाहा छैन । उक्त रेष्टुरेन्टमा भएको लगानी क्लब डाईनेष्टी प्रा.लि.को शेयर बिक्रि पश्च्यात प्राप्त रकम मध्येबाट गरेको थिएँ । उक्त रेष्टुरेन्ट संचालनबाट मासिक रुपमा २५,०००/-(पच्चीस हजार) देखि ३०,०००/-(तीस हजार)सम्म आम्दानी हुने र त्यसरी हुने आम्दानीको कुनै कागजातहरू नहुने भएकोले कागजातहरू पेश गर्न नसकेता पनि शेयर बिक्रि पश्च्यात प्राप्त रु.५,५०,०००/-(पाँच लाख पचास हजार)को श्रोत खुल्ने कागजातहरू पेश गर्न सक्छु ।

मैले काठमाण्डौंको कमलादीमा संचालित गण्डकी रोधिक्लब एण्ड फेशन बार प्रा.लि.को १०% शेयर मुल्य रू.१,००,०००/-(एक लाख) मा एक जना नाम,थर वतन थाहा नभएका ब्यक्तिबाट बि.स. २०५७ सालतिर किनेको हुँ ।२ बर्षसम्म उक्त रोधि क्लब संचालन गरी मुनाफा नहुने देखेपछि मुस्ताङ्ग घर हुने एकजना नाम, थर, थाहा नभएको ब्यक्तिलाई आफ्नो साझेदारी मुल्य रू.९०,०००/-(नब्बे हजार) मा बिक्रि गरेको हुँ । उक्त रोधिक्लबको साझेदारी मैले खरीद तथा बिक्रि मौखिक सहमति अनुसार गरेको र कुनै लिखित कागजातहरू तयार गरीएको थिएन। उक्त रोधि क्लबमा झिटीगुन्टा ब्यबसायबाट आर्जित रकम, अमेरिकाबाट कमाई ल्याएको रकम र फाट्टफुट्ट जग्गाको कारोबारबाट आर्जित रकम मध्येबाट आफूसंग संचित रकम लगानी गरेको थिएँ। उक्त रोधिक्लब संचालनबाट मासिक रुपमा ५,०००/-(पाँच हजार) देखि ७,०००/-(सात हजार) सम्म आम्दानी हुने गर्दथ्यो । त्यसरी हुने आम्दानीको श्रोत खुल्ने कागजातहरू हाल पेश गर्न सक्तिन तर उक्त रोधिक्लबको साझेदारी रु. ९०,०००/-(नब्बे हजार) मा बिक्रि गरेको भन्ने खुल्ने कागजातहरू पेश गर्न सक्छु ।

मैले काठमाण्डौंको सुन्धारामा संचालित साईड वाकर्स प्रा.लि.को २०% शेयरका लागि सिद्दि गुरुङ्ग समेत ३ जनालाई रू.२५,००,०००/-(पच्चीस लाख) मध्ये रू.३,५०,०००/-(तीन लाख पचास हजार) बि.स. २०६१/०६२ सालतिर दिएकोमा बाँकी रकम म जेल परी तिर्न नसकेपछि सोही शेयर निजै ३ जना ब्यक्तिहरूलाई प्राप्त हुने गरी बि.स. २०६२ सालतिर फिर्ता गरी निजहरूबाट रू.४०,००,०००/-(चालिस लाख) प्राप्त गरेको थिएँ। उल्लेखित लगानी भएको रु.३,५०,०००/-(तीन लाख पचास हजार) रकम क्लब डाईनेष्टी, निरमाया रोधि क्लब र गण्डकी रोधि क्लबको शेयर बिक्रि गरी प्राप्त गरेको रकम मध्येबाट रहेको थियो । उक्त प्रा.लि.बाट कुनै आम्दानी भएन र उल्लेखित रकम रू.४०,००,०००/-(चालिस लाख) प्राप्त गरेको भन्ने खुल्ने कागजातहरू पेश गर्न सक्छु ।

बि.स.२०५७/५८ सालतिर एक/एक लाख रुपैयाँ गरी रु.२,००,०००/-(दुई लाख) लगानीमा काठमाण्डौंको कलंकीमा बस्ने प्रल्हाद खतिबडा र म समेत २ जनाको साझेदारीमा काष्ठमण्डप एक्सप्रेस नामक साप्ताहिक पत्रिकाको प्रकाशनको काम १४ महिना संचालन गरी बन्द भएको थियो । उक्त प्रकाशनमा क्लब डाइनेष्टी प्रा.लि.बाट भएको आम्दानीबाट लगानी गरेको थिएँ । उक्त प्रकाशनबाट कुनै आम्दानी भएन।

काठमाण्डौंको त्रिदेवी मार्ग स्थित गो गो बारको २०% शेयर मुल्य रू.२,००,०००/-(दुई लाख)मा मुखिया घलेबाट खरीद गरी बि.स. २०६४ सालतिर मैले प्राप्त गरेको थिएँ । उक्त लगानी अमेरिकाबाट कमाई ल्याएको रकम, झिटीगुन्टाको ब्यापारबाट आर्जित रकम र फाट्टफुट्ट जग्गाको कारोबारबाट आर्जित म संग संचित रकम मध्येबाट भएको थियो ।उक्त गो गो बारको उक्त शेयर जिल्ला ललितपुर बस्ने बिक्रम भन्ने थर थाहा नभएको ब्यक्तिलाई मासिक रू.१०,०००/- प्राप्त हुने गरी भाडामा दिएको छु । मेरो नामको उल्लेखित शेयर मूखिया घलेकै नाममा देखाईएकोले निज मेरो नामको शेयर कागजातहरूमा नदेखिएको हो । मैले उक्त गो-गो बार संचालनबाट मासिक रुपमा हुने आम्दानी रु.१५,०००(पन्ध्र हजार) देखि २०,०००/-(बीस हजार) रकमको श्रोत खुल्ने कागजातहरू पेश गर्न नसकेतापनि हाल मासिक रुपमा प्राप्त हुने उल्लेखित रकम रु.१०,०००/-(दश हजार)को श्रोत खुल्ने कागजातहरू पेश गर्न सक्छु ।

बीरगन्जको सुख्खा बन्दरगाह भित्र ट्रक ढुवानीको काम मिलाई दिए बापत बीरगन्ज ट्रान्सपोर्टका साझेदार उमेश लामाले मलाई उक्त ट्रान्सपोर्टको २०% शेयर रहेको भनी जानकारी गराएको तर, मेरो शेयर रहेनछ ।

गुल्मी र मोरङ्ग जिल्लामा सवारी साधन गुड्ने पुल ओयसिस ईन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.लाई मिलाई दिए बापत बि.स. २०६२ सालतिर मैले उक्त कम्पनीको ५०% शेयर चेयरमेन अच्यूत पाण्डेबाट प्राप्त गरेकोमा उक्त कम्पनी घाटामा गएकोले २०६९ सालको भाद्र महिनामा रू. ५,००,०००/-(पाँच लाख) निज अच्युत पाण्डेबाट प्राप्त गरी निजलाई नै उक्त शेयर फिर्ता गरेको थिएँ । उक्त प्रा.लि.बाट मैले पाउनु पर्ने रु.१३,००,०००/-(तेह्र लाख) मैले प्राप्त गर्न बाँकी नै छ ।

चीनको खासा बजारबाट स्याऊ निर्यात गरी काठमाण्डौंको बजारमा बिक्रि गर्ने प्रयोजनका लागि रु. २०,००,०००/-(बीस लाख) लगानीमा मनाङ ईन्टरनेशनल ट्रेडर्स प्रा.लि.को स्थापना भएको छ । उक्त प्रा.लि.मा

मेरो १५% शेयरका लागि रु.३,००,०००/-(तीन लाख) लगानी ओयसिस ईन्जीनियर्स एण्ड बिल्डर्स प्रा.लि.बाट प्राप्त रकम मध्येबाट रहेको छ ।

मेरो श्रीमती पासाङ डोमा गुरुङ्ग समेतको साझेदारीमा काठमाण्डौंको ठमेलमा अक्टोपस ट्रेकिङ्ग पसल संचालनमा रहेको छ र निज पासाङ डोमा गुरुङको नामको साझेदारी रहेको वेष्ट प्वाईन्ट रोडा ढुङ्गा उद्योग भने संचालनमा नआई हाल बन्द रहेको छ ।

काठमाण्डौंको रहेको अक्टोपस ट्रेकिङ पसलमा पासाङ डोमा गुरुङ्गको रु.५,००,०००/-(पाँच लाख) लगानीले ५०% शेयर रहेको छ । उक्त पसलमा २ जना साझेदारहरू रहेका छन् । उक्त पसलमा भएको लगानी पासाङ डोमा गुरुङ्गको आफ्नै लगानी हो ।

वेष्ट प्वाईन्ट रोडा ढुङ्गा उद्योग प्रा.लि.को २०% शेयर मुल्य रू.१,२५,०००/-(एक लाख पच्चीस हजार) मा पासाङ डोमा गुरुङले उक्त उद्योगका साझेदार मोहन कृष्ण श्रेष्ठबाट खरिद गरी प्राप्त गरेकी हुन् । उक्त उद्योगमा लगानीको श्रोत पासाङ डोमा गुरुङको आफ्नै रहेको, उक्त उद्योगले लगानी बिस्तार गर्ने क्रममा पासाङ डोमा गुरुङको उक्त उद्योगमा लगानी रु.२,००,०००/-(दुई लाख) सम्म पुग्यो होला ।

मैले बिगतमा जग्गा खरिद-बिक्रिको कारोबार गर्ने गरेको थिएँ । जस अन्तर्गत काठमाण्डौंको सितापाईला स्थित करीब १ रोपनी जग्गा, स्वयंभू सानो भर्याङ्ग स्थित १ रोपनी ६ आना जग्गा, सानो भर्याङदेखि माथि आर्मी ब्यारेक नजिकै करीब २ रोपनी जग्गा, ईचङ्गुनारायण स्थित २.५ रोपनी जग्गा, गोङ्गबु बसपार्क पछाडीको ६ आना जग्गा र बनस्थली रिङरोड नजिकैको ७ आना जग्गा कुनै आफ्नो कुनै मेरो श्रीमति पासाङ डोमा गुरुङ्गको नाममा खरिद गरी बिक्रि गरेको भएतापनि खरीद-बिक्रि गरेको मिति, को ब्यक्तिबाट खरिद गरी को ब्यक्तिलाई बिक्रि गरेको, खरिद तथा बिक्रि मुल्य, मुनाफा रकम आदि सम्बन्धी बिबरण मैले बिर्सन गएकोले बताउन सक्तिन ।उल्लेखित जग्गाको कारोबारसंग सम्बन्धित कागजातहरू कुनै साथमा नभएकोले पेश गर्न सक्तिन । उक्त जग्गाको कारोबारमा झिटीगुन्टाको ब्यबसायबाट आर्जित रकम, भारतको गार्मेन्ट ब्यबसायबाट आर्जित रकम र पैतृक सम्पत्तिको रुपमा प्राप्त रकम लगानी गरेको थिएँ ।

मेरो तथा मेरा परिवारका सदस्यहरू मध्ये मेरो श्रीमती पासाङ्ग डोमा गुरुङ्गको नाममा जिल्ला काठमाण्डौ का.म.न.पा. १६, पकनाजोलमा १ रोपनी ९ आना १ दाम जग्गा र सोही जग्गामा बनेको ३ तला ९ कोठा भएको पक्की घर त्यस्तै पासाङ्ग डोमा गुरुङ्गकै नाममा जिल्ला नुवाकोट ककनी गा.बि.स. वडा नं. २ मा करीब ७८ रोपनी जग्गा रहेको छ ।

पासाङ डोमा गुरुङको नामका जिल्ला काठमाण्डौं का.म.न.पा. १६ स्थित १ रोपनी ९ आना १ दाम जग्गा मध्ये कि.न. ११४३ को क्षे. ०-६-१-२ भएको जग्गा स्ट्याण्डर्ड चार्टर्ड बैंकबाट कर्जा प्राप्त गरी मिति २०६६/११/१२ गते थम बहादुर पुनबाट खरीद गरी प्राप्त गरेको बाँकी कि.न. ११०८, १०३३, १०३४, ११०९ र १०८३ को क्षे. १-२-३-३ भएको जग्गा मिति २०५८/१२/१२ गते मैले पासाङ डोमा गुरुङलाई अंश बापत दिएकोले निजले प्राप्त गरेकी हुन् ।

मैले र प्रेम गुरुङ्गले मिति २०५४/११/११ गते कि.नं. ११०८ को क्षे. ०-३-१.५-० भएको जग्गा मुल्य रू.३,९१,०००/-(तीन लाख एकान्नब्बे हजार)मा, मिति २०५४/१२/३१ गते १०३३ को क्षे. ०-२-१-३ भएको जग्गा मुल्य रू. ३,७२,०००/-(तीन लाख बहत्तर हजार)मा, त्यस्तै मिति २०५५/०५/०४ गते कि.नं. १०३४ को क्षे. ०-२-३-० भएको जग्गा र ११०९ को क्षे. ०-३-०.५-० भएको जग्गा मुल्य रू. ४,३३,६००/-(चार लाख तेत्तीस हजार छ सय)मा खरिद गरी प्राप्त गरेकोमा मैले प्रेम गुरुङको नामको जग्गा मिति २०५६/०१/०१ गते मुल्य रू.४,५९,५००/-(चार लाख उन्साठ्ठी हजार पाँच सय)मा म आफैले प्राप्त गरी पासाङ डोमा गुरुङलाई दिएको थिएँ । मिति २०५६/०९/०७ गते कि.नं. १०८३ को क्षे.१-२-३-३ भएको जग्गा मुल्य रू. ५,२५,०००/-(पाँच लाख पच्चीस हजार)मा मैले पासाङ डोमा गुरूङको नाममा खरिद गरिदिएको थिएँ । मेरो र पासाङ डोमा गुरुङको बिबाह हुँदा दक्षिणा बापत प्राप्त भएको रकम रु.९,००,०००/-(नौं लाख) उल्लेखित जग्गाहरू खरीद गर्दा लगाएको आर्थिक श्रोत हो ।

पासाङ डोमा गुरुङको नामको जिल्ला नुवाकोट ककनी गा.बि.स. वडा नं. २ स्थित करीब ७८ रोपनी जग्गा मिति २०६६/०७/१९ गते मुल्य रू.९,५०,०००/-(नौ लाख पचास हजार)मा पासाङ डोमा गुरुङले खरिद गरी प्राप्त गरेकी हुन् । उक्त रकम मिति २०६६/०५/२४ गते जिल्ला काठमाण्डौं सितापाइला स्थित पासाङ डोमा गुरुङको २-८-०-० क्षे. जग्गा बिक्रिबाट आएको रू.४२,००,०००/-(बयालिस लाख) मध्येको भएको थियो । उक्त सितापाईलाको जग्गा मैले डाईनेष्टी क्लबको आफ्नो साझेदारी(शेयर) बिक्रि गरी मुल्य पाँच/छ लाख जति रूपैयाँमा पासाङ डोमा गुरुङको नाममा खरीद गरि दिएको हुँ ।पासाङ डोमा गुरुङको नामको जिल्ला काठमाण्डौं का.म.न.पा. १६ स्थित घरको निर्माण कार्य बि.सं. २०५८ साल तिरबाट शुरु भएको हो । उक्त घर निर्माण हुँदा लागेको रकम रू.१८,००,०००/-(अठार लाख) मैले डाईनेष्टी क्लबको शेयर बिक्रि गरेपश्चात प्राप्त रकम मध्ये केही र अमेरिकाबाट कमाई गरेको रकम मध्येको केही रकम घर निर्माण कार्यमा खर्च भएको थियो ।

मेरो आफ्नो त्रिदेवी मार्ग ठमेल स्थित हिमालयन ब्याङ्कमा ०१९००१३३३९००१९ नं को खाता जसमा एक हजार/पन्ध्र सय रुपैयाँ जति रकम रहेको छ। मेरो श्रीमति पासाङ डोमा गुरुङको नाममा त्रिदेवी मार्ग काठमाण्डौं स्थित हिमालयन बैंकमा ०१९०१११३४७००१२ नं.को खाता, ठमेल काठमाण्डौं स्थित नेपाल ईन्भेष्टमेन्ट बैंकमा ०१६०५०९००२२२९७ नं.को खाता र नयाँ-बानेश्वर काठमाण्डौं स्थित स्ट्याण्डर्ड चार्टर्ड बैंकमा एक ऋण खाता रहेको छ । मेरो कान्छी श्रीमति दिछेन लामा गुरुङको स्ट्याण्डर्ड चार्टर्ड बैंकको हेटौंडा मकवानपुर स्थित शाखा कार्यालयमा १८१३४६११३०१ नं.को खाता रहेको छ ।

मैले आफ्नो त्रिदेवी मार्ग ठमेल स्थित हिमालयन बैंकमा ०१९००१३३३९००१९ नं को खाताबाट भएको कारोबारको सम्बन्धमा एकिन साथ केही खुलाउन सक्तिन । उक्त खातामा हाल रू.२,५६२/३० (दुई हजार पाँच सय बैसठ्ठी रुपैयाँ तीस पैसा) ब्यालेन्स रहेकोछ।

मेरो नाममा मुल्य रू.३५,०००/- (पैंतीस हजार)मा खरिद गरेको एक साईकल बाहेक अन्य कुनै सवारी साधन छैन । ओम श्री ओम मल्टी पर्पज ईण्डष्ट्रिज कम्पनि प्रा.लि.को नामका फर्ट, मित्सूबिसी र मारुती कम्पनीका

तीन गाडीहरू (नं. थाहा नभएको) प्रयोग गर्ने गरेको छु । मेरो छोरा सिद्धार्थ गुरुङको नामबाट बा४९प ४८०२ नं. को स्कूटर एक लाख पचास/साठी हजार मुल्यमा एउटा फाइनान्स संस्थाबाट किस्तामा मुल्य चुक्ता गर्ने गरी लिईएको छ ।मैले मासिक आम्दानीको श्रोतबाट जम्मा गरेको रकमबाट साईकल खरिद गरेको र मासिक आम्दानीकै श्रोतबाट उक्त फाइनान्सको ऋण तिर्ने गरेको छु ।

मेरो आफ्नो २.५(साढे दुई) तोला सुन, २१(एक्काईस) तोला चाँदी मसंग छ । कान्छी श्रीमति दिच्छेन लामा गुरुङ्गको ७ तोला १२ आना सुन र श्रीमति पासाङ्ग डोमा गुरुङ्गको नाममा ८/९ तोला सुन उनीहरुको साथमा छ । मैले २.५ तोला सुन करीब १०/१२ बर्ष अगाडी झीटीगुन्टा ब्यबसाय समेतको आर्थिक श्रोतबाट खरीद गरी प्राप्त गरेको हुँ ।दिछेन लामा गुरुङ्ग र पासाङ डोमा गुरुङले बिबाह हुँदा माईती तर्फबाट सुन प्राप्त गरेका हुन्।

मेरो र मेरो परिवार समेतको दैनिक उपभोग्य बस्तुमा रु.२०,००० (बीस हजार), बत्ती (बिद्युत)मा रु. १,२००/-(एक हजार दुई सय), नोकर-चाकरमा रु.१,२००/-(एक हजार दुई सय) र घर भाडामा रु.७,०००/-(सात हजार) समेत गरी मासिक रुपमा ३५,०००/-(पैंतीस हजार) देखि ४०,०००/-(चालीस हजार) सम्म खर्च हुने गर्दछ । टेलिफोन र यातायातको खर्च मनाङ्ग ईन्टरनेशनल ट्रेडर्स प्रा.लि.ले ब्यहोर्ने भएकोले सो को खर्च मेरो ब्यक्तिगत हुँदैन ।

मेरो प्रत्येक पटक ब्यबसाय एवं रोजगारको सिलसिलामा हङ्गकङ्ग जाँदा आउँदा रु.७०,०००।— जति खर्च भएको, कोरिया जाँदा आउँदा रु.४०,०००।— देखि ५०,०००।— खर्च भएको, बैंकक जाँदा आउँदा रु. ४०,०००।— जति खर्च भएको, जर्मन जाँदा आउँदा रु.३०,००० जति खर्च भएको, बेलायत जाँदा आउँदा रु. ४०,०००।— देखि ५०,०००।— खर्च भएको, अमेरिका जाँदा आउँदा रु.६०,०००।— खर्च भएको हो । उल्लेख भए बमोजिम बाहेक अन्य मुलुकमा जाँदा आउँदा के कति खर्च भयो याद भएन । त्यसरी खर्च भएको रकमको प्लेन टिकेट लगायतको कुनै कागजातहरु मसंग छैन । उल्लेखित खर्च भएको रकमको आर्थिक श्रोत झिटीगुन्टा ब्यबसायबाट आर्जित रकम नै हो । मैले आफ्नो निवेदनसाथ पेश गरेका पासपोर्ट र भिसामा उल्लेख भएका रकमको आर्थिक श्रोत मेरो झिटीगुन्टा ब्यबसायबाट आर्जित रकम र पैतृक सम्पत्तिको रुपमा मलाई प्राप्त नगद रुपैयाँ नै हो भन्ने समेत ब्यहोराको प्रतिबादी राजिव गुरुङ्गको बयान कागज ।

४. मेरो बि.स. २०४८ सालतिर दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गसंग बिबाह भएको, मैले २०५८ सालतिर राजिव गुरुङ्गबाट अंश प्राप्त गरी दुई छोराहरू समेतको जिम्मेवारी लिई छुट्टाभिन्न भई बस्दै आईरहेको छु । मेरो राजिव गुरुङ्गसंग कानून बमोजिम सम्बन्ध-बिच्छेद छैन । निज राजिव गुरुङ्गले २०६७ सालतिरदेखि कान्छी श्रीमतीको रूपमा दिच्छेन लामा गुरुङ्गसंग बैबाहिक सम्बन्ध कायम कायम गरी दुबै संगै बस्दै आईरहेका छन् । हाल जेठो छोरा सिद्धार्थ गुरुङ्ग १२ कक्षामा काठमाण्डौंमा अध्ययनरत तथा कान्छो छोरा सिद्धान्त गुरुङ्ग ७ कक्षामा भारतमा अध्ययनरत रहेका छन् ।

म तथा मेरो खर्च बिबरणमा कान्छो छोरा सिद्धान्त गुरुङ्गको बार्षिक स्कूल फि भारतीय रुपैयाँ १,१०,०००/-(एक लाख दश हजार), जेठो छोरा सिद्धार्थ गुरुङ्गको मासिक स्कूल फि रु.१२,०००/-(बाह्र हजार) रहेको छ । सो बाहेकको मेरो मासिक खर्च रु.२५,०००/-(पच्चीस हजार) जति रहेको छ ।

मैले आफ्नो खर्च घरभाडा स्वरुप मलाई मासिक रुपमा प्राप्त हुने रु.३०,०००/- , काठमाण्डौं सितापाईला स्थित ४० आना जग्गा बिक्रि गरी प्राप्त रकम र आफन्तहरुबाट सर-सापट गरी प्राप्त गरेको रकमबाट गर्ने गरेको छु।

मैले जिल्ला काठमाण्डौं का.म.न.पा, नयाँ बजार बस्ने फूपु नाता पर्ने सम्देन घलेबाट रु.५,००,०००/-(पाँच लाख) रुपैयाँ सापटी लिएको हाल ५ बर्ष जति भयो । निजलाई सावाँ ब्याज सहित रू.९,००,०००/-(नौ लाख) रकम तिर्न बाँकी रहेको छ र उक्त लेनदेनको घरायसी कागज समेत रहेको छ । ऐ. ढल्कु बस्ने ढोलकर लामाबाट रु. ५,००,०००/-(पाँच लाख) सापटी लिएको एक महिना जति भएको र उक्त लेनदेनको घरायसी कागज रहेको छ। हाल कोरिया रहेका मामा नाता पर्ने टासी लामासंग रु.७,००,०००/-(सात लाख) सापटी लिएको २ बर्ष जति भएको र उक्त लेनदेनको कुनै कागज छैन । आमा दोर्जे खाण्डोबाट रु.१९,००,०००/-(उन्नाईस लाख) रकम सापटी लिएको ३ बर्ष जति भयो । आमासंगको लेनदेनको कुनै कागज छैन । उक्त सम्पूर्ण रकम घर खर्चका लागि सापटी लिएकी हुँ ।मेरो छ आना सुन आफैले रकम जम्मा गरी खरिद गरी प्राप्त गरेकी हुँ र उक्त सुन खरिद गरेको कागजात मेरो साथमा रहेको छ ।जिल्ला काठमाण्डौं का.म.न.पा. १६ स्थित मेरो नामको घर भाडामा रहेको छ । उक्त घरबाट मलाई मासिक रुपमा रु.३०,०००/- प्राप्त हुने गर्दछ ।

जिल्ला काठमाण्डौं का.म.न.पा. १६ स्थित मेरो नामको घर निर्माण कार्य २०५६/०५७ सालतिरबाट थालनी भई २०५८ सालतिर सम्पन्न भएको हो । उक्त घर निर्माणका लागि रु.३०,००,०००/- रकम लगानी भएको थियो। उक्त घर निर्माणको लागि मैले राजिव गुरुङ्गलाई रु.९,००,०००/-(नौ लाख) (बिबाह हुँदा माईती तर्फबाट प्राप्त गरेको) दिएको थिएँ । उक्त घर निर्माणमा लागेको आर्थिक श्रोत मलाई थाहा छैन राजिव गुरुङ्गलाई नै थाहा हुनु पर्दछ ।

मेरो काठमाण्डौं, ठमेलमा ट्रेकिङ्ग गर्दा प्रयोग गरिने सामानहरु बिक्रि गर्ने अक्टोपस नामक पसलमा रु. ३,००,०००/-(तीन लाख) लगानीमा ५० प्रतिशत शेयर रहेको छ । उक्त रकम मैले कोरियामा हुनुभएका निजका मामा नाता पर्ने टासी लामाबाट सापटी स्वरुप प्राप्त गरी लगानी गरेकी थिएँ । उक्त पसलका अर्का साझेदार जिल्ला काठमाण्डौं गोङ्गबु बस्ने दिपक पाण्डे हुन् ।

करीव २०६६ सालतिर मेरो नामको कुल क्षेत्रफल ७७ रोपनी १३ आना १ पैसा जग्गा ५ बर्षसम्म ढुङ्गा खानीमा लगाउने प्रयोजनको लागि मासिक रुपमा मैले रु.५८,०००।- भाडा पाउने गरी भाडामा सिस्नेरी रोडा ढुङ्गा उद्योगलाई दिएकी हुँ । २०६८ सालको श्रावण महिनादेखि मैले उक्त भाडा पाएकी छैन । सो भन्दा पहिले नियमित रुपमा पाएको भाडाबाट मैले मेरो स्टयाण्डर्ड बैंकको ऋण तिरेकी हुँ ।

मेरो वेष्ट प्वाईन्ट रोडा ढुङ्गा उद्योग प्रा.लि.मा शेयर, लगानी भएको देखिएता पनि सबै कार्य राजिव गुरुङ्गले गर्ने भएकोले उक्त उद्योगमा मेरो के-कति शेयर, लगानी, को-को साझेदार, संचालनमा रहेको वा बन्द अबस्थामा रहेको भन्ने आदी सम्बन्धमा मलाई केहि थाहा छैन, राजिव गुरुङ्गलाई नै थाहा हुनुपर्दछ ।

मेरो जिल्ला काठमाण्डौं का.म.न.पा. १६, पकनाजोलमा कि.न. क्रमशः ११०८, ११०९, १०३३, १०३४, १०४३ र ११४३ को कुल क्षेत्रफल १-९-०-१ भएका जग्गा तथा सो जग्गामा भएको ३ तले घर र जिल्ला नुवाकोट ककनी गा.बि.स. वडा नं. २ मा कुल क्षेत्रफल ७७-१३-१-० भएको जग्गा अचल सम्पत्तिको रुपमा रहेको छ । हाल मेरो साथमा ६ आना सुन रहेको छ । हाल रू.२,०००/-(दुई हजार) जति रकम मौज्जात रहेको मेरो नामको हिमालयन बैंकमा ०१९०१११३४७००१२ नं. को खाता रहेको छ । रू. ५५,०००/-(पचपन्न हजार) जति रकम मौज्दात रहेको मेरो नामको नेपाल ईन्भेष्टमन्ट बैंकमा ०१६०५०९००२२२९७ नं.को खाता र रु. ४२,००,०००/-(बयालीस लाख) रूपैयाँ तिर्नुपर्ने स्ट्याण्डर्ड चार्टर्ड बैंकमा एक ऋण खाता रहेको छ ।

जिल्ला काठमाण्डौं का.म.न.पा. १६ स्थित जग्गाहरू मध्ये कि.न. ११४३ को क्षे. ०-६-१-२ भएको जग्गा मिति २०६६/११/१२ गते मैले थम बहादुर पुनबाट मुल्य रू.४५,००,०००/-(पैंतालीस लाख) मा खरिद गरी प्राप्त गरेकी हुँ । उक्त खरीद मुल्य बराबरको कर्जा मैले स्टयाण्डर्ड चार्टड बैंकबाट सोही जग्गा धितो राखी प्राप्त गरी उक्त जग्गा खरिद गरेकी र बाँकी कित्ता जग्गाहरू २०५८ सालमा राजिव गुरुङ्गसंग छुट्टाभिन्न हुँदा अंश बापत प्राप्त गरेकी थिएँ । मिति २०५६/०९/०७ गते पकनाजोल स्थित कि.नं. १०८३ को जग्गा राजिव गुरुङले मुल्य रु. ५,२५,०००/- मा खरिद गरी दिएका हुन् । बाँकी ४ कित्ता जग्गाहरू राजिव गुरुङ र निजका आफन्त प्रेम गुरुङ्गले संयुक्त रुपमा खरीद गरे पश्चात प्रेम गुरुङ्गबाट राजिव गरुङ्गले प्राप्त गरेका हुन् । मैले राजिव गुरुङसंग बिबाह गर्दा माईती पक्षबाट प्राप्त गरेको रु.९,००,०००/-(नौं लाख), निज राजिव गुरुङको रेष्टुरेन्ट लगायत ब्यबसायिक कारोबारबाट प्राप्त तत्काल राजिव गुरुङ्गसंग भएको रकम नै उल्लेखित जग्गा खरिद गर्दा तथा जिल्ला काठमाण्डौं का.म.न.पा. १६ स्थित घर निर्माण गर्न लागेको आर्थिक श्रोत भएको, बि.स. २०५६/०५७ सालतिरबाट निर्माण कार्य शुरू गरिएको उक्त घर निर्माण कार्यमा रु.३०,००,०००/- (तीस लाख)जति लगानी भएको थियो, घर निर्माण गर्दा आबश्यक परेको थप रकमको आर्थिक श्रोत निज राजिव गुरुङलाई नै थाहा हुन पर्दछ ।

जिल्ला नुवाकोट ककनी गा.बि.स. वडा नं. वडा नं. २ स्थित करीव ७८ रोपनी जग्गा मैले मिति २०६६/०७/१९ गते मुल्य रू.९,५०,०००/-(नौ लाख पचास हजार)मा मिङ्गमा दोर्जे शेर्पाबाट खरिद गरी प्राप्त गरेको राजिनामा लगायतका कागजातहरुमा देखाईतापनि उक्त जग्गा ९०,००,०००/-(नब्बे लाख) रुपैयाँमा खरीद गरी प्राप्त गरेको हुँ । जिल्ला काठमाण्डौं सितापाइला स्थित कि.नं.हरू १९३१ र १९३२ को कुल क्षे. ४०(चालीस) आना जग्गा मुल्य रु.१,३२,००,०००/-(एक करोड बत्तीस लाख) मा बिक्रि गरी प्राप्त रकमबाट उक्त नुवाकोटको करीब ७८ रोपनी जग्गा खरिद गरी प्राप्त गरेकी हुँ, बाँकी रकम घरायसी ब्यबहार र घर निर्माणमा खर्च भएर गएको हो । जिल्ला काठमाण्डौंको सितापाइला स्थित उल्लेखित ४० आना जग्गा मैले मिति २०६६/०५/२४ गते बि.एण्ड के. यूनिक मल्टीपर्पज प्रा.लि. लाई मुल्य रू.४२,००,०००/-(बयालीस लाख) मा बिक्रि गरेको राजिनामा लगायतका

कागजातहरुमा देखाईएता पनि बास्तविक मुल्य १,३२,००,०००/- नै हो । उल्लेखित सितापाईलाको जग्गा २०५९ सालतिर एकजना ब्यक्तिबाट मुल्य रु. ५,००,०००/-(पाँच लाख) मा खरिद गरी प्राप्त गरेको थिएँ ।

मेरो र राजिव गुरुङ दुबैको सल्लाहले करीब १५/१६ बर्ष अगाडि राजिव गुरुङ्गले काठमाण्डौं जिल्लाको सितापाइला, सानो भ-याङ, गोङ्गबु र बनस्थली समेत ४ ठाऊँको जग्गा खरीद गरी बिक्रि गरेको, उल्लेखित जग्गा खरीद बिक्रि मुल्य, खरिद बिक्रिको मिति, प्राप्त मुनाफा, को-कसबाट खरीद गरी को कसलाई बिक्रि गरेको भन्ने सम्बन्धमा मलाई केहि थाहा छैन ।

मेरो हिमालयन बैंक लिमिटेडमा भएको खाता नं. ००१०१११३४७००१२ को खाताबाट भएको कारोबारको सम्बन्धमा ९ जनवरी २००९ मा अमेरिका जानका लागि भिसा एप्लाई गर्दा बैंकमा धेरै रकम जम्मा भएको र धेरै मात्रामा आर्थिक कारोबार भएको देखाउनु पर्ने भएकोले बैंकमा कारोबार बनाई राख्ने र पछि अमेरिका जाने प्रयोजनका लागि तत्काल काठमाण्डौं ठमेल स्थित गो-गो बारका संचालक देवर नाता पर्ने मुखिया घले र राजिव गुरुङ्गसंग कुराकानी गरी सोही बारका मैनेजर राम लामा भन्ने ब्यक्तिले सन २००६ देखि सन २००८ सम्म पटक-पटक गरी खातामा रकम राखिदिएका हुन् । पछि गो-गो बारमा नै फिर्ता जाने गरी उक्त रकम निकालिएको हो । उक्त समयावधिको बैंक स्टेटमेन्टमा उल्लेख भएको प्रत्येक मिति र दिनको कारोबारको सम्बन्धमा एकिन गरी खुलाउन भनें सक्तिन । सोही बैंक स्टेटमेन्टको सन ४ अप्रिल २००८ देखि सन १२ मार्च २०१२ सम्ममा भएको कारोबारको सम्बन्धमा ९ सेप्टेम्बर २००९ मा जम्मा भएको रु.१९,००,०००/-(उन्नाईस लाख) रुपैयाँ मेरो आमा दोर्जे खाण्डो गुरुङ्गले नारायणघाटको शारदानगर स्थित करीब ८ कठ्ठा जग्गा बिक्रि गरी मेरो बैंक खातामा राखिदिएकी हुन् । पटक-पटक गरी सोही रकम निकाल्दा के-कुन प्रयोजनको लागि निकालिएको हो याद नभएकोले एकिन गरी भन्न सक्तिन ।

मेरो नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेडको खाता नं. ०१६०५०९००२२२९७ को खाताबाट भएको कारोबारको सम्बन्धमा सन ९ सेप्टेम्वर २००९मा जम्मा भएको रु.६६,००,०००/- र १३ सेप्टेम्वर २००९ मा जम्मा भएको रु.६६,००,०००/- गरी कुल रु.१,३२,००,०००/- रकम जिल्ला काठमाण्डौं सितापाईला स्थित कि.नं. १९३१ र कि.नं. १९३२ को कुल क्षेत्रफल ४० आना जग्गा वि.एण्ड के. यूनिक मल्टीपर्पससलाई बिक्रि गरे बापत प्राप्त रकम हो । उक्त जग्गा खरिद गर्दा मेरो र मेरी आमा दोर्जे खाण्डो गुरुङ्गको संयक्त लगानी रु.५,००,०००/-(पाँच लाख) भएकोले सन १५ सेप्टेम्बर २००९ मा खाताबाट निकालिएको रु.६६,००,०००/- रकम मैले आधि हिस्सा आफ्नो आमालाई दिएकी हुँ । सन २ नोभेम्वर २००९ मा निकालिएको रु.४०,००,०००/-(चालीस लाख) रकम जिल्ला नुवाकोट ककनी गा.बि.स. वडा नं. २ स्थित करीव ७८ रोपनी जग्गा खरीद गर्दा बैना स्वरुप दिनलाई हो । उल्लेखित करीव ७८ रोपनी जग्गा मुल्य रु.९०,००,०००/- (नब्बे लाख) मा खरिद गरी प्राप्त गरेकी हुँ । सन ९ नोभेम्बर २००९ मा ग्याम्जो गुरुङ्गको नाममा भुक्तानी भएको रु.३,००,०००/-(तीन लाख) निजबाट सापटी लिएको रकम निजलाई नै फिर्ता गर्नलाई हो । १६ नोभेम्बर २००९ मा निकालिएको रु.१,००,०००/- हाल बेलायत रहेका आङ्ग गेलुलाई सापटी लिएको रकम फिर्ता गर्नुपर्ने भएकोले हो । सन ११ डिसेम्वर २०१२ मा थम बहादुर

पुनको नाममा भुक्तानी देखिएको रु.२६,००,०००/-(छब्बीस लाख) रकम जिल्ला काठमाण्डौं का.म.न.पा.१६ पकनाज्वल स्थित कि.नं. ११४३ को क्षेत्रफल छ आना एक पैसा दुई दाम जग्गा खरिद गर्दा बैना स्वरुप निजलाई दिनलाई हो । सन ३ डिसेम्बर २०१२ मा खातामा जम्मा भएको रु.१५,००,०००/-(पन्ध्र लाख) अंकल नाता पर्ने क्षेत्रपाटी, धोवीचौर बस्ने हाल स्वर्गीय पासाङ्ग शेर्पाबाट सापटी स्वरुप प्राप्त गरेको रकम हो । उल्लेख भए बमोजिम बाहेक अन्य कारोबारका सम्बन्धमा यकिन गरी भन्न सक्तिन भन्ने समेत ब्यहोराको पासाङ्ग डोमा गुरुङ्गको वयान कागज ।

५. मेरो श्रीमानको नाम राजिव गुरुङ्ग हो । जिल्ला काठमाण्डौं का.म.न.पा. १६ बत्तीपोखरीमा श्रीमान राजिव गुरुङ्गसंगै डेरा गरी बस्ने गर्छु । मिति २०६७/०६/०२ गते मेरो राजिव गुरुङ्गसंग बिबाह भएको हो । राजिव गुरुङ्ग र पासाङ्ग डोमा गुरुङ्गको बैबाहिक सम्बन्धबाट २ छोराहरू भएता पनि २०५८ सालतिरबाट निज दुबैजना छुट्टा-भिन्न भई बसेका हुन् ।

मेरो र राजिव गुरुङ्गको नाममा कुनै अचल सम्पत्ति छैन । मेरो साथमा रहेको ७ तोला १२ आना सुन बिबाह हुँदा मैले आफ्नो माईती तर्फबाट प्राप्त गरेको हुँ ।मेरो अं. रकम रु.१,१५,०००/-(एक लाख पन्ध्र हजार) स्टयाण्डर्ड चार्टर्ड बैंकको खातामा रहेको छ ।हाल घर खर्च चलाउनका लागि रु. पन्ध्र हजारदेखि बीस हजार साथमा राखेको छु । राजिव गुरुङ्गसंग के-कति अचल सम्पत्ति छ यकिन नभएता पनि निजको साथमा सुनको औंठी २ वटा, सुनको ब्रासलेट १ वटा, घाँटीमा लगाउने सुनको सिक्री १ वटा, चाँदीको ब्रासलेट १ वटा रहेको छ ।

मेरो तथा मेरो परीवारको मासिक खर्चमा घरभाडामा रु.७,०००/-(सात हजार), बिद्युत तथा पानीमा रु. १,२००/-(एक हजार दुई सय), नोकर चाकरमा १,५००/-(एक हजार पाँच सय), खाना तथा दैनिक उपभोग्य वस्तुमा रु.२०,०००/-(बीस हजार), टेलिफोनमा रु.५००/-(पाँच सय), यातायातमा रु.१,०००/-(एक हजार) लगायत रु.३०,०००/-(तीस हजार) देखि रु.३५,०००/-(पैंतीस हजार) सम्म रहेको छ । उल्लेखित सम्पूर्ण खर्चको आर्थिक श्रोत राजिव गुरुङ्गको आर्थिक श्रोत रहेको छ । मेरो आफ्नो मासिक रुपमा हुने आय मेरो मासिक तलव स्टयाण्डर्ड चार्टर्ड बैंकमा रहेको मेरो खाता (नं. ००१८१३४६११३०१) मा जम्मा गर्ने गरेको छु भन्ने समेत ब्यहोराको राजिव गुरुङको कान्छी श्रीमती दिछेन डोल्मा लामाले गरेको बयान कागज ।

६. राजिव गुरुङ्गसंग मेरो २०६४ सालतिर चिनजान भएको हो । २०६४ सालतिर निज दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्ग जेलमा हुँदा मैले निजको घरदेखि जेलमा खाना, रकम, कपडा आदी पु-याउने काम गर्न थालें । सोहि समयतिरबाट राजिव गुरुङ्गबाट मासिक रुपमा रु.७,०००/-(सात हजार) रकम पाउने गरी निजले अह्राएको काम गर्न थालें । उल्लेखित काम मैले २०६८ सालतिरसम्म गरें । त्यसैले राजिव गुरुङ्गले मलाई ब्यक्तिगत मैनेजर भनेका होलान् । निज राजिव गुरुङ्गले अह्राए बमोजिम मैले हिमालयन बैंक, काठमाण्डौं ठमेलमा रहेको निजको खातामा निजको रकम राख्ने, झिक्ने काम पटक-पटक गरेको थिएँ । निजको उक्त खाताबाट मेरो माध्यमले यति नै रकमको कारोबार भयो भनी यकिनसाथ बताउन सक्तिन । २०६८ सालतिर मैले क्लव गो-गो रेष्टुरेन्ट प्रा.लि.मा रु.५,००,०००/-(पाँच लाख) रकम लगानी गरेको र उक्त रेष्टुरेन्ट म समेतका बिक्रम गिरी, उमेश लामा, प्रेम घले समेतका ब्यक्तिहरू

साझेदार भई संचालन गर्दै आएका छौं । राजिव गुरुङ्गको पनि उक्त रेष्टुरेन्टमा शेयर लगानी भएको भन्ने सुनेको छु। तर, निजको के- कति शेयर लगानी कुन आर्थिक श्रोतबाट रहेको छ भन्ने सम्बन्धमा मलाई थाहा छैन भन्ने समेत ब्यहोराको कमल भण्डारीले गरिदिएको घटना बिबरण कागज ।

७. नवलपरासी जिल्लामा जडीबुटी उत्पादन गरी बिक्रि गर्ने प्रयोजनको लागि स्थापना भई संचालनमा रहेको ओम श्री ओम मल्टी पर्पस प्रा.लि.मा दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गको माध्यमबाट चिनजान र लगानीको बाताबरण बनी मैले हालसम्म १८ लाख देखि २३ लाखसम्म लगानी गरेको छु । निज दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गको उक्त प्रा.लि.मा के कति शेयर लगानी के  कुन आर्थिक स्रोतबाट रहेको छ भन्ने सम्बन्धमा मलाई थाहा छैन ।  काठमाण्डौं ठमेल स्थित त्रिलोक प्लाजा निज राजिव गुरुङ्ग र मैले करीव २ बर्षदेखि संचालन गर्दै आएका छौं । त्रिलोक प्लाजामा मैले २ रेष्टुरेन्टहरू समेत संचालन गरेको छु । त्रिलोक प्लाजा रहेको भवनको भाडा मासिक रुपमा रु.१,५०,०००/- (एक लाख पचास हजार) घर धनीलाई बुझाए पश्च्यात हामीहरूलाई मुनाफा तीस देखि पचास हजारसम्म प्राप्त हुने गर्छ। उक्त त्रिलोक प्लाजा संचालन र मैले उक्त दुई रेष्टुरेन्टहरू संचालन गरे बापत मासिक रुपमा रु.४०,०००/- (चालीस हजार) राजिव गुरुङ्गले प्राप्त गर्ने गर्दछन् । उक्त त्रिलोक प्लाजा ब्यबस्थापन गर्दा राजिव गुरुङ्गको केही रकम लगानी भएको हुनुपर्छ तर, निजको के कति रकम के कुन आर्थिक स्रोतबाट लगानी भएको थियो भन्ने सम्बन्धमा मलाई थाहा छैन ।त्रलोक प्लाजा रहेको भवनका धनी मीना शाही र निजका श्रीमान अभय शाही हुन् । निजहरू हाल अमेरिकामा रहेका छन् भन्ने समेत ब्यहोराको कर्साङ्ग गुरुङ्गले गरिदिएको कागज ।

८. काठमाण्डौं, सुन्धारामा मेरो नाममा भएको साईड वाकर्स प्रा.लि. संचालन गर्ने क्रममा दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गसंग चिनजान भई २०६१ सालतिर निज राजिव गुरुङ्गले २५००० थान शेयर ( एक शेयरको रु.१०० मुल्य पर्ने) सम्पुर्ण मुल्य नतिरी तत्काल निकै कम रकम तिरी प्राप्त गरेका हुन् । निज राजिव गुरुङ्गबाट उल्लेखित २५००० थान शेयर सोही कम्पनीका साझेदार संचालक रघुराज वन्तले बास्तविक मुल्य भन्दा बढी मुल्य रु.४०,००,०००/-(चालीस लाख) जतिमा प्राप्त गरेका हुन् भन्ने समेत ब्यहोराको संजिव तुलाधरले गरिदिएको घटना बिबरण कागज ।

९. काठमाण्डौं, त्रिदेवी मार्ग गो गो बार प्रा.लि.मा  मैले मासिक रुपमा तलव पउने गरी ५/७ महिना काम गरेपछि २०६७ सालको फाल्गुन महिनातिरबाट दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गको उक्त बारमा रहेको २०% शेयर मैले उपभोग गर्नेगरी निजलाई मासिक रुपमा रु.१०,०००/-(दश हजार) दिंदै आई उल्लेखित बारको सम्पूर्ण ब्यबस्थापन समेत गर्दै आएको छु । उक्त बारमा म संलग्न हुनु अगाडी उक्त बार जिल्ला मनाङ्ग भाक्रा गा.बि.स. वडा नं. २ घर भई हाल बिदेशमा रहेका भन्ने मुखिया घलेको नाममा थियो भने हाल उक्त बार कमल भण्डारीको नाममा रहेको छ । उक्त गो गो बार प्रा.लि. मा राजिव गुरुङ्ग र मेरो समेतको लगानी तथा कारोबार मौखिक रुपमा भएको छ, लिखित छैन । उक्त बारमा राजिव गुरुङ्गको लगानी के कुन आर्थिक स्रोतबाट भएको थियो भन्ने सम्बन्धमा मालाई थाहा छैन भण्ने समेत ब्यहोराको बिक्रम गिरीले गरिदिएको घटना बिबरण कागज ।

१०. मैले संचालन गर्ने गरेको क्लव डाईनेष्टी प्रा.लि.मा मुल्य रु.४,००,०००/-(चार लाख) मा २०% शेयर राजिव गुरुङ्गलाई दिएको थिएँ । निज राजिव गुरुङ्ग समेतले उक्त क्लव ४/५ बर्ष चलाई बिक्रि गरेका हुन् । मेरो काकाको

छोरा अर्थात मेरो भाई नाता पर्ने दिलिप राज श्रेष्ठले संचालन गरने गरेको निरमाया रोधि क्लब एण्ड रेष्टुरेन्ट प्रा.लि.को २०% प्रतिशत शेयर मुल्य रु.२,००,०००/- (दुई लाख) राजिव गुरुङ्गले मसंग कुराकानी गरी निज दिलिप राज श्रेष्ठबाट २०६०/०६१ सालतिर खरिद गरी प्राप्त गरेका थिए । छिरिङ्ग शेर्पाले संचालन गरेको गण्डकी रोधी क्लव एण्ड फेशन बार प्रा.लि.मा ०६३/०६४ सालतिर राजिब गुरुङ्गले रु.१,००,०००/-(एक लाख) लगानी गरेका थिए। उल्लेखित रेष्टुरेन्टहरुमा राजिव गुरुङ्गको आर्थिक लगानीको श्रोत के थियो मलाई थाहा छैन भन्ने समेत ब्यहोराको रमेश बाबु श्रेष्ठले गरिदिएको घटना बिबरण कागज ।

११. मैले बिकास निर्माणको काम ठेक्कामा लिई काम संचालन गर्ने क्रममा बिभिन्न गुण्डागर्दी गर्ने ब्यक्तिहरूले बाटो घाटो बिभिन्न स्थानमा भेटी, फोन गरी रकम माग गर्ने, असुल गर्ने जस्ता कार्यले पीडित तथा दिक्क भईरहेकै अबस्थामा हाल मृतक शिव प्रसाद पाण्डेको सुझाव अनुसार गुण्डागर्दी गर्ने ब्यक्तिहरूबाट मुक्ति पाउन दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गसंग भेटघाट, कुराकानी गरी निजकै प्रस्ताव अनुसार ओयसिस ईन्जीनियर्स एण्ड बिल्डर्स प्रा.लि. को ४९% शेयर मैले राजिव गुरुङ्गलाई दिएको हुँ । उक्त कम्पनीमा राजिव गुरुङ्गले बिना लगानी शेयर प्राप्त गरेको हो । राजिव गुरुङ्ग उक्त कम्पनीमा आबद्ध भएपछि निजले गुल्मी र मोरङ्ग जिल्लामा पुल निर्माण गर्ने ठेक्काको काम मिलाएको हो।उक्त कम्पनीका साझेदार राजिव गुरुङ्ग निष्क्रिय भएको हुँदा निजको उक्त शेयर आफैले फिर्ता लिई निजलाई ५,००,०००/-(पाँच लाख) रुपैया दिएको हुँ । राजिव गुरुङ्गसंग मेरो अन्य कुनै ब्यबसायिक, आर्थिक सम्बन्ध छैन भन्ने समेत ब्यहोराको अच्यूतराज पाण्डेले गरिदिएको घटना बिबरण कागज ।

१२. शुरु कालदेखि कृष्णमोहन श्रेष्ठले संचालन गरेको ढुङ्गाखानीलाई ठूलो रुपले संचालन गर्ने उदेश्यले ५०% शेयर निज कृष्ण मोहन श्रेष्ठको रहने गरी पासाङ्ग डोमा गुरुङ्गको नामबाट निजका पति राजिव गुरुङ्गले २०% शेयरका लागि रु. १,००,०००/-(एक लाख) लगानी गरेको, मेरो समेत लगानी भएको उल्लेखित ढुङ्गाखानी वेष्ट प्वाईन्ट ढुङ्गा रोडा उद्योग प्रा.लि. नामले दर्ता गरी संचालन गर्न खोज्दा स्थानीय ब्यक्तिहरुको अबरोधले योजना अनुसार काम संचालन हुन सकेन, सिजनमा सामान्य रुपमा काम संचालन हुँदै आएको छ । ईच्छामाई रोडा ढुङ्गा उद्योग प्रा.लि. मा मेरो र राजिव गुरुङ्ग समेत ६ जना ब्यक्तिहरुको साझेदारी रहेको छ । उक्त उद्योगमा राजिव गुरुङ्गको रु. एक लाख चानचुन लगानी भएको छ । उल्लेखित दुबै उद्योगमा राजिव गुरुङ्गको लगानीको आर्थिक स्रोत के हो मलाई थाहा छैन भन्ने समेत ब्यहोराको राजु सुबेदीले गरिदिएको घटना बिबरण कागज ।

१३. राजिव गुरुङ्गसंग मेरो कुनै आर्थिक ब्यबसायिक सम्बन्ध छैन । काठमाण्डौं कमलादीमा संचालित निरमाया दोहोरी रेष्टुरेन्टमा मेरो कुनै शेयर लगानी साझेदारी रहेको छैन । उक्त रेष्टुरेन्टमा राजिव गुरुङ्गको के कसरी शेयर लगानी रहेको छ मालाई थहा छैन भन्ने ब्यहोराको गणेश लामाले गरिदिएको घटना बिबरण कागज ।

१४. २०६२ सालतिर राजिव गुरुङ्ग, म समेतका ५ जना ब्यक्तिहरूले प्रति ब्यक्ति रु.२,०८,०००/-(दुई लाख आठ हजार जति रुपैयाँ लगानीमा काठमाण्डौं त्रि-देवी मार्गस्थित गो गो बार स्थापना गरी संचालन गर्दै आएका हौं । गो गो बार संचालनमा आउँदा उक्त बारका एक साझेदार मुखिया घलेलाई बेलायत जानुपर्ने भई निजको ब्यबसायिक कारोबार बढि भएको देखाउनु पर्ने भएकोले उक्त बारको सम्पुर्ण शेयर मुखिया घलेको नाममा देखाईएको हो । राजिव गुरुङ्गले

आफ्नो शेयर बिक्रि गरेका हुन् वा भाडामा दिएका हुन् मलाई थाहा भएन भन्ने समेत ब्यहोराको प्रेम घलेले गरिदिएको घटना बिबरण कागज ।

१५. बीरगन्ज ट्रान्सपोर्टको राजिव गुरुङ्गले शेयर प्राप्त गरेका छैनन् । म समेत साझेदार रहेको सिस्नेरी रोडा ढुङ्गा उद्योग प्रा.लि.ले राजिव गुरुङ्गको श्रीमति पासाङ्ग डोमा गुरुङ्गको नुवाकोट, ककनी स्थित करीब ७८ रोपनी जग्गा खानी प्रयोजनमा ल्याउन मासिक रु.५८,०००।-(अन्ठाउन्न हजार)मा भाडामा लिएको थियो । हाल उक्त उद्योगमा मेरो साझेदारी छैन बिक्रि गरी सकेको छु । राजिव गुरुङ्गले के कति शेयर लगानी गरी उक्त उद्योगमा आबद्ध भएका हुन् मलाई थाहा छैन । २०६५ सालतिर राजिव गुरुङ्ग , म समेतका साझेदारहरूले गोसाईकुण्ड क्रसर रोडा ढुङ्गा उद्योग स्थापना गरेका थियौं । राजिव गुरुङ्गले सोही उद्योगका अर्का साझेदार यादव कोईरालासंग कुराकानी गरी लगानी गरेका थिए, निजले के कुन आर्थिक स्रोतबाट के कति रकम लगानी गरेका थिए मलाई थाहा भएन । करीब २०६२ सालतिर त्रि देवी मार्ग ठमेल स्थित गो गो बारमा म समेतका छ जना ब्यक्तिहरुले प्रति ब्यक्ति २,००,०००/-(दुई लाख) लगानी गरी संचालन गर्दै आएका छौं । जसमा राजिव गुरुङ्गको लगानी के कति, कुन आर्थिक स्रोतबाट रहेको थियो मालाई थाहा भएन भन्ने समेत ब्यहोराको उमेश लामाले गरिदिएको घटना बिबरण कागज ।

१६. मैले करीब २०५६ सालतिर काठमाण्डौं दरबारमार्ग स्थित क्लव डाईनेष्टी प्रा.लि. को राजिव गुरुङ्गसंग भएको २०% शेयर मध्ये १०% शेयर मुल्य रु.९,००,०००/- ( नौ लाख)मा राजिव गुरुङ्गबाट खरीद गरी प्राप्त गरेको थिएँ । निजसंग भएको बाँकि १०% शेयर को कसले के कति मुल्यमा खरिद गरेको थियो भन्ने सम्बन्धमा मलाई थाहा भएन। हाल उक्त डाईनेष्टी क्लव बन्द भएको ५/६ बर्ष जति भयो भन्ने ब्यहोराको टासी दोर्जे गुरुङ्ले गरिदिएको घटना बिबरण कागज ।

१७. सिस्नेरी रोडा ढुङ्गा उद्योग प्रा.लि. खानी तथा भू-गर्भ बिभागमा दर्ता गर्न कम्पनीको १०० रोपनी जग्गा आबश्यक पर्ने भएकोले पासाङ्ग डोमा गुरुङ्गको नामको जिल्ला नुवाकोट ककनी स्थित करीव ७८ रोपनी जग्गा मसिक रुपमा रु. ५८,०००/-(अन्ठाउन्न हजार)मा भाडामा लिई सो जग्गा समेत खानी प्रयोजनमा लगाई उक्त उद्योग संचालन गर्दै आएका हौं । पासाङ्ग डोमा गुरुङ्गको उल्लेखित जग्गा उक्त उद्योगलाई भाडामा उपलब्ध गराई दिए वापत २०६८ सालतिर निज राजिव गुरुङ्गलाई २०% ले हुन आउने २०,००,०००/-(बीस लाख)बराबरको साझेदारी दिईएको हो । उक्त उद्योगमा पासाङ्ग डोमा गुरुङ्गको शेयर लगानी छैन । निजले मासिक रुपमा र जग्गा भाडामा दिए वापतको रकम पाउँदै आएकोमा कम्पनी संचालन हुन नसकेको समयाबधिको भाडा पासाङ्ग डोमा गुरुङ्गले पाउने वा नपाउने भन्ने बिबादका कारण ६ महिनाको भाडा (२०६९/०४/३१ गते सम्म) पासाङ्ग डोमा गुरुङ्गले पाउन बाँकी छ । हाल उक्त उद्योगका साझेदार राजिव गुरुङ्ग, म समेतका ५ जना साझेदारहरू रहेका छन् भन्ने समेत ब्यहोराको दिल बहादुर लामाले गरिदिएको घटना बिबरण कागज ।

१८. काठमाण्डौं, ठमेलमा रहेको गामवेसी दोहोरी नाचघर प्रा.लि. स्थापना गरी म समेतका रबि गौचन, हाल अमेरिका रहेका ठाकुर शेरचन र कृष्ण तुलाचनले साझेदारीमा हालसम्म संचालन गरीरहेका छौं । उक्त ब्यबसायमा दिपक मनाङ्गे भन्ने

राजिव गुरुङ्गको कुनै शेयर लगानी छैन । उक्त ब्यबसायबाट राजिव गुरुङ्गले कुनै रकम प्राप्त गरेका छैनन् भन्ने समेत ब्यहोराको अर्जुन शेरचनले गरिदिएको घटना बिबरण कागज ।

१९. काठमाण्डौं ठमेलमा रहेको पोखरा नाचघर दोहोरी नाचघर रेष्टुरेन्ट एण्ड बार प्रा.लि २०६२ सालतिर मैले र सुवासचन्द्र खडकाले स्थापना गरी साझेदारीमा संचालन गरेका थियौं । उक्त रेष्टुरेन्ट हामीले मिति २०६९।०५।०१ गतेदेखि रुद्रजंग अधिकारी र सुर्य थापाले संचालन गर्ने गरी बिक्रि गरी सकेका छौं । उक्त रेष्टुरेन्टमा स्थापनाकाल देखि नै राजिव गुरुङ्गको कुनै शेयर, लगानी वा साझेदारी थिएन । हामीले उक्त रेष्टुरेन्ट संचालन गरुन्जेल निज राजिव गुरुङ्गले कुनै रकम प्राप्त गरेका थिएनन् भन्ने समेत ब्यहोराको अर्जुन कुमार कार्कीले गरिदिएको घटना बिबरण कागज।

२०. मैले काठमाण्डौं ठमेलमा पोखरा दोहोरी नाचघर एण्ड बार प्रा.लि. र ग्रिनलिज होटल प्रा.लि. साझेदारीमा संचालन गर्छु। उल्लेखित ब्यबसायमा निज राजिव गुरुङ्गको कुनै शेयर लगानी छैन । निज राजिव गुरुङ्गले म संचालक रहुन्जेल उल्लेखित ब्यबसायबाट कुनै रकम प्राप्त गरेका छैनन् । पोखरा दोहोरी नाचघर एण्ड बार प्रा.लि.को सम्पुर्ण शेयर मैले र रुद्रजंग अधिकारीले अर्जुन कुमार कार्की र सुवासचन्द्र खडकाबाट मिति २०६९।०५।०१ गतेदेखि संचालन गर्ने गरी खरिद गरी प्राप्त गरेका हौं भन्ने समेत ब्यहोराको सुर्य थापाले गरिदिएको घटना बिबरण कागज ।

२१. काठमाण्डौं ठमेलमा म समेत साझेदार भई गामबेसी दोहोरी नाचघर प्रा.लि. संचालन गर्न थालेको ६ बर्ष जति भयो । उक्त नाचघर प्रा.लि.मा दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गको कुनै शेयर लगानी छैन ।हामीले संचालन गरुन्जेल उक्त नाचघर प्रा.लि. बाट राजिव गुरुङ्गले कुनै रकम प्राप्त गरेका छैनन् भन्ने समेत ब्यहोराको रवि गौचनले गरिदिएको घटना बिबरण कागज ।

२२. **कसूरको बिश्लेशणः-**

**घर जग्गामा लगानी गरेको सम्बन्धमाः-**

**(क) का.म.न.पा १६ स्थित कि.नं. ११४३, १०८३, ११०८, ११०९, १०३३ र १०३४ भएका जग्गाहरूः-**

जिल्ला काठमाण्डौं का.म.न.पा १६ स्थित कि.नं. ११४३, १०८३, ११०८, ११०९, १०३३ र १०३४ का जग्गाहरू पासाङ्ग डोमा गुरुङ्गको नाममा दर्ता कायम भएका, उक्त जग्गाहरू मध्ये कि.नं. ११४३ स्टयाण्डर्ड चार्टर्ड बैंकको पत्रले मिति २०६६।११।१२ मा रोक्का राखिएको र बाँकी कित्ता जग्गाहरू समेत रोक्का राखिएको भन्ने जानकारी सहितको मालपोत कार्यालय डिल्लीबजारको च.नं. ७७७३, मिति २०६८।१२।१४ गतेको पत्र र पत्रसाथ संलग्न कागजातहरू प्राप्त भएको ।

पासाङ डोमा गुरुङको नाममा कामनपा १६ पकनाजोलमा रहेको कि.नं. ११०८ को क्षेत्रफल ०-३-१-०.५ को जग्गा र सो जग्गामा बनेको १९"१०"२१"६" को भित्र काँचो बाहिर पाको ईट्टा माटोको जोडाई, जस्ता छाना भएको तीन तले घर, सो जग्गाले चर्चेको लिगलगापात र उक्त घरमा जडान भएको धारा, बिजुली बत्ती समेतको घर, जग्गा कित्ता एक पुरा रू.३,९१,०००/-मुल्य कायम गरी प्रतिबादी दिपक गुरुङ र मनाङ जिल्ला, मनाङ

गाबिस बस्ने प्रेम गुरुङले मिति २०५४/११/११ गते जग्गाधनीहरु कृष्ण राज बज्राचार्य, लक्ष्मी कुमारी बज्राचार्य, सुरेश राज बज्राचार्य र पुर्ण राज बज्राचार्यबाट बकसपत्रबाट प्राप्त गरेको देखिन्छ।

कि.नं. १०३३ को जग्गा राजिब गुरुङ र प्रेम गुरुङको संयुक्त नाममा मिति २०५४/१२/३१ मा रु. ३,७२,०००/- मा का.जि.का.म.न.पा. १६ बस्ने बर्ष ६१ का श्याम बहादुर प्रधानको राजिनामाबाट खरिद गरेको देखिन्छ ।

त्यसैगरी कि.नं. १०३४ र ११०९ को जग्गा मिति २०५५/०५/०३ गते का.जि.का.म.न.पा. १६ बस्ने घनश्याम पाण्डेको राजिनामाबाट रु.४,३३,६००/- मुल्य कायम गरि प्र. राजीब गुरुङ र प्रेम गुरुङले संयुक्त रुपमा खरिद गरेको देखिन्छ ।

राजीब गुरुङ र प्रेम गुरुङको नाममा रहेका माथि उल्लेखित कि.नं. ११०८, १०३३, १०३४ र ११०९ को जम्मा ०-११-२-० क्षेत्रफल भएका जग्गाहरु र सो जग्गामा बनेको घर समेत मिति २०५६/०१/०८ गते प्रेम गुरुङले आफ्नो हकको आधा जग्गा श्रीमती पासाङ डोमा गुरुङलाई रु.४,५२,५००/- कर्जा लिए बापत राजिनामा गरि हस्तान्तरण गरेको देखिन्छ ।राजीब गुरुङ र श्रीमती पासाङ डोमा गुरुङको संयुक्त नाममा रहेको उपरोक्त जग्गा तथा घर मिति २०५८/१२/१२ मा जम्मा रु.४३,७९,०००/- मुल्यांकन गरी राजीब गुरुङले आफ्नो आधा स्वामित्व अंशबण्डा गरी श्रीमती पासाङ डोमा गुरुङलाइ दिएको देखिन्छ ।

पासाङ्ग डोमा गुरुङ्गले कि.नं. ११४३ र १०८३ राजिनामाको ब्यहोराबाट प्राप्त गरेको र कि.नं. ११०८, ११०९, १०३३ र १०३४ अंश बापत प्राप्त गरेको भन्ने जानकारी सहितको मालपोत कार्यालय डिल्लीबजारको च.नं. ७९९६, मिति २०६८।१२।२१ गतेको पत्रसाथ संलग्न कागजातहरुबाट राजिव गुरुङ्गको श्रीमती पासाङ्ग डोमा गुरुङ्गले जिल्ला काठमाण्डौं का.म.न.पा १६ स्थित मिति २०५६/०९/०७ मा कि.नं. १०८३ को क्षेत्रफल ०-७-०-० जग्गा जिल्ला म्याग्दी हिसाङ्ग गा.बि.स. वडा नं. ४ बस्ने बर्ष ५२ का मानवीर पाईजाबाट मुल्य रू. ५,२५,०००/-(पाँच लाख पच्चीस हजार)मा प्राप्त गरेको, मिति २०६६।०९।१२ गते कि.नं. ११४३ को क्षेत्रफल ०-६-१-२ जग्गा जिल्ला बाग्लुङ्ग थवाङ्ग गा.बि.स. वडा नं. ६ बस्ने थम बहादुर पुनबाट मुल्य रु. ४५,००,०००/- (पैंतालीस लाख)मा प्राप्त गरेको देखिन्छ ।

उल्लेखित ६ कित्ता जग्गाको कुल क्षेत्रफल १ रोपनी ८ आना ३ पैसा २ दाम भएको जग्गा र घरको मुल्याङ्कन सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंको च.नं. १७०१, मिति २०६९।०९।२३ गतेको पत्रबाट बार्षिक रुपमा घर जग्गा कर बापत गरिने मुल्याङ्कन अनुसार जग्गाको रु.२०,००,०००/- प्रति आना र घरको मुल्य का.म.पा. को घर जग्गा कर निर्धारणको मुल्यांकन अनुसार २२,७७,२८३/८४ भनि कामपा १६ वडा कार्यालयको मुचुल्का समेत प्राप्त भएको देखिन्छ ।सो अनुसार उक्त १-८-३-२ जग्गाको कुल मुल्य रु. ४,९७,५०,०००/- र घरको मुल्य रु.२२,७७,२८३/१२ गरी जम्मा रु ५,२०,२७,२८३/८४ हुन आउँछ ।

जिल्ला काठमाण्डौं का.म.न.पा. १६ स्थित जग्गाहरू मध्ये कि.न. ११४३ को क्षे. ०-६-१-२ भएको जग्गा मिति २०६६/११/१२ गते मैले थम बहादुर पुनबाट मुल्य रू.४५,००,०००/-(पैंतालीस लाख) मा

.................................

खरिद गरी प्राप्त गरेकी हुँ । उक्त खरीद मुल्य बराबरको कर्जा मैले स्ट्याण्डर्ड चार्टड बैंकबाट सोही जग्गा धितो राखि प्राप्त गरी उक्त जग्गा खरिद गरेकी र बाँकी कित्ता जग्गाहरू २०५८ सालमा राजिव गुरुङ्गसंग छुट्टाभिन्न हुँदा अंश बापत प्राप्त गरेकी थिएँ । मिति २०५६/०९/०७ गते पकनाज्वल स्थित कि.नं. १०८३ को जग्गा राजिव गुरुङ्ले मुल्य रु.५,२५,०००/- मा खरिद गरीदिएका हुन् । बाँकी ४ कित्ता जग्गाहरू राजिव गुरुङ र निजका आफन्त प्रेम गुरुङ्गले संयुक्त रुपमा खरीद गरे पश्चात प्रेम गुरुङ्गबाट राजिव गरुङ्गले प्राप्त गरेका हुन् ।मैले राजिव गुरुङसंग बिबाह गर्दा माईती पक्षबाट प्राप्त गरेको रु.९,००,०००/-(नौ लाख), निज राजिव गुरुङको रेष्टुरेन्ट लगायत ब्यबसायिक कारोबारबाट प्राप्त तत्काल राजिव गुरुङ्गसंग भएको रकम नै उल्लेखित जग्गा खरिद गर्दा तथा जिल्ला काठमाण्डौं का.म.न.पा. १६ स्थित घर निर्माण गर्न लागेको आर्थिक श्रोत भएको, बि.स. २०५६/०५७ सालतिरबाट निर्माण कार्य शुरू गरीएको उक्त घर निर्माण कार्यमा रु.३०,००,०००/- (तीस लाख)जति लगानी भएको थियो, घर निर्माण गर्दा आबश्यक परेको थप रकमको आर्थिक श्रोत निज राजिव गुरुङ्लाई नै थाहा हुनपर्दछ भन्ने पासाङ डोमा गुरुङले बयान गरेको देखिन्छ ।

मैले पुर्ख्यौली सम्पत्तिको रुपमा प्राप्त रकम, झिटीगुन्टा ब्यबसायबाट आर्जित रकम, पासाङ् डोमा गुरुङ्गसंग बैबाहिक सम्बन्ध कायम हुँदा प्राप्त रकम, भारतको नागाल्याण्डमा गार्मेन्ट ब्यबसाय संचालनबाट आर्जित रकम, दक्षिण कोरियामा नेपाली कामदारहरूलाई रोजगार लगाईदिए बापतको रकम, बेलायत र अमेरिकाको रोजगारबाट आर्जित रकम खुल्ने कुनै कागजातहरू आफ्नो साथमा नभएकोले पेश गर्न सक्तिन भनि प्र. राजिब गुरुङले बयान गरेको देखिन्छ।

**(ख) काठमाण्डौं सितापाईला ९'क' स्थित कि.नं. १९३१ र १९३२ को कुल क्षेत्रफल २-८-० जग्गाः-**

जिल्ला काठमाण्डौं सितापाईला ९'क' स्थित कि.नं. १९३१ र १९३२ को कुल क्षेत्रफल २-८-० जग्गा राजिव गुरुङ्गको श्रीमती पासाङ्ग डोमा गुरुङ्गले मिति २०६६।०५।२४ गते मुल्य रू. ४२,००,०००/-(बयालीस लाख)मा बि.एण्ड के. यूनिक मल्टीपर्पस प्रा.लि. का.जि.का.म.न.पा. २९, प्रा.लि. नं. ६४७४८/०६६/०६७ लाई बिक्रि गरेको देखिने, मिति २०६३।०१।०८ गते मालपोत कार्यालय कलंकीमा भएको आगलागीका कारण मिति २०६०।०६।२६ र २०५९।०८।२० को लिखत हालसम्म पनि फेला पर्न नसकेको भन्ने जानकारी सहितको मालपोत कार्यालय कलंकीको च.नं. ७७३९, ७७४०, मिति २०६८।११।२८ गतेका पत्रहरु र पत्रसाथ संलग्न कागजातहरु प्राप्त भई सोही कार्यालयको च.नं. ८४७१, मिति २०६८।१२।१३ गतेको पत्रबाट उल्लेखित सम्पत्ति रोक्का राखिएको जानकारी प्राप्त भएको छ ।

जिल्ला काठमाण्डौंको सितापाइला स्थित उल्लेखित ४० आना जग्गा मैले मिति २०६६/०५/२४ गते बि.एण्ड के. यूनिक मल्टीपर्पज प्रा.लि. लाई मुल्य रू. ४२,००,०००/-(बयालीस लाख)मा बिक्रि गरेको राजिनामा लगायतका कागजातहरुमा देखाईएता पनि बास्तविक मुल्य १,३२,००,०००/- नै हो। उल्लेखित सितापाईलाको जग्गा २०५९ सालतिर एकजना ब्यक्तिबाट मुल्य रु.५,००,०००/-(पाँच लाख) मा खरिद गरी प्राप्त गरेको थिएँ

भनि प्रतिबादी पासाङ डोमा गुरुङले बयान गरेको देखिन्छ। त्यसै गरी निजको बैंक कारोबारको सम्बन्धमा निजले उक्त जग्गा खरिद गर्दा मेरो र मेरी आमा दोर्जे खाण्डो गुरुङ्गको संयुक्त लगानी रु.५,००,०००/-(पाँच लाख) भएकोले सन १५ सेप्टेम्बर २००९ मा खाताबाट निकालिएको रु.६६,००,०००/- रकम मैले आधी हिस्सा आफ्नो आमालाई दिएकी हुँ भनी बयान दिएको देखिन्छ ।

सो जग्गा खरिद सम्बन्धमा प्रतिबादी राजीब गुरुङले अन्दाजी ०५९ साल तिर ५/६ लाखमा डाइनेष्टी क्लब बिक्री गरे बापत प्राप्त रकम मध्येबाट श्रीमती पासाङ डोमा गुरुङको नाममा खरिद गरीदिएको हुँ भनी बयान गरेका देखिन्छ ।

प्रतिबादी पासाङ डोमा गुरुङको नामको नेपाल इन्भेष्टमेन्ट बैंकको खाता न. ०१६०५०९००२२२९७ को बैंक स्टेटमेन्ट हेर्दा मिति ०९/०९/२००९ मा B and Unique बाट ६६,००,०००/- र १३/०९/२००९ मा SBI बैंकको चेकबाट ६६,००,०००/- बैंकमा जम्मा भएको देखिन्छ । त्यसैगरी मिति ०९/०९/२००९ मा निजको हिमालयन बैंकको खाता नं ०१९०११13४७००१२ मा समेत १९,००,०००/- जम्मा भएको देखिन्छ ।

२०५८/१२/१२ मा राजीब गुरुङले आफ्नो आधा स्वमित्व रहेको कामपा १६, पकनाजोल स्थित ०-११-२-० जग्गा अंशबण्डा बापत श्रीमती पासाङ डोमा गुरुङलाइ दिएको र २०५९ सालमा पुनः सितापाइला स्थित उक्त जग्गा खरिद गरिदिएको देखिन्छ ।

**(ग)जिल्ला नुवाकोट ककनी गा.बि.स. वडा नं. २ स्थित कुल क्षेत्रफल ७७-१३-१-० भएको जग्गाः-**

जिल्ला नुवाकोट ककनी गा.बि.स. वडा नं. २ स्थित कित्ता नं. ३८८, १८९, १९४, १८५, ३८७, १८४, १९२, १८८, १९१, १८१, १८३, १८६, १८७, १९६ ४६५, ४६६ र १९५ को कुल क्षेत्रफल ७७-१३-१-० भएको जग्गा पासाङ्ग डोमा गुरुङ्गको नाममा देखिएको र उल्लेखित जग्गा रोक्का समेत राखिएको भन्ने मालपोत कार्यालय नुवाकोटको च.नं. १९९६, मिति २०६८।११।१५ र च.नं. १४५५, मिति ०६८।१२।२४ गतेको पत्रबाट जानकारी प्राप्त भएको ।

साथै पासाङ्ग डोमा गुरुङ्गको नाममा रहेका उल्लेखित जग्गाहरू राजिनामा पारीत भई आएको भन्ने समेत ब्यहोराको मालपोत कार्यालय नुवाकोटको च.नं. २३११, मिति २०६८।१२।१२ गतेको पत्रसाथ संलग्न कागजातहरूबाट राजिव गुरुङ्गको श्रीमती पासाङ्ग डोमा गुरुङ्गले मिति २०६६।०७।१९ गते का.जि.का.म.न.पा. २ बस्ने बर्ष ५२ का मिङमा दोर्जे शेर्पाबाट मुल्य रु.९,५०,०००/-(नौ लाख पचास हजार) मा उक्त सम्पत्ति प्राप्त गरेको देखिन आउँछ ।

उल्लेखित जग्गाहरू मध्ये कि.नं. १८१ को क्षेत्रफल ५-६-३-१ जग्गा राजमार्गमा पर्ने , उक्त कित्ता जग्गामा २०* ८ बर्ग फुटको एक टहरा रहेको र अन्य कित्ताहरू राजमार्गमा नपर्ने र राजमार्गमा भएको जग्गा प्रति रोपनी १,५०,०००/-, सडक नपर्ने पाखो जग्गा प्रति रोपनी ३७,०००/- उल्लेखित टहराको मुल्य ५०,०००/- रहेको भन्ने

समेत ब्यहोराको मुल्याङ्कन बिबरण ककनी गा.बि.स.को कार्यालय नुवाकोटको च.नं. ३७, मिति २०६९।०४।२८ गतेको पत्रबाट प्राप्त भएको ।

जिल्ला नुवाकोट ककनी गा.बि.स. वडा नं. वडा नं. २ स्थित करीव ७८ रोपनी जग्गा मैले मिति २०६६/०७/१९ गते मुल्य रू.९,५०,०००/-(नौ लाख पचास हजार)मा मिङ्गमा दोर्जे शेर्पाबाट खरिद गरी प्राप्त गरेको राजिनामा लगायतका कागजातहरुमा देखाईतापनि उक्त जग्गा ९०,००,०००/-(नब्बे लाख) रुपैयाँमा खरीद गरी प्राप्त गरेको हुँ । जिल्ला काठमाण्डौं सितापाइला स्थित कि.नं.हरू १९३१ र १९३२ को कुल क्षे. ४०(चालीस) आना जग्गा मुल्य रु.१,३२,००,०००/-(एक करोड बत्तीस लाख)मा बिक्रि गरी प्राप्त रकमबाट उक्त नुवाकोटको करीब ७८ रोपनी जग्गा खरिद गरी प्राप्त गरेकी हुँ भनी प्रतिबादी पासाङ डोमा गुरुङले बयान गरेको देखिन्छ ।

**(घ) जिल्ला मकवानपुर ज्यामिरे वडा नं. ६ स्थित क्षेत्रफल क्रमशः ०-५-०, ०-५-० र ०-४-० जग्गाः-**

प्रतिबादी राजिव गुरुङ्ग समेत संस्थापक शेयर होल्डर भएको दर्ता नं. ४९९०७/०६४/६५ कायम भएको गोसाईकुण्ड क्रसर रोडा ढुङ्गा उद्योगको नाममा दर्ता रहेका जिल्ला मकवानपुर ज्यामिरे वडा नं. ६ स्थित कि.नं. ६३५, ६३६, ६७२ को क्षेत्रफल क्रमशः ०-५-०, ०-५-० र ०-४-० जग्गा रोक्का राखिएको भन्ने मालपोत कार्यालय मकवानपुरको च.नं. ४८६३, मिति २०६८।१२।२३ गतेको पत्र प्राप्त भएको ।

सम्पत्ति खोजतलासको क्रममा बिभिन्न मालपोत कार्यालय तथा भूमिसुधार तथा ब्यबस्थापन बिभाग समेतलाई जानकारी दिई राजिव गुरुङ्ग र निजका परीवार समेतका ६ जना ब्यक्तिहरूका नाममा दर्ता कायम रहेका घर जग्गाहरू रोक्का र उल्लेखित घर जग्गाहरूको बिबरण माग भएकोमा उल्लेख भए बमोजिमका मालपोत कार्यालयहरू बाहेक अन्य कुनै कार्यालहरूबाट घरजग्गा रहेको भन्ने जानकारी प्राप्त हुन नआएको ।

***<u>स्वामित्व, साझेदारी हस्तान्तरण /बन्द भएका बिभिन्न कम्पनी, उद्योगहरूको सम्बन्धमाः-</u>***

**(क) गण्डकी रोधिक्लव एण्ड फेशन बार प्रा.लि.-**

कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौंको च.नं. १०७, मिति २०६९।०४।२८ गतेको पत्रसाथ गण्डकी रोधिक्लव एण्ड फेशन बार प्रा.लि. (प्रा.लि.नं. ३०९२९/०६१/६२) का प्रबन्ध-पत्र, नियमावली र दर्ता प्रमाण-पत्रका प्रतिलिपि कागजातहरू प्राप्त भएको र प्राप्त कागजातहरूबाट खुलेका कुराहरूः-

अधिकृत पूँजी रु.५,००,०००/-(१०० दरका ५००० थान साधारण शेयरहरुमा बिभाजन गरीएको), तत्काल जारी गरीने पूँजी रु.३,००,०००/-

**तालिका १**

| सि.नं. | शेयरवाला | शेयर संख्या | भुक्तानी भएको रकम | भुक्तानी हुन बाँकी रकम | शेयर/डिवेन्चरवालाको रुपमा नाम दर्ता भएको मिति | शेयर/डिवेन्चरवालाको नाम खारेज भएको भए मिति |
|---|---|---|---|---|---|---|
| १ | छिरिङ्ग शेर्पा, कामनपा २९, ठमेल | ३००० | ३,००,०००/- | | संस्थापक | |

मैले काठमाण्डौंको कमलादीमा संचालित गण्डकी रोधिक्लब एण्ड फेशन बार प्रा.लि.को १०% शेयर मुल्य रू.१,००,०००/-(एक लाख)मा एक जना नाम,थर वतन थाहा नभएका ब्यक्तिबाट बि.स. २०५७ सालतिर किनेको हुँ ।२ बर्षसम्म उक्त रोधिक्लब संचालन गरी मुनाफा नहुने देखेपछि मुस्ताङ्ग घर हुने एकजना नाम, थर, थाहा नभएको ब्यक्तिलाई आफ्नो साझेदारी मुल्य रू.९०,०००/-(नब्बे हजार)मा बिक्रि गरेको हुँ । उक्त रोधीक्लबको साझेदारी मैले खरीद तथा बिक्रि मौखिक सहमती अनुसार गरेको र कुनै लिखित कागजातहरू तयार गरिएको थिएन । उक्त रोधिक्लबमा झिटीगुन्टा ब्यबसायबाट आर्जित रकम, अमेरिकाबाट कमाई ल्याएको रकम र फाट्टफुट्ट जग्गाको कारोबारबाट आर्जित रकम मध्येबाट आफूसंग संचित रकम लगानी गरेको थिएँ। उक्त रोधीक्लब संचालनबाट मासिक रुपमा ५,०००/-(पाचँ हजार)देखि ७,०००/-(सात हजार) सम्म आम्दानी हुने गर्दथ्यो । त्यसरी हुने आम्दानीको श्रोत खुल्ने कागजातहरू हाल पेश गर्न सक्तिन तर उक्त रोधीक्लबको साझेदारी रु.९०,०००/-(नब्बे हजार)मा बिक्रि गरेको भन्ने खुल्ने कागजातहरू पेश गर्न सक्छु भनि प्रतिबादी राजीब गुरुङले बयान गरेको देखिन्छ ।

प्रतिबादी राजिब गुरुङले २०५७ साल तिर गण्डकी रोधीक्लबमा रु.१,००,०००/- लगानी गरेको र उक्त लगानीको श्रोत झिटीगुन्टा ब्यबसायबाट आर्जित रकम, अमेरिकाबाट कमाई ल्याएको रकम र फाट्टफुट्ट जग्गाको कारोबारबाट आर्जित रकम मध्येबाट आफूसंग संचित रकम लगानी गरेको भनेता पनि उक्त कम्पनी २०६१ सालमा दर्ता भएको र निजको नाममा कुनै शेयर भएको कम्पनीको अभिलेखबाट देखिंदैन ।

**(ख) निरमाया रोधीक्लव एण्ड रेष्टुरेन्ट प्रा.लि.-**

कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौंको च.नं. १६४, मिति २०६९।०४।२८ गतेको पत्रसाथ निरमाया रोधीक्लव एण्ड रेष्टुरेन्ट प्रा.लि.(प्रा.लि.नं. ३१९४२/२०६१/६२, रजिष्टर्ड कार्यालय कामनपा ३१, कमलादी) का प्रबन्ध-पत्र, नियमावली र दर्ता प्रमाण-पत्रका प्रतिलिपि कागजातहरू प्राप्त भएको र प्राप्त कागजातहरूबाट खुलेका कुराहरूः-

अधिकृत पूँजी रु.५०,००,०००/-(१०० दरका ५०००० थान साधारण शेयरहरुमा बिभाजन गरीएको), जारी पूँजी रु. ५०,००,०००/-, तत्काल जारी गरीने पूँजी रु.२५,००,०००/-

**तालिका २**

| सि.नं. | शेयरवाला | शेयर संख्या | भुक्तानी भएको रकम | भुक्तानी हुन बाँकी रकम | शेयर/डिवेन्चरवालाको रुपमा नाम दर्ता भएको मिति |
|---|---|---|---|---|---|
| १ | दिलिपराज शर्मा | २५००० | २५,००,०००/- | | संस्थापक |

काठमाण्डौंको कमलादीमा संचालित निरमाया रोधीक्लब एण्ड रेष्टुरेन्ट प्रा.लि.को २०% शेयर मुल्य रू.२,२५,०००/-(दुई लाख पच्चीस हजार)मा रमेश बाबु श्रेष्ठबाट निजसंग मौखिक सहमती गरी बि.स. २०५७ सालतिर प्राप्त गरेको हुँ ।उक्त रेष्टुरेन्ट २ बर्ष सम्म साझेदारिमा संचालन गरे पश्चयात हङकङमा रोजगार पाई बसेको एकजना ब्यक्तिलाई मुल्य रू.५,५०,०००/-(पाँच लाख पचास हजार) मा आफ्नो साझेदारी बिक्रि गरेको थिएँ । उक्त रेष्टुरेन्टमा लिखित रुपमा को-को साझेदारहरू रहेका थिए थाहा छैन । उक्त रेष्टुरेन्टमा भएको लगानी क्लब डाईनेष्टी प्रा.लि.को शेयर बिक्रि पश्चयात प्राप्त रकम मध्येबाट गरेको थिएँ। उक्त रेष्टुरेन्ट संचालनबाट मासिक रुपमा २५,०००/-(पच्चीस हजार) देखि ३०,०००/-(तीस हजार)सम्म आम्दानी हुने र त्यसरी हुने आम्दानीको कुनै कागजातहरू नहुने भएकोले कागजातहरू पेश गर्न नसकेता पनि शेयर बिक्रि पश्चयात प्राप्त रु.५,५०,०००/-(पाचँ लाख पचास हजार)को श्रोत खुल्ने कागजातहरू पेश गर्न सक्छु भनि प्रतिबादी राजीब गुरुङले बयान गरेको देखिन्छ ।

प्रतिबादी राजिब गुरुङले २०५७ साल तिर निरमाया रोधीक्लब एण्ड रेष्टुरेन्टमा मौखिक सहमती अनुसार रु.२,२५,०००/- लगानी गरेको र उक्त लगानीको श्रोत क्लब डाईनेष्टी प्रा.लि.को शेयर बिक्रि पश्चयात प्राप्त रकम मध्येबाट लगानी गरेको भनेता पनि उक्त कम्पनी २०६१ सालमा दर्ता भएको र क्लब डाइनेष्टीमा लगानी गरेको रकम नै अबैध देखिन आयो ।

**(ग) साईडवाकर्स ट्रेडर्स प्रा.लि.-**

कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौंको च.नं. १०४, मिति २०६९।०४।२२ र साईडवाकर्स ट्रेडर्स प्रा.लि., सुन्धारा, काठमाण्डौंको च.नं. ०४५, मिति २०६९।०५।०३ गतेको पत्रसाथ साईडवाकर्स ट्रेडर्स प्रा.लि. (प्रा.लि.नं. ८५६५) प्रबन्ध-पत्र, नियमावली र दर्ता प्रमाण-पत्रका प्रतिलिपि कागजातहरू प्राप्त भएको र प्राप्त कागजातहरूबाट खुलेका कुराहरूः-

कम्पनीको अधिकृत पूँजी रु.१,२०,००,०००/-, कम्पनीको जारी पूँजी रु. १,००,००,०००/- (१०००००० थान शेयर प्रति शेयर मुल्य रु.१००/- तत्काल जारी गरीने)

**तालिका ३**

| सि.नं. | शेयरवाला | शेयर संख्या | भुक्तानी भएको रकम | भुक्तानी हुन बाँकी रकम | शेयर/डिवेन्चरवालाको रुपमा नाम दर्ता भएको मिति |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | संजिव तुलाधर, का.जि.का.म.न.पा. ३० | २५००० | २५,००,०००/- | छैन | संस्थापक |
| **२** | **राजिव गुरुङ्ग, का.जि.का.म.न.पा. २९** | **२५०००** | **२५,००,०००/-** | **छैन** | **२०६१।१०।१०** |
| ३ | सिद्ध ब. गुरुङ्ग, गोरखा, थालाजुङ्ग ९ | २५००० | २५,००,०००/- | छैन | २०६१।१०।१० |
| ४ | रघुराज वन्त, का.जि.का.म.न.पा. १६ | २५००० | २५,००,०००/- | छैन | २०६१।१०।१० |

मैले काठमाण्डौंको सुन्धारामा संचालित साईड वाकर्स प्रा.लि.को २०% शेयरका लागि सिद्दि गुरुङ्ग समेत ३ जनालाई रू.२५,००,०००/-(पच्चीस लाख) मध्ये रू.३,५०,०००/-(तीन लाख पचास हजार) बि.स. २०६१/०६२ सालतिर दिएकोमा बाँकी रकम म जेल परी तिर्न नसकेपछि सोही शेयर निजै ३ जना ब्यक्तिहरूलाई प्राप्त हुने गरी बि.स. २०६२ सालतिर फिर्ता गरी निजहरूबाट रू.४०,००,०००/-(चालीस लाख) प्राप्त गरेको थिएँ। उल्लेखित लगानी भएको रु.३,५०,०००/-(तीन लाख पचास हजार) रकम क्लब डाईनेष्टी, निरमाया रोधी क्लब र गण्डकी रोधी क्लबको शेयर बिक्रि गरी प्राप्त गरेको रकम मध्येबाट रहेको थियो । उक्त प्रा.लि.बाट कुनै आम्दानी भएन र उल्लेखित रकम रू.४०,००,०००/-(चालीस लाख) प्राप्त गरेको भन्ने खुल्ने कागजातहरू पेश गर्न सक्छु भनी प्रतिबादी राजीब गुरुङले बयान गरेको देखिन्छ ।

काठमाण्डौं, सुन्धारामा मेरो नाममा भएको साईड वाकर्स प्रा.लि. संचालन गर्ने क्रममा दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गसंग चिनजान भई २०६१ सालतिर निज राजिव गुरुङ्गले २५००० थान शेयर ( एक शेयरको रु.१०० मुल्य पर्ने) सम्पुर्ण मुल्य नतिरी तत्काल निकै कम रकम तिरी प्राप्त गरेका हुन् । निज राजिव गुरुङ्गबाट उल्लेखित २५००० थान शेयर सोही कम्पनीका साझेदार संचालक रघुराज वन्तले बास्तविक मुल्य भन्दा बढी मुल्य रु.४०,००,०००/-(चालीस लाख) जतिमा प्राप्त गरेका हुन् भनि संजिव तुलाधरले गरेको कागज।

प्रतिबादी राजिब गुरुङले २०६१/१०/५ गते संजिब तुलाधरबाट २५,०००/- कित्ता शेयर को रु. २५,००,०००/- बुझाइ प्राप्त गरेको र राजिव गुरुङ्गको नामको उल्लेखित शेयर मिति २०६१।१२।१६ को लिखतबाट रघुराज वन्तले खरिद गरेको देखिन्छ ।सो लिखतमा निज राजिब गुरुङले २५,००० कित्ता शेयरको सम्पुर्ण मुल्य चुक्ता गरेको र उक्त शेयर रु. २५,००,०००/- मा नै बिक्री गरेको देखिन्छ ।

उक्त कम्पनीको बित्तीय बिबरणबाट कम्पनी लगातार घाटामा गएको देखिन्छ । प्रतिबादी राजीब गुरुङले बयानमा उल्लेख गरे अनुरुप उक्त कम्पनीबाट कुनै आम्दानी नभएको र मिति २०६१/१०/०५ मा कम्पनीको शेयर रु.३,५०,०००/- मा खरिद गरी त्यसको लगभग २ महिना पछि मिति २०६१/१२/१६ सोही शेयरको रु. ४०,००,०००/- मा बिक्रि गरेको भन्ने बयान युक्तिसंगत

देखिंदैन । कम्पनीमा लगानी गरेको श्रोतको बारेमा निजले उक्त कम्पनीमा रु.३,५०,०००/- मात्र लगानी गरेको भनि उल्लेख गरेका छन् ।प्रतिबादी राजिब गुरुङको हिमालयन बैंकमा रहेको खातामा उक्त शेयर बिक्रि गरेको मितिमा कुनै रकम जम्मा भएको देखिदैन। यसबाट प्रतिबादी राजिब गुरुङले सम्पती शुद्धीकरण गर्ने उद्देश्यले मात्र उक्त कम्पनीको शेयर कम मुल्यमा खरिद गरी बढी मुल्यमा बिक्री गरेको कुरा स्पष्ट हुन्छ ।

**(घ) ओएसिस ईन्जीनियर्स एण्ड बिल्डर्स प्रा.लि**

कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौंको च.नं. ५४, मिति २०६९।०५।२१ गतेको पत्रसाथ ओएसिस ईन्जीनियर्स एण्ड बिल्डर्स प्रा.लि.(प्रा.लि.नं. १८७७९/०५८/५९, रजिष्ट्रर्ड कार्यालय चितवन भरतपुर - २ का प्रबन्ध-पत्र, नियमावली र दर्ता प्रमाण-पत्रका प्रतिलिपि कागजातहरू प्राप्त भएको र प्राप्त कागजातहरूबाट खुलेका कुराहरूः-

अधिकृत पूँजी रु. ५०,००,०००/- (१०० दरका ५०००० थान साधारण शेयरहरुमा बिभाजन गरीएको), जारी पूँजी रु. ४०,००,०००/-, तत्काल जारी गरीने पूँजी रु. ४०,००,०००/-

**तालिका ४**

| सि.नं. | शेयरवाला | शेयर संख्या | भुक्तानी भएको रकम | भुक्तानी हुन बाँकी रकम | शेयर/डिवेन्चरवालाको रुपमा नाम दर्ता भएको मिति |
|---|---|---|---|---|---|
| **१** | **राजिव गुरुङ्ग** | **१९,६००** | **१९,६०,०००/-** | **छैन** | **२०६५।०२।२३** |
| १ | अच्यूतराज पाण्डे, चितवन, भनपा २ | २०४०० | २०,४०,०००/- | छैन | संस्थापक |

मिति २०६९।०२।१२ गतेको राजिनामा  लिखतबाट राजिव गुरुङ्गले आफ्नो हकको उल्लेखित शेयर प्रति शेयर रु.१००/- का दरले जम्मा रु.१९,६०,०००/- अच्यूतराज पाण्डेबाट प्राप्त गरी निजलाई नै बिक्रि गरेको देखिन्छ ।

गुल्मी र मोरङ्ग जिल्लामा सवारी साधन गुड्ने पुल ओयसिस ईन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.लाई मिलाई दिए बापत बि.स. २०६२ सालतिर मैले उक्त कम्पनिको ५०% शेयर चेयरमेन अच्यूत पाण्डेबाट प्राप्त गरेकोमा उक्त कम्पनी घाटामा गएकोले २०६९ सालको भाद्र महिनामा रू. ५,००,०००/-(पाँच लाख) निज अच्युत पाण्डेबाट प्राप्त गरी निजलाई नै उक्त शेयर फिर्ता गरेको थिएँ । उक्त प्रा.लि.बाट मैले पाउनु पर्ने रु. १३,००,०००/-(तेह्र लाख)  प्राप्त गर्न बाँकी नै छ भनि प्रतिबादी राजीब गुरुङले बयान गरेको देखिन्छ ।

मैले बिकास निर्माणको काम ठेक्कामा लिई संचालन गर्ने क्रममा बिभिन्न गुण्डागर्दी गर्ने ब्यक्तिहरूले बाटो घाटो बिभिन्न स्थानमा भेटी, फोन गरी रकम माग गर्ने, असुल गर्ने जस्ता कार्यले पीडित तथा दिक्क भईरहेकै अबस्थामा हाल मृतक रहेका शिव प्रसाद पाण्डेको सुझाव अनुसार गुण्डागर्दी गर्ने ब्यक्तिहरूबाट मुक्ति पाउन दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गसंग भेटघाट, कुराकानी गरी निजकै प्रस्ताव अनुसार ओयसिस ईन्जीनियर्स एण्ड बिल्डर्स प्रा.लि. को ४९% शेयर मैले राजिव गुरुङ्गलाई दिएको हुँ । उक्त कम्पनीमा राजिव गुरुङ्गले बिना लगानी शेयर प्राप्त गरेको हो । राजिव गुरुङ्ग उक्त कम्पनीमा आबद्ध भएपछि निजले गुल्मी र मोरङ्ग जिल्लामा पुल निर्माण गर्ने ठेक्काको काम मिलाएको हो ।उक्त कम्पनीका साझेदार राजिव गुरुङ्ग निष्क्रिय भएको हुँदा निजको उक्त शेयर आफैले फिर्ता लिई निजलाई ५,००,०००/-(पाँच लाख) रुपैयाँ दिएको हुँ भनि अच्यूतराज पाण्डेले गरेको कागज ।

प्रतिबादी राजीब गुरुङले गुल्मी र मोरङमा पुल निर्माणको कार्य मिलाइदिएबापत ५० % शेयर प्राप्त गरेको बयान दिएका र सोही कम्पनीका साझेदार अच्युतराज पाण्डेले पनि गुण्डागर्दीबाट मुक्ति पाउन राजीब गुरुङको शरणमा पुगेको र काम मिलाइदिए बापत बिना लगानी ४९% शेयर दिएको भनी कागज गरेको देखिंदा निज प्रतिबादी गुण्डागर्दीका नाइके समेत रहेको र गुण्डागर्दीकै माध्यमबाट ब्यबसायी, सर्बसाधारण ब्यक्तिहरुलाइ अनुचित प्रभाबमा पारी सम्पत्ती आर्जन गरेको देखिन्छ । अच्युतराज पाण्डेले निजलाइ रु. ५,००,०००/- दिइ पूनः शेयर आफैले फिर्ता लिएको भनि कागज गरेका र प्रतिबादी राजीब गुरुङले समेत कम्पनी घाटामा गएकोले रु. ५,००,०००/- लिइ शेयर बिक्री गरेको र रु.१३,००,०००/- अझै प्राप्त गर्नु पर्नेछ भनी बयान गरेको देखिंदा निज प्रतिबादी राजीब गुरुङले ब्यबसायी अच्युतराज पाण्डेबाट अझै असुल गर्न खोजेको र निजले हाल सम्मपनि गुण्डागर्दीको माध्यमबाट रकम असुल गरिरहेको पुष्टि हुन आउँदछ ।

**(ङ) वीरगन्ज ट्रान्सपोर्ट प्रा.लि र वि एण्ड के यूनिक मल्टीपर्पस प्रा.लि.**

कम्पनी रजिष्ट्रारको कार्यालयबाट संकलित वीरगन्ज ट्रान्सपोर्ट प्रा.लि.(प्रा.लि.नं. ४००६४) र वि एण्ड के यूनिक मल्टीपर्पस प्रा.लि.(प्रा.लि.नं. ६४७४८)संग सम्बन्धित कागजातहरू संकलन गरिएतापनि प्राप्त कागजातहरूबाट राजिव गुरुङ्ग र निजको परिवार समेतको उल्लेखित प्रा.लि.मा लगानी भएको देखिंदैन ।

**प्रतिबादी राजिव गुरुङ्ग र निजको परिवार समेतको स्वामित्व, साझेदारी भइ हाल संचालनमा रहेका बिभिन्न कम्पनी, उद्योगहरूको सम्बन्धमाः-**

**(क) वेष्ट पोईन्ट ढुङ्गा रोडा उद्योग प्रा.लि.**

कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौंको च.नं. १०४२, मिति २०६८।११।१९ गते र जि.वि.स.को कार्यालय, काठमाण्डौंको च.नं. १५१८, मिति २०६८।११।२२ गतेको पत्रसाथ वेष्ट पोईन्ट ढुङ्गा रोडा उद्योग प्रा.लि. (दर्ता नं.३२००३, कम्पनी रजिष्टर्ड कार्यालय) का कागजातहरू प्राप्त हुन आएको र प्राप्त कागजातहरूबाट खुल्ने कुराहरूः-

कम्पनीको अधिकृत पूँजी रु. १,००,००,०००/-, कम्पनीको जारी पूँजी रु. १०,००,०००/-, १०००० थान शेयर(मुल्य रु.१०,००,०००।-) तत्काल जारी गरीएको । कम्पनी दर्ता मितिः २०६१।०८।१९ मा।

**तालिका ५**

| सि.नं. | शेयरवाला | लिन कबुल गरेको शेयर संख्या | रकम | भुक्तानी हुन बाँकी रकम | शेयर/डिवेन्चरवालाको रुपमा नाम दर्ता भएको मिति |
|---|---|---|---|---|---|
| १ | मोहन कृष्ण श्रेष्ठ | ५००० | ५,००,०००/- | | संस्थापक |
| २ | भरत कोईराला, झापा भद्रपुर ६ | २,००० | २,००,०००/- | | संस्थापक |
| **३** | **पासाङ्ग डोमा गुरुङ्ग** | **२०००** | **२,००,०००/-** | | **संस्थापक** |
| ४ | राजु सुबेदी | १००० | १,००,०००/- | | संस्थापक |

मेरो वेष्ट प्वाईन्ट रोडा ढुङ्गा उद्योग प्रा.लि.मा शेयर, लगानी भएको देखिएता पनि सबै कार्य राजिव गुरुङ्गले गर्ने भएकोले उक्त उद्योगमा मेरो के-कति शेयर, लगानी, को-को साझेदार, संचालनमा रहेको वा बन्द अबस्थामा रहेको भन्ने आदी सम्बन्धमा मलाई केहि थाहा छैन, राजिव गुरुङ्गलाई नै थाहा हुनुपर्दछ भनी प्रतिबादी पासाङ डोमा गुरुङले बयान गरेको देखिन्छ ।

वेष्ट प्वाईन्ट रोडा ढुङ्गा उद्योग प्रा.लि.को २०% शेयर मुल्य रू.१,२५,०००/-(एक लाख पच्चीस हजार)मा पासाङ डोमा गुरुङले उक्त उद्योगका साझेदार मोहन कृष्ण श्रेष्ठबाट खरिद गरी प्राप्त गरेकी हुन् । उक्त उद्योगमा लगानीको श्रोत पासाङ डोमा गुरुङको आफ्नै रहेको, उक्त उद्योगले लगानी बिस्तार गर्ने क्रममा पासाङ डोमा गुरुङको उक्त उद्योगमा लगानी रु.२,००,०००/-(दुई लाख) सम्म पुग्यो होला भनि प्रतिबादी राजीब गुरुङले बयान गरेको देखिन्छ ।

संकलित कागजातहरुबाट उक्त उद्योगमा प्रथम संचालककै रुपमा पासाङ्ग डोमा गुरुङ्ग रहेकोले उक्त उद्योगमा पासाङ्ग डोमा गुरुङकै लगानी रहेको पुष्टी हुन्छ ।कम्पनीको बित्तिय बिबरण नभएकोले आम्दानी समेत पुष्टी हुन सक्दैन । प्रतिबादी राजिब गुरुङले लगानीको श्रोत पासाङ डोमाको आफ्नै रहेको बयान दिएको र पासाङ डोमाले राजिव गुरुङले लगानी गरिदिएको, सबै कार्य निजले नै गर्ने भन्ने बयान परस्पर बिरोधाभास देखिन्छ । अबैध आर्जन गरि लगानी गरेको हुँदा निजहरुले श्रोत खुलाउन सकेको देखिँदैन ।

**(ख) ईच्छामाई ढुङ्गा रोडा उद्योग प्रा.लि**

कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौंको च.नं. १०४२, मिति २०६९।११।१९ र जि.वि.स.को कार्यालय, काठमाण्डौंको च.नं.१५१८, मित २०६८।११।२२ गतेको पत्र साथ ईच्छामाई ढुङ्गा रोडा उद्योग

.................................

प्रा.लि.(दर्ता नं. ३९५१२/०६२/०६३, रजिष्ट्रर्ड कार्यालय काठमाण्डौं,)का प्रबन्ध-पत्र, नियमावली र दर्ता प्रमाण-पत्रका प्रतिलिपि कागजातहरू प्राप्त भएको र प्राप्त कागजातहरूबाट खुलेका कुराहरूः-

कम्पनीको अधिकृत पूँजी रु.१,००,००,०००/-, कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. २५,००,०००/-, दर्ता मितिः २०६३।०२।०४ मा ।

**तालिका ६**

| सि.नं. | शेयरवाला | शेयर संख्या | भुक्तानी भएको रकम | भुक्तानी हुन बाँकी रकम | शेयर/डिवेन्चरवालाको रुपमा नाम दर्ता भएको मिति |
|---|---|---|---|---|---|
| १ | भरत राज कोईराला, झापा भद्रपुर ६ | ४५०० | ४,५०,०००/- | छैन | संस्थापक |
| २ | राजु सुबेदी, काठमाण्डौं बाडभञ्याङ्ग ७ | ४५०० | ४,४५,०००/- | छैन | संस्थापक |
| ३ | दिपक मास्के, जि.ल.पु., ल.पू.उ.म.न.पा. १८ | ३७५० | ३,३७,०००/- | छैन | २०६३।०३।०१ |
| ४ | देव कुमार घिमिरे, काठमाण्डौं बलम्बु ७ | ५००० | ५,००,०००/- | छैन | २०६३।०३।०१ |
| ५ | सुरेश लेप्चा, ल.पु., ल.पु.उ.म.न.पा. २० | २५०० | २,५०,०००/- | छैन | २०६३।०३।०१ |
| **६** | **राजिव गुरुङ्ग** | **५०००** | **५,००,०००/-** | **छैन** | **२०६४।०३।०१** |

मेरो ईच्छामाई रोडा ढुङ्गा उद्योग प्रा.लि.मा २०% शेयरले हुन आउने १,२५,०००/- (एक लाख पच्चीस हजार) स्थापनाकालमा लगानी भएको थियो ।मेरो उक्त उद्योगमा आर्थिक लगानी क्लब डाईनेष्टी प्रा.लि.को शेयर बिक्रि गरे बापत प्राप्त रकम मध्येबाट गरेको थिएँ । कम्पनी रजिष्ट्रारको कार्यालयमा उक्त उद्योग दर्ता गर्दा स्काइभेटर किनी संचालन गर्ने समेतको खर्च, लगानी जोडीन पुगी मैले उक्त उद्योगमा लगानी गर्नुपर्ने रकम रु. ५,००,०००/- देखाईएता पनि काम संचालन गर्दै जाँदा स्काइभेटर भने किनिएन । उक्त उद्योगबाट मासिक रुपले रु.२०,०००/-(बीस हजार) आम्दानी हुने गर्दछ भनी प्रतिबादी राजीब गुरुङले बयान गरेको देखिन्छ ।

कम्पनी रजिष्टारको कार्यालयबाट प्राप्त रेकर्ड अनुसार निजले २०६४/३/१ मा रु.५,००,०००/- लगानी गरि ५,०००/- कित्ता शेयर प्राप्त गरेको देखिन्छ ।

**(ग) गोसाईकुण्ड क्रसर रोडा ढुङ्गा उद्योग प्रा.लि.**

कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौंको च.नं. १०१५, मिति २०६८।११।१२ गतेको पत्र र घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरको च.नं. ९१७, मिति २०६८।११।२२ गतेको पत्रसाथ प्राप्त

गोसाईकुण्ड क्रसर रोडा ढुङ्गा उद्योग प्रा.लि., मनहरी ८, मकवानपुर(दर्ता नं. ४९९०७/०६४/०६५)को प्रबन्ध-पत्र, नियमावली र दर्ता प्रमाण-पत्रका प्रतिलिपि कागजातहरू समेत प्राप्त भएको र प्राप्त कागजातहरूबाट खुलेका कुराहरूः-

कम्पनीको अधिकृत पुँजि रु. २,००,००,०००/-, तत्काल जारी पूँजी रु.५०,००,०००/-, कम्पनीका संस्थापकहरूले तत्काल चुक्ता गर्ने पूँजी रु. ५०,००,०००/-, कम्पनी दर्ता मितिः- २०६५।०३।१८ गते ।

**तालिका ७**

| सि.नं. | शेयरवाला | शेयर संख्या | भुक्तानी भएको रकम | भुक्तानी हुन बाँकी रकम | शेयर/डिवेन्चरवालाको रुपमा नाम दर्ता भएको मिति |
|---|---|---|---|---|---|
| **१** | **राजिव गुरुङ्ग** | **१४,५००** | **१४,५०,०००/-** | **छैन** | **संस्थापक** |
| २ | का.जि.का.म.न.पा.१० बस्ने उमेश लामा | १०,००० | १०,००,०००/- | छैन | संस्थापक |
| ३ | स्वस्ती श्री विनायक कन्सट्रक्शन कं.प्रा.लि. | १५,५०० | १५,५०,००० | छैन | २०६५।०७।०८ |
| ४ | अभय श्रेष्ठ, जि. मकवानपुर, हेटौडा १० | ५००० | ५,००,०००/- | छैन | २०६५।०७।०८ |
| ५ | यादव कोईराला, जि.मकवानपुर, हेटौडा ४ | ५००० | ५,००,०००/- | | |

बि.स. २०६०/०६१ सालतिर स्थापना भएको गोसाइकुण्ड रोढा ढुङ्गा क्रसर उद्योग प्रा.लि.मा १५% ले हुन आउने २२,००,०००/- (बाईस लाख) रुपैयाँ मैले लगानी गर्नुपर्नेमा स्थापना कालदेखि मैले रु.८,००,०००/- (आठ लाख) मात्र लगानी गर्न सकेको थिएँ । उक्त लगानीको श्रोत मेरो झिटिगुन्टा ब्यबसाय, अमेरिकाको रोजगारी र फाट्टफुट्ट जग्गाको कारोबारबाट आर्जित संचित रकम रहेको, उक्त उद्योगका साझेदारहरू कसैले आफ्नो लगानी भनीएको रकम उपलब्ध गराउन नसकेका कारण उक्त उद्योग संचालनमा आउन सकेन । मैले उक्त उद्योगको ४० mm को रोडा उत्पादन गर्ने मेशिन आफुले लिई आफ्नो भएको लगानी असुल गरेको थिएँ । अन्य साझेदारहरूले पनि उद्योगको नामको १७ कठ्ठा जमिन र ट्रान्सफरमर लगी आ-आफ्नो लगानी असूल गरेका थिए भनि प्रतिबादी राजीब गुरुङले बयान गरेको देखिन्छ ।

**(घ) गो-गो बार प्रा.लि.**

कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौंको च.नं. ११०, मिति २०६९।०४।२८ गतेको पत्रसाथ प्राप्त गो-गो बार प्रा.लि. (दर्ता नं. ३४३७५,रजिष्टर्ड कार्यालय का.जि.का.म.न.पा. २९, त्रिदेवी मार्ग) प्रबन्ध-पत्र, नियमावली र दर्ता प्रमाण-पत्रका प्रतिलिपि कागजातहरू प्राप्त भएको र प्राप्त कागजातहरूबाट खुलेका कुराहरूः-

कम्पनीको अधिकृत पूँजी रु. ५,००,०००/-, कम्पनीको तत्काल जारी पूँजी रु. ५,००,०००/-,

तालिका ८

| सि.नं. | शेयरवाला | शेयर संख्या | भुक्तानी भएको रकम | भुक्तानी हुन बाँकी रकम | शेयर/डिवेन्चरवालाको रुपमा नाम दर्ता भएको मिति |
|---|---|---|---|---|---|
| १ | मुखिया घले, मनाङ्ग, भ्राका २ घर भई का.जि.का.म.न.पा. २९ | ५००० | ५,००,०००/- | | संस्थापक |

काठमाण्डौंको त्रिदेवि मार्ग स्थित गो गो बारको २०% शेयर मुल्य रू.२,००,०००/-(दुई लाख)मा मूखिया घलेबाट खरीद गरी बि.स. २०६४ सालतिर मैले प्राप्त गरेको थिएँ । उक्त लगानी अमेरिकाबाट कमाई ल्याएको रकम, झिटीगुन्टाको ब्यापारबाट आर्जित रकम र फाट्टफुट्ट जग्गाको कारोबारबाट आर्जित मसंग संचित  रकम मध्येबाट भएको थियो । गो गो बारको उक्त शेयर जिल्ला ललितपुर बस्ने बिक्रम भन्ने थर थाहा नभएको ब्यक्तिलाई मासिक रू.१०,०००/- प्राप्त हुने गरी भाडामा दिएको छु । मेरो नाममको उल्लेखित शेयर मूखिया घलेकै नाममा देखाईएकोले मेरो नामको शेयर कागजातहरूमा नदेखिएको हो । मैले उक्त गो-गो बार संचालनबाट मासिक रुपमा हुने आम्दानी रु.१५,०००(पन्ध्र हजार) देखि २०,०००/-(बीस हजार) रकमको श्रोत खुल्ने कागजातहरू पेश गर्न नसकेतापनि हाल मासिक रुपमा प्राप्त हुने उल्लेखित रकम रु.१०,०००/-(दश हजार)को श्रोत खुल्ने कागजातहरू पेश गर्न सक्छु भनी प्रतिबादी राजीब गुरुङले बयान गरेको देखिन्छ ।।

**(ङ) ओम श्री ओम मल्टीपर्पोज इन्डष्ट्री कम्पनी प्रा.लि.**

कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौंको च.नं. १०१५, मिति २०६८।११।१२ र घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीको पत्रसाथ ओम श्री ओम मल्टीपर्पोज इन्डष्ट्री कम्पनी प्रा.लि.(दर्ता नं. ५८१०४/०६५/०६६, रजिष्ट्रर्ड कार्यालय का.जि.का.म.न.पा.१६, नयाँबजार र परियोजनास्थल जिल्ला नवलपरासी, प्रसौनी गा.बि.स.) को प्रबन्ध-पत्र, नियमावली र दर्ता प्रमाण-पत्रका प्रतिलिपि कागजातहरू प्राप्त भएको र प्राप्त कागजातहरूबाट खुलेका कुराहरूः-

कम्पनीको अधिकृत पूँजी रु.१,८९,००,०००/-, तत्काल जारी पूँजी रु.१,०८,००,०००/-, कम्पनीका संस्थापकहरूले तत्काल चक्ता गर्ने पूँजी रु. ८४,००,०००/-

तालिका ९

| सि.नं. | शेयरवाला | लिन कबुल गरेको शेयर संख्या | रकम | भुक्तानी हुन बाँकी रकम | शेयर/डिवेन्चरवालाको रुपमा नाम दर्ता भएको मिति |
|---|---|---|---|---|---|
| **१** | **राजिव गुरुङ्ग** | **२१०००** | **२१,००,०००/-** | | **संस्थापक** |
| २ | रौशन कुमार | २१००० | २१,००,०००/- | | संस्थापक |

.................................

| | | | | | |
|---|---|---|---|---|---|
| | सिंह, सर्लाही, मलंगवा ५ | | | | |
| ३ | दीपक सिंह खडायत, दार्चुला, लाली ७ | २१००० | २१,००,०००/- | | संस्थापक |
| ४ | गोपालबाबु श्रेष्ठ | २१००० | २१,००,०००/- | | संस्थापक |

नवलपरासी जिल्लाको त्रिवेणी भन्ने ठाँऊमा बिभिन्न किसानहरूको जग्गा भाडामा लिई किसानहरूलाई जडिबुटीको बिरूवा उपलब्ध गराईदिई निजहरूकै श्रम र जग्गामा जडीबुटि उत्पादन गर्ने र उत्पादित जडीबुटीलाई भारतमा लगी बिक्रि गर्ने प्रयोजनार्थ ओम श्री ओम मल्टीपर्पस ईडण्ष्ट्रीज प्रा.लि. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गर्दा मेरो कबुल शेयर पुजी रू.२१,००,०००/- देखाईएता पनि उक्त कम्पनी बिगत १४ महिना अगाडी स्थापना गर्दा मेरो १२.५% ले हुन आउने रू.३,०००००/-(तीन लाख) लगानी पैतृक सम्पत्तिको रुपमा प्राप्त नगद रुपैयाँबाट रहेको छ । हालसम्म उक्त कम्पनीबाट काम शुरु गरेपनि आम्दानी भईसकेको छैन भनि प्रतिबादी राजीब गुरुङले बयान गरेको देखिन्छ ।

ओम श्री ओम मल्टी पर्पज ईण्डष्ट्रिज कम्पनी प्रा.लि.को नामका फोर्ट, मित्सूबिसी र मारुती कम्पनीका तीन गाडीहरू (नं. थाहा नभएको) प्रयोग गर्ने गरेको छु भनि निजले नै बयानमा भनेको देखिंदा निजले उक्त कम्पनीमा रु.३,००,०००।— मात्र लगानी गरेको पुष्टी हुँदैन ।

**(च) सिस्नेरी ढुङ्गा खानी-**

खानी तथा भूगर्भ विभागको च.नं. १४२८, मिति २०६८।१२।०६ र घरेलु तथा साना उद्योग बिकास समिति नुवाकोटको च.नं. ४८४, मिति २०६८।११।१५ गतेको पत्र र प्राप्त कागजातहरुबाट जिल्ला नुवाकोट ककनी २ मा संचालित रेशम बहादुर तामाङ्गको नाममा रहेको सिस्नेरी ढुङ्गा खानी निजको ४ कित्ता जग्गाको क्षेत्रफल ३७-६-३-० मा संचालनमा रहेको खुल्न आउँछ । मिति २०६८।०३।०७ गतेको पासाङ्ग डोमा गुरुङ्गले गरेको कागजको प्रतिलिपिबाट निजको नाममा दर्ता श्रेष्ता कायम भएको जिल्ला नुवाकोट ककनी २ स्थित ७७ रोपनी १३ आना १ पैसा जग्गा ढुङ्गा खानी संचालन गर्न सिस्नेरी ढुङ्गा खानी लाई २०६८ साल श्रावण १ गतेदेखि २०७३ साल आषाढ मसान्तसम्म जम्मा ५ बर्षका लागि दिएको खुल्न आउँछ ।

करीव २०६६ सालतिर मेरो नामको कुल क्षेत्रफल ७७ रोपनी १३ आना १ पैसा जग्गा ५ बर्षसम्म ढुङ्गा खानीमा लगाउने प्रयोजनको लागि मासिक रुपमा मैले रु.५८,०००।- भाडा पाउने गरी भाडामा सिस्नेरी रोडा ढुङ्गा उद्योगलाई दिएकी हुँ ।२०६८ सालको श्रावण महिनादेखि मैले उक्त भाडा पाएकी छैन ।सो भन्दा पहिले नियमित रुपमा पाएको भाडाबाट मैले मेरो स्टयाण्डर्ड बैंकको ऋण तिरेकी हुँ भनि प्रतिबादी पासाङ डोमा गुरुङले बयान गरेको देखिन्छ ।

नुवाकोट जिल्लाको पैंतीसकिलो भन्ने ठाउँ स्थित मेरो श्रीमती पासाङ डोमा गुरुङको नामको करिब ७८ रोपनी जग्गा सिस्नेरी रोडा ढुङ्गा उद्योग प्रा.लि. ले खानी प्रयोजनका लागि प्रयोग गर्न पाउने शर्तमा भाडामा दिई मासिक रुपले रु.५८,०००/-(अन्ठाउन्न हजार) र उक्त उद्योगको २०% शेयर मलाई प्राप्त हुने भन्ने मौखिक सहमति भएपनि मलाई उक्त उद्योगको साझेदारी हालसम्म प्राप्त भएको छैन । पासाङ डोमा गुरुङ्गले भने मासिक रुपमा रू.५८,०००/- हालसम्म पनि प्राप्त गर्दै आएकी छिन्, । उक्त कम्पनीका खाता नं. हरू के कति हो मलाई थाहा छैन। उक्त उद्योगबाट मलाई कुनै आम्दानी नहुने र उक्त उद्योग खानी तथा भू-गर्भ बिभागमा के-कसरी दर्ता भएको छ भन्ने सम्बन्धमा समेत मलाई थाहा छैन भनि प्रतिबादी राजीब गुरुङले बयान गरेको देखिन्छ ।

सिस्नेरी रोडा ढुङ्गा उद्योग प्रा.लि. खानी तथा भू-गर्भ बिभागमा दर्ता गर्न कम्पनीको १०० रोपनी जग्गा आबश्यक पर्ने भएकोले पासाङ्ग डोमा गुरुङ्गको नामको जिल्ला नुवाकोट ककनी स्थित करीव ७८ रोपनी जग्गा मासिक रुपमा रु.५८,०००/-(अन्ठाउन्न हजार)मा भाडामा लिई सो जग्गा समेत खानी प्रयोजनमा लगाई उक्त उद्योग संचालन गर्दै आएका हौं । पासाङ्ग डोमा गुरुङ्गको उल्लेखित जग्गा भाडामा उक्त उद्योगलाई उपलब्ध गराई दिए वापत २०६८ सालतिर निज राजिव गुरुङ्गलाई २०% ले हुन आउने २०,००,०००/-(बीस लाख) बराबरको साझेदारी दिईएको हो । उक्त उद्योगमा पासाङ्ग डोमा गुरुङ्गको शेयर लगानी छैन । निजले मासिक रुपमा र जग्गा भाडामा दिए वापतको रकम पाउँदै आएकोमा कम्पनी संचालन हुन नसकेको समायाबधिको भाडा पासाङ्ग डोमा गुरुङ्गले पाउने वा नपाउने भन्ने बिबादका कारण ६ महिनाको भाडा (२०६९/०४/३१ गते सम्म) पासाङ्ग डोमा गुरुङ्गले पाउन बाँकी छ । हाल उक्त उद्योगका साझेदार राजिव गुरुङ्ग, म समेतका ५ जना साझेदारहरू रहेका छन् भनि दिल बहादुर लामाले कागज गरेको देखिन्छ।

प्रतिबादी राजीब गुरुङले सिस्नेरी रोडा ढुङ्गाको २०% शेयर पाउने भन्ने मौखिक सहमति भए पनि हालसम्म प्राप्त नभएको भनि बयान दिएको र सोही कम्पनीका संचालक दिल बहादुर लामाले रु. २०,००,०००/- बराबरको शेयर दिइसकेको भनेता पनि उक्त उद्योगमा राजीब गुरुङको शेयर भएको कागजातहरु देखिदैन । प्रतिबादी राजीब गुरुङले आफ्नो श्रीमतीको नाममा ककनी नुवाकोटमा भएको जग्गा खानी संचालनको लागि दिइ संचालकहरुलाइ अनुचित प्रभाबमा पारी कम्पनीको शेयर प्राप्त गर्न खोजेको कुरा प्रमाणित हुन्छ।

**(छ) त्रिलोक प्लाजा**

काठमाण्डौंको ठमेलमा रहेको त्रिलोक प्लाजा बिभिन्न कार्यालयहरू र पसलहरू संचालन गर्नका लागि कोठा तथा फ्ल्याटहरू भाडामा लगाउने प्रयोजनको लागि स्थापना भएको हाल २ बर्ष भयो । हाल उक्त त्रिलोक प्लाजामा बिभिन्न पसल तथा रेष्टुरेन्टहरू संचालनमा आएका छन् । हाल अमेरिकामा बसोबास गर्दै आईरहनु भएकी मीना शाहीको भवन त्रिलोक प्लाजाका लागि भाडामा लिईएको हो । त्रिलोक प्लाजामा रहेका बिभिन्न पसल रेष्टुरेन्टहरूबाट मासिक रुपबाट भाडा उठाई घरधनीलाई बुझाए पश्चयात हुन आउने

नाफाको रकमबाट मलाई रु.४०,०००/-(चलीस हजार) मासिक रुपमा प्राप्त हुनेगर्दछ भने बाँकी रकम कर्साङ गुरुङले प्राप्त गर्दछिन् । उक्त त्रिलोक प्लाजामा लगानी गर्न नपर्ने भएकोले मेरो कुनै लगानी छैन भनि प्रतिबादी राजीब गुरुङले बयान गरेको देखिन्छ ।

**(ज) अक्टोपस ट्रेकिङ्ग पसल**

मेरो श्रीमती पासाङ डोमा गुरुङ्ग समेतको साझेदारीमा काठमाण्डौंको ठमेलमा अक्टोपस ट्रेकिङ्ग पसल संचालनमा रहेको छ र उक्त अक्टोपस ट्रेकिङ पसलमा पासाङ डोमा गुरुङ्गको रु. ५,००,०००/-(पाँच लाख) लगानीले ५०% शेयर रहेको छ । उक्त पसलमा २ जना साझेदारहरू रहेका छन् । उक्त पसलमा भएको लगानी पासाङ डोमा गुरुङ्गको आफ्नै लगानी हो भनि प्रतिबादी राजीब गुरुङले बयान गरेको देखिन्छ ।

**(झ) मनाङ्ग ईन्टरनेशनल ट्रेडर्स प्रा.लि.**

कम्पनी रजिष्टारको कार्यालय, काठमाण्डौंको च.नं. ३२१, मिति २०६९।०८।०६ गतेको पत्रसाथ मनाङ्ग ईन्टरनेशनल ट्रेडर्स प्रा.लि.(प्रा.लि.नं. ९६५२८,२०६९/०७०, रजिष्टर्ड कार्यालय काजि, कामनपा २९) को प्रबन्ध-पत्र, नियमावली र दर्ता प्रमाण-पत्रका प्रतिलिपी कागजातहरू प्राप्त भएको र प्राप्त कागजातहरूबाट खुलेका कुराहरूः-

अधिकृत पूँजी रु. ५,००,०००/-, (रु. १०० का दरका ५००० साधारण शेयरमा बिभाजन गरीएको), तत्काल जारी गर्ने पूँजी रु. ५,००,०००/-, संस्थापकले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. ५,००,०००/-

**तालिका १०**

| सि.नं. | शेयरवाला | शेयर संख्या | भुक्तानी भएको रकम | भुक्तानी हुन बाँकी रकम | शेयर/डिवेन्चरवालाको रुपमा नाम दर्ता भएको मिति |
|---|---|---|---|---|---|
| १ | राजिव गुरुङ्ग | ५००० | ५,००,०००/- | | संस्थापक |

चीनको खासा बजारबाट स्याऊ निर्यात गरी काठमाण्डौंको बजारमा बिक्रि गर्ने प्रयोजनका लागि रु. २०,००,०००/-(बीस लाख) लगानीमा मनाङ ईन्टरनेशनल ट्रेडर्स प्रा.लि.को स्थापना भएको छ । उक्त प्रा.लि.मा मेरो १५% शेयरका लागि रु.३,००,०००/-(तीन लाख) लगानी ओयसिस ईन्जीनियर्स एण्ड बिल्डर्स प्रा.लि.बाट प्राप्त रकम मध्येबाट रहेको छ भनि प्रतिबादी राजीब गुरुङले बयान गरेको देखिन्छ ।

**(ञ) क्लव डाईनेष्टी प्रा.लि.**

कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौंको च.नं. १३५, मिति २०६९।०४।२८ गतेको पत्रसाथ क्लव डाईनेष्टी प्रा.लि.(प्रा.लि.दर्ता नं. ९५८२/०५५/०५६, दर्ता मिति २०५५।०८।२५) का कागजातहरू प्राप्त भएको र प्राप्त कागजातहरूबाट खुलेका कुराहरूः-

अधिकृत पूँजी रु. १,२५,००,०००/-(मुल्य रु. १०० का १२५०० थान साधारण शेयरहरूमा बिभाजन गरीएको) जारी पूँजी रु. १,००,००,०००/-

**तालिका ११**

| सि.नं. | शेयरवाला | शेयर संख्या | भुक्तानी भएको रकम | भुक्तानी हुन बाँकी रकम | शेयर/डिवेन्चरवालाको रुपमा नाम दर्ता भएको मिति |
|---|---|---|---|---|---|
| १ | **राजिव गुरुङ्ग, का.जि.का.म.न.पा. २९** | २०००० | २०,००,०००/- | | **२०५५/०८/२५** |
| २ | मुखिया कान्छा गुरुङ्ग, मनाङ्ग, मनाङ्ग ३ घर भई कामनपा २९ | २५००० | २५,००,०००/- | | **२०५५/०८/२५** |
| ३ | रमेश बाबु श्रेष्ठ, रामेछाप, रामेछाप ४ घर भई हाल का.म.न.पा. ३० | १५००० | २५,००,०००/- | | **२०५५/०८/२५** |
| ४ | मुखिया गुरुङ्ग, मनाङ्ग, मनाङ्ग ५ घर भई हाल कामनपा १७ | १०००० | १०,००,०००/- | | |
| ५ | तेन्जीङ्ग गुरुङ्ग, मनाङ्ग, मनाङ्ग २ घर भई हाल कामनपा १६ | २०००० | २०,००,०००/- | | |
| ६ | सोनम बाङ्ग्याल गुरुङ्ग, मनाङ्ग, मनाङ्ग २ घर भई का.म.न.पा २९ | १०००० | १०,००,०००/- | | |

कम्पनी रजिष्टार कार्यालयबाट प्राप्त बिबरण अनुसार २०५५/८/२५ मा कम्पनी दर्ता भएको र कम्पनीको प्रबन्धपत्र तथा नियमाबलीमा कम्पनीको प्रतिबादी राजिब गुरुङले कबोल गरेको शेयर संख्या २०,०००/- को रु.२० लाख लगानी गरेको देखिन्छ ।

मैले सन १९९९ मा डाईनेष्टी क्लब प्रा.लि.मा शुरूको लगानी २०% ले हुन आउने ७,००,०००/-(सात लाख) रुपैयाँ अमेरिकाबाट कमाई गरी ल्याएको रकम मध्येबाट लगानी गरेको थिएँ । पछि उक्त क्लब ब्यबस्थापन गर्दै जाने क्रममा सोही क्लबबाट आम्दानी भएको रकम लगानी गर्दा रु.२०,००,०००/-(बीस लाख) मेरो लगानी रकम पुगेको थियो। उक्त क्लब ४ बर्षसम्म साझेदारीमा संचालन गरी मैले आफ्नो साझेदारी हाल अमेरिका बसोबास गर्ने टाईसिङ्ग दोर्जे गुरुङ्ग समेतका ब्यक्तिहरूलाई मुल्य रु. १८,००,०००/-(अठार लाख)मा बिक्रि गरेको थिएँ । उक्त क्लब संचालनबाट मासिक रुपले रु.

४५,०००/- (पैंतालीस हजार) देखि ५०,०००/-(पचास हजार) सम्म आम्दानी हुने गर्दथ्यो ।मैले आफ्नो शेयर बिक्रि गरी प्राप्त गरेको रकम रु.१८,००,०००/-(आठार लाख)को श्रोत खुल्ने कागजातहरू पेश गर्न सक्ने भएतापनि उक्त क्लबबाट मासिक रुपमा हुने आम्दानीको कुनै कागजातहरू नहुने भएकोले पेश गर्न सक्तिन भनी प्रतिबादी राजीब गुरुङले बयान गरेको देखिन्छ ।

मैले संचालन गर्ने गरेको क्लव डाईनेष्टी प्रा.लि.मा मुल्य रु.४,००,०००/-(चार लाख) मा २०% शेयर राजिव गुरुङ्गलाई दिएको थिएँ । निज राजिव गुरुङ्ग समेतले उक्त क्लव ४/५ बर्ष चलाई बिक्रि गरेका हुन् भनी रमेशबाबु श्रेष्ठले कागज गरेको देखिन्छ।

क्लव डाईनेष्टी प्रा.लि.का सम्बन्धमा प्राप्त कागजातहरुबाट प्रतिबादी राजिव गुरुङ्गको उक्त क्लवको शेयर हस्तान्तरण भएको देखिंदैन । प्रतिबादीले बयानमा उल्लेख गरे अनुसार डाइनेष्टी क्लबमा अमेरिकाबाट कमाइ गरी ल्याएको रकम  लगानी गरेको भनिएता पनि निजले अमेरिका गएको र त्यहाँ आर्जन गरेको रकम पुष्टि हुने कुनै कागजपत्रहरु पेश गर्न नसकेको, निजले आफुले अबैध रुपमा आर्जन गरेको रकम नै उक्त प्रा.लि. मा लगानी गरेको पुष्टी हुन आउँदछ ।

**प्रतिबादी राजिव गुरुङ्ग र निजको परिवार समेतको नाममा बिभिन्न बैंक बित्तिय संस्थाबाट गरेको आर्थिक कारोबारहरुः**

**(क) हिमालयन बैंक लिमिटेडमा रहेको राजिब गुरुङको खाता र पासाङ डोमा गुरुङको खाता-**

हिमालयन बैंक लिमिटेडको Ref 103/RC/11-12, मिति सन February 26, 2012 को पत्रबाट राजिव गुरुङ्ग र पासाङ्ग डोमा गुरुङ्गको नाममा उक्त बैंकमा रहेका खाताहरू क्रमशः खाता नं.हरू ०१९-००१३३९-००१९ र ०१९-०१११३४७-००१२ रोक्का राखिएको जानकारी प्राप्त भएको छ । साथै पत्रसाथ उल्लेखित खाताहरूको बैंक स्टेटमेन्ट समेत प्राप्त हुन आएको ।

अनुसन्धानको क्रममा संकलित राजिव गुरुङ्गको हिमालयन बैंकको खाता नं. ०१९-००१३३९-००१९ (२६०२६०J) को खाताबाट भएको कारोबारको सम्बन्धमा ६ में १९९६ देखि १७ जुलाई १९९८ सम्ममा रु. १०,२०,७७४।६९ सम्मको कारोबार भएको देखिन्छ ।१७ जुलाई १९९८ देखि १६ जुलाई १९९९ सम्ममा रु. ७२,२८,३०८।४२ सम्मको कारोबार भएको देखिन्छ ।१७ जुलाई १९९९ देखि १६ जुलाई २००० सम्ममा रु. ५२,८३,४६७।३० सम्मको कारोबार भएको देखिन्छ ।१७ जुलाई २००० देखि १६ जुलाई २००१ सम्ममा रु. १६,८४,०३८।६२ सम्मको कारोबार भएको देखिन्छ ।१७ जुलाई २००१ देखि १५ जुलाई २००२ सम्ममा रु. १४,१२,२३३।१९ सम्मको कारोबार भएको देखिन्छ । १६ जुलाइ २००२ देखि २८ अप्रिल २००३ सम्ममा रु. १,८३,३३६।७५ सम्मको कारोबार भएको देखिन्छ । १३ अप्रिल २००३ देखि १३ अप्रिल २००८ सम्ममा रु. १,७०,०६,६३७।९९ सम्मको कारोबार भएको देखिन्छ । १४ अप्रिल २००८ देखि १२ मार्च २०१२ सम्ममा रु. १,८५,७५,३१७।७७ सम्मको कारोबार भएको देखिन्छ ।

उल्लेखित सम्पुर्ण कारोबारहरुमा निजको खातामा Credit जम्मा रु.५,२३,९४,११४।७३ र Debit रु. ५,२३,९१,५५१।८७ भएको र कारोबार पश्चयात उक्त खातामा रु.२५६२।८६ रकम मौज्दात रहेको देखिन्छ।

अनुसन्धानको क्रममा संकलित पासाङ्ग डोमा गुरुङ्गको हिमालयन बैंकको खाता नं. ०१९-०१११३४७-००१२ को खाताबाट भएको कारोबारको सम्बन्धमा सन ०१ जनवरी २००६ देखि १३ अप्रिल २००८ सम्ममा रु.३४,५६,९१८।१३ सम्मको कारोबार भएको देखिन्छ ।त्यस्तै सन १४ अप्रिल २००८ देखि १२ मार्च २०१२ सम्ममा रु.२६,०७,८८७।९४ सम्मको कारोबार भएको देखिन्छ ।उल्लेखित कारोबारमा जम्मा Credit रु.६०,६४,८०६/०७ र Debit रु.६०,६१,९३९/७८ भइ रु.२,८६६/२९ ब्यालेन्स रहेको देखिन्छ ।

उल्लेखित मेरो हिमालयन बैंक लिमिटेडमा भएको खाता नं. ००१०१११३४७००१२ को खाताबाट भएको कारोबारको सम्बन्धमा ९ जनवरी २००९ मा अमेरिका जानका लागि भिसा एप्लाई गर्दा बैंकमा धेरै रकम जम्मा भएको र धेरै मात्रामा आर्थिक कारोबार भएको देखाउनु पर्ने भएकोले बैंकमा कारोबार बनाई राख्ने र पछि अमेरिका जाने प्रयोजनका लागि तत्काल काठमाण्डौं ठमेल स्थित गो-गो बारका संचालक देवर नाता पर्ने मुखिया घले र राजिव गुरुङ्गसंग कुराकानी गरी सोही बारका मैनेजर राम लामा भन्ने ब्यक्तिले सन २००६ देखि सन २००८ सम्म पटक-पटक गरी खातामा रकम राखिदिएका हुन् । पछि गो-गो बारमा नै फिर्ता जाने गरी उक्त रकम निकालिएको हो ।उक्त समयाबधिको बैंक स्टेटमेन्टमा उल्लेख भएको प्रत्येक मिति र दिनको कारोबारको सम्बन्धमा एकिन गरी खुलाउन भने सक्तिन । सोही बैंक स्टेटमेन्टको सन ४ अप्रिल २००८ देखि सन १२ मार्च २०१२ सम्ममा भएको कारोबारको सम्बन्धमा ९ सेप्टेम्बर २००९ मा जम्मा भएको १९,००,०००/-(उन्नाईस लाख) रुपैयाँ मेरो आमा दोर्जे खाण्डो गुरुङ्गले नारायणघाटको शारदानगर स्थित करीब ८ कठ्ठा जग्गा बिक्रि गरी मेरो बैंक खातामा राखिदिएकी हुन् । पटक-पटक गरी सोही रकम निकाल्दा के-कुन प्रयोजनको लागि निकालिएको हो याद नभएकोले एकिन गरी भन्न सक्तिन भनी पासाङ डोमा गुरुङले बयान गरेको देखिन्छ ।

मालपोत कार्यालय भरतपुर, चितवन को च.न. ८५३०, मिति २०६९/११/१ को पत्र बाट दोर्जे खाण्डो गुरुङले जिल्ला चितवन, नारायणगढ शारदानगर स्थित ८ कठ्ठा जग्गा बिक्री गरेको भन्ने यस कार्यालयको कुनै फाँटबाट पत्ता लगाउन नसकिएको भन्ने पत्र प्राप्त भएको छ ।

**(ख) राजिब गुरुङ र सुनिल गुरुङको नाममा बैंक अफ काठमाण्डौमा रहेको संयुक्त खाताः**

अनुसन्धानको क्रममा बैंक अफ काठमाण्डौको मिति २०६८/१२/१६ को प.सं. १०५-०६८/६९ को पत्रबाट राजिब गुरुङ र सुनिल गुरुङको संयुक्त नाममा रहेको बैंक अफ काठमाण्डौको खाता नं ०००००६०६९७ हाल बन्द रहेको र उक्त खाताबाट २३-०६-२००३ देखि १६-११-२००७ सम्ममा रु. २०,९९,१७६/- को कारोबार भएको देखिन्छ ।

**(ग) पासाङ डोमा गुरुङको नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेडमा रहेको खाताः**

नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेडको मिति २०६८।११।०२ गतेको पत्रबाट उक्त बैंकको शाखा कार्यालय ठमेलमा रहेको पासाङ्ग डोमा गुरुङ्गको नामको खाता नं. ०१६०५०९००२२२९७ को खाता रोक्का राखिएको जानकारी प्राप्त भएको छ । साथै पत्रसाथ उल्लेखित बैंकको बैंक स्टेटमेन्ट समेत प्राप्त आएको छ । अनुसन्धानको क्रममा संकलित पासाङ्ग डोमा गुरुङ्गको नामको नेपाल ईन्भेष्टमेन्ट बैंकको खाता नं. ०१६०५०९००२२२९७ को खाताबाट भएको कारोबारको सम्बन्धमा सन ०८ सेप्टेम्बर २००९ देखि १३ फेब्रुअरी २०१२ सम्ममा जम्मा Cr रु.१,४७,९९,४३७।१९ र Dr रु.१,४७,४४,५२१/८४ को कारोबार भएको देखिन्छ । उल्लेखित कारोबार पश्चयात उक्त खातामा रु. ५४,९१५।३५ मौज्दात भएको देखिन्छ ।

मेरो नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेडको खाता नं. ०१६०५०९००२२२९७ को खाताबाट भएको कारोबारको सम्बन्धमा सन ९ सेप्टेम्वर २००९मा जम्मा भएको रु.६६,००,०००/- र १३ सेप्टेम्वर २००९ मा जम्मा भएको रु.६६,००,०००/- गरी कुल रु.१,३२,००,०००/- रकम जिल्ला काठमाण्डौं सितापाईला स्थित कि.नं. १९३१ र कि.नं. १९३२ को कुल क्षेत्रफल ४० आना जग्गा वि.एण्ड के. यूनिक मल्टीपर्पसलाई बिक्रि गरे बापत प्राप्त रकम हो । उक्त जग्गा खरिद गर्दा मेरो र मेरी आमा दोर्जे खाण्डो गुरुङ्गको संयक्त लगानी रु.५,००,०००/-(पाँच लाख) भएकोले सन १५ सेप्टेम्बर २००९ मा खाताबाट निकालिएको रु.६६,००,०००/- रकम मैले आधि हिस्सा आफ्नो आमालाई दिएकी हुँ । सन २ नोभेम्वर २००९ मा निकालिएको रु.४०,००,०००/-(चालीस लाख) रकम जिल्ला नुवाकोट ककनी गा.बि.स. वडा नं. २ स्थित करीव ७८ रोपनी जग्गा खरीद गर्दा बैना स्वरुप दिनलाई हो । उल्लेखित करीव ७८ रोपनी जग्गा मुल्य रु.९०,००,०००/- नब्बे लाखमा खरिद गरी प्राप्त गरेकी हुँ । सन ९ नोभेम्बर २००९ मा ग्याम्जो गुरुङ्गको नाममा भुक्तानी भएको रु.३,००,०००/-(तीन लाख) निजबाट सापटी लिएको रकम निजलाई नै फिर्ता गर्नलाई हो । १६ नोभेम्बर २००९ मा निकालिएको रु.१,००,०००/-हाल बेलायत रहेका आङ्ग गेलुलाई सापटी लिएको रकम फिर्ता गर्नु पर्ने भएकोले हो । सन ११ डिसेम्वर २०१२ मा थम बहादुर पुनको नाममा भुक्तानी देखिएको रु.२६,००,०००/-(छब्बीस लाख) रकम जिल्ला काठमाण्डौं का.म.न.पा.१६ पकनाजोल स्थित कि.नं. ११४३ को क्षेत्रफल छ आना एक पैसा दुई दाम जग्गा खरिद गर्दा बैना स्वरुप निजलाई दिनलाई हो । सन ३ डिसेम्बर २००९ मा खातामा जम्मा भएको रु. १५,००,०००/-(पन्ध्र लाख) अंकल नाता पर्ने क्षेत्रपाटी, धोवीचौर बस्ने हाल स्वर्गीय पासाङ्ग शेर्पाबाट सापटी स्वरुप प्राप्त गरेको रकम हो ।उल्लेख भए बमोजिम बाहेक अन्य कारोबारका सम्बन्धमा यकिन गरी भन्न सक्तिन भनी पासाङ डोमा गुरुङले बयान गरेको देखिन्छ ।

**(घ) पासाङ डोमा गुरुङको स्टयाण्डर्ड चार्टर्ड बैंकमा रहेको खाताः**

अनुसन्धानको क्रममा पासाङ डोमा गुरुङको स्टयाण्डर्ड चार्टर्ड बैंकको मिति २० अगस्त २०१२ र २७ जनवरी २०१३ को पत्र बाट निजले ९ फेब्रुवरी २०१० मा रु.४५,००,०००/- घर/जग्गा ऋण

लिएको देखिन्छ । उक्त ऋणको निजले हालसम्म सावाँ तथा ब्याज गरी जम्मा रु.१८,५९,२७२।०७ चुक्ता गरिसकेको तथा ४२,३७,०५४।८८ तिर्न अझै बाँकी रहेको भन्ने जानकारी प्राप्त हुन आएको छ ।

**(ङ) दिछेन डोल्मा लामाको स्टयाण्डर्ड चार्टर्ड बैंकमा रहेको खाता**

स्टयाण्डर्ड चार्टर्ड बैंकको Ref: SCB/PHQ/12-57 मिति सन १४ जुलाई २०१२को पत्रबाट राजिव गुरुङ्गको कान्छी श्रीमती दिछेन डोल्मा लामाको उक्त बैंकको खाता नं. १८१३४६११३०१ को बैंक स्टेटमेन्ट प्राप्त हुन आएको छ । उक्त खाता रोक्का राखिएको छैन । अनुसन्धानको क्रममा संकलित दिछेन डोल्मा लामाको स्टयाण्डर्ड चार्टर्ड बैंकको खाता नं. १८१३४६११३०१ को खाताबाट भएको कारोबारको सम्बन्धमा सन १० जनवरी २०१० देखि १३ जुलाई २०१२ सम्म भएको कारोबार पश्चयात रु ६१,२८१।८८ रकम जम्मा भएको देखिन्छ ।

**प्रतिबादीहरुको आम्दानी सम्बन्धमा**

प्रतिबादी राजीब गुरुङले २०४२ सालमा पैत्रिक सम्पत्तिको रुपमा रु.१०,१५,०००/- ( भारु. ७,००,०००) प्राप्त गरी सोही मध्य रु. ५,००,०००/- झिटीगुन्टा ब्यबसायमा लगानी गरी २०५२ साल सम्ममा मासिक रुपमा ७२,०००/- आम्दानी गरेको भनी बयान गरेका छन् ।बयान अनुसार निजले रु. ७७,७६,०००।- आम्दानी गरेको देखिन्छ ।त्यसैगरी २०४४ साल देखि २०४६ साल सम्म झिटिगुन्टा ब्यबसाय कायमै राखी भारतको नागाल्याण्डमा गइ गार्मेन्ट उद्योग संचालन गरी २०४६ सालमा भारु. १३,००,०००/- (करिब रु.२१,८४,०००/-) आर्जन गरेको , २०४९ सालमा बिबाह गर्दा र दाइजो र दक्षिणा स्वरुप रु.९,००,०००/- प्राप्त गरेको, २०५० देखि २०५१ सम्ममा ७० देखि ८० जना नेपाली कामदारलाइ दक्षिण कोरियामा रोजगारी लगाइदिए बापत प्रति ब्यक्ति USD ४०० (जम्मा USD २८,०००/-) प्राप्त गरेको भनी बयान गरेको देखिन्छ । त्यसैगरी २०५१/५२ सालमा बेलायत गइ मासिक बेलायती पाउण्ड ८००/- का दरले ६ महिनामा बेलायती पाउण्ड ५,४००/- (सो समयको विनिमय दर अनुसार रु. ४,७२,२३०।-) आर्जन गरेको, २०५४ सालमा संयुक्तराज्य अमेरिका गई USD २४,०००/- आर्जन गरेको भनि बयान दिएको देखिन्छ । निजले बयानमा नै आम्दानीको श्रोत खुल्ने कागजपत्र हरु पेश गर्न नसक्ने भनी भनेका हुँदा आफ्नो हालको अबैध रुपमा देखिएको सम्पत्तिलाइ बैध देखाउन कपोकल्पित बयान दिएको देखिन्छ ।

मैले पुर्ख्यौली सम्पत्तिको रुपमा प्राप्त रकम, झिटीगुन्टा ब्यबसायबाट आर्जित रकम, पासाङ डोमा गुरुङ्गसंग बैबाहिक सम्बन्ध कायम हुँदा प्राप्त रकम, भारतको नागाल्यैण्डमा गार्मेन्ट ब्यबसाय संचालनबाट आर्जित रकम, दक्षिण कोरियामा नेपाली कामदारहरूलाई रोजगार लगाई दिए बापतको रकम, बेलायत र अमेरिकाको रोजगारबाट आर्जित रकम खुल्ने कुनै कागजातहरू आफ्नो साथमा नभएकोले पेश गर्न सक्तिन भनी प्रतिबादी राजिब गुरुङले बयान गरेको देखिन्छ।

निजले आफ्नो बयानमा इच्छामाइ रोडा ढुङ्गाबाट मासिक रु.२०,०००/-, त्रिलोक प्लाजाबाट मासिक रु.४०,०००/-,गो-गो बारबाट मासिक रु.१०,०००/- नियमित हुने आम्दानी हुन भनी बयान गरेपनि निजले

.................................

उक्त आम्दानी पुष्टीहुने कागजपत्रहरु पेश गर्न नसकेकाले उक्त आम्दानीलाइ बैधानिक आम्दानी मान्न सकिदैन। निजले सतुवा (जडिबुटि) बिक्रि गरे बापत बार्षिक रु.२,५०,०००-/ स्याऊ ब्यबसायबाट १,६४,०००/- आम्दानी भएको भनि बयानमा उल्लेख गरेपनि उक्त आम्दानीहरुको बैधानिकता खुल्ने कुनै पनि कागजपत्रहरु पेश गर्न सकेका छैनन्।

त्यसै गरी प्रतिबादी पासाङ डोमा गुरुङले कामनपा १६ को घरभाडा बापत प्रतिमहिना रु.३०,०००/- प्राप्त हुने, ककनी नुवाकोटको ७७-१३-१-० जग्गा सिस्नेरी रोडा ढुङ्गालाइ खानी प्रयोजनको लागि दिएबापत प्रति महिना रु.५८,०००/- प्राप्त हुने भनि बयानमा उल्लेख गरेको देखिएकोमा उक्त घरजग्गाहरुमा लगानी गरेको शुरुको श्रोत नै अबैध भएकोले अबैध रकमबाट बढे बढाएको सम्पत्ति समेत बैध हुने देखिदैन ।

कुनैपनि कम्पनीको आम्दानी बितरणका लागि उक्त कम्पनीको

- लेखापरिक्षण बार्षिक रुपमा हुनु पर्ने,
- कम्पनीको साधारण सभाले पारित गर्नुपर्ने,
- मुनाफा प्राप्त गरेको देखिनु पर्ने,
- मुनाफामा नियामानुसार लाग्ने कर तिर्नुपर्ने र
- लगानी कर्ताले आफ्नो शेयरको अनुपातमा कम्पनीको लाभांश प्राप्त गर्ने कार्य सम्पन्न हुनु पर्दछ तर प्रतिबादी राजिव गुरुङ्गको लगानी रहेका वा निजले लगानी रहेको भनेका कम्पनीहरुको कागजातहरुबाट उल्लेखित प्रक्रिया पूरा गरी निज प्रतिबादीले लाभांस समेत प्राप्त गरेको देखिंदैन ।निजले आफ्नो बयानमा बिभिन्न कम्पनीहरुबाट प्रतिफल प्राप्त गरेको भनी भनेता पनि निज प्रतिबादीले ती कम्पनीहरुबाट कुनैपनि प्रतिफल वा आम्दानी प्राप्त गरेको संकलित कागजातहरुबाट देखिंदैन ।

<u>**प्रतिबादीहरुको खर्च सम्बन्धमाः-**</u>

अध्यागमन कार्यालय, त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल गौचरणको च.नं. १३०२, मिति २०६९।११।१३ गतेको पत्रबाट प्र. राजिव गुरुङ्ग (राहदानी नं. ५७२०२४ र ३०४६१२७)ले बिदेश आवागमन गरेको अभिलेख कम्प्यूटरमा प्राविष्ट भएको नदेखिएको भन्ने ब्यहोराको जानकारी प्राप्त भएको छ ।

मेरो प्रत्येक पटक ब्यबसाय एवं रोजगारको सिलसिलामा हङ्गकङ्ग जाँदा आउँदा रु.७०,०००।- जति खर्च भएको, कोरिया जाँदा आउँदा रु.४०,०००।- देखि रु.५०,०००।- खर्च भएको, ब्याङ्कक जाँदा आउँदा रु. ४०,०००।- जति खर्च भएको, जर्मन जाँदा आउँदा रु.३०,०००।- जति खर्च भएको, बेलायत जाँदा आउँदा रु.४०,०००।- देखि रु.५०,०००।- खर्च भएको, अमेरिका जाँदा आउँदा रु.६०,०००।- खर्च भएको हो। उल्लेख भए बमोजिम बाहेक अन्य मुलुकमा जाँदा आउँदा के कति खर्च भयो याद भएन । त्यसरी खर्च भएको रकमको प्लेन टिकट लगायतको कुनै कागजातहरु मसंग छैन । उल्लेखित खर्च भएको रकमको आर्थिक श्रोत झिटीगुन्टा ब्यबसायबाट आर्जित रकम नै हो भन्ने राजिव गुरुङ्गले बयानमा खुलाई दिएका छन्।

प्रतिबादी राजिब गुरुङको बयान अनुसार बैदेशिक मुलुकमा आवागमन गर्दा लागेको न्यूनतम रकम रु. २१,३०,०००।— हुन आउँदछ ।

त्यस्तै निजको बयानबाट राजिव गुरुङ्ग र निजको परिवार समेतको दैनिक उपभोग्य बस्तुमा रु. २०,०००(बीस हजार), बत्ती(बिद्युत)मा रु.१,२००/-(एकहजार दुईसय), नोकर-चाकरमा रु.१,२००/-(एक हजार दुईसय) र घर भाडामा रु.७,०००/-(सात हजार) समेत गरी मासिक रुपमा ३५,०००/-(पैंतीस हजार) देखि ४०,०००/-(चालीस हजार)सम्म खर्च हुने साथै टेलिफोन र यातायातको खर्च मनाङ्ग ईन्टरनेशनल ट्रेडर्स प्रा.लि.ले ब्यहोर्ने समेत खुल्न आउँदछ ।

म तथा मेरो खर्च बिबरणमा कान्छो छोरा सिद्धान्त गुरुङ्गको बार्षिक स्कूल फि भारतीय रुपैयाँ १,१०,०००/-(एकलाख दशहजार), जेठो छोरा सिद्धार्थ गुरुङ्गको मासिक स्कूल फि रु.१२,०००/-(बाह हजार) रहेको छ । सो बाहेकको मेरो मासिक खर्च रु.२५,०००/-(पच्चीस हजार) जति रहेको छ भन्ने समेत ब्यहोरा प्रतिबादी पासाङ्ग डोमा गुरुङ्ले बयानमा खुलाई दिएकी छिन् ।

निजहरुको मासिक खर्चको बिश्लेषण गर्दा निज प्रतिबादीहरुको अस्वभाबिक तथा उच्च जीबनशैली यापन गरेको देखिन्छ ।

प्रतिबादी दिपक मनाङ्गे भन्ने राजिब गुरुङ समेत उपर सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा मुद्दा चलाउने भनि २०७०।०१।१७ मा जिल्ला सरकारी वकिल कार्यालय काठमाण्डौबाट भएको निर्णय ।

**२३. अभियुक्तले उल्लङ्घन गरेको कानुनः-**

पैतृक सम्पत्ति स्वरुप प्राप्त भारतीय रुपैयाँ, जेठी श्रीमती पासाङ्ग डोमा गुरुङ्गसंग बैबाहिक सम्बन्ध कायम हुँदा निजलाई प्राप्त हुन आएको नगद रुपैयाँ, पैतृक सम्पत्ति लगानी भएको भन्ने निजको झिटीगुन्टा ब्यबसायबाट आर्जित रकम, नेपाली ७०/८० जना कामदारहरुलाई दक्षिण कोरियामा रोजगारी लागाई दिए बापतको रकम, भारतको नागाल्यैण्डमा गार्मेन्ट ब्यबसायबाट आर्जित रकम तथा बेलायत र अमेरिकाको रोजगारबाट आर्जित नगद सम्पत्ति नै प्रतिबादीहरुको प्रारम्भिक सम्पत्तिको रुपमा रहेको भन्ने प्रतिबादी राजिब गुरुङ्ग तथा प्रतिबादी पासाङ डोमा गुरुङ्गको बयानबाट खुल्न आएको देखिन्छ ।

उल्लिखित सम्पत्ति बिभिन्न ब्यबसायीक फर्म र खरिद गरेका जग्गाहरुमा लगानी गरेको भन्ने बयान बाट देखिएकोमा त्यस्तो सम्पत्ति निजहरुसंग रहेको भन्ने कुनै आधार प्रमाण समेत देखिंदैन ।अनुसन्धानको क्रममा बुझिएका टासी दोर्जे गुरुङ्ग, उमेश लामा, प्रेम घले, गणेश लामा, राजु सुबेदी, अच्युतराज पाण्डे, संजिब तुलाधर, बिक्रम गिरी, कर्साङ्ग गुरुङ्ग, कमल गिरी समेतका मानिसहरुले गरिदिएको कागज समेतबाट प्रतिबादी राजिब गुरुङ्ग र निजको श्रीमती पासाङ डोमा गुरुङ्गले पैतृक सम्पत्तिको रुपमा कुनै चल अचल सम्पत्ति प्राप्त गरेको भन्ने आधार प्रमाण पेश गर्न सकेको नदेखिएको र निजहरुको नाममा रहेको उल्लेखित घर जग्गाहरु बिभिन्न कम्पनीहरुमा भएको लगानी तथा बिभिन्न बैंकहरुमा अस्वभाबिक रुपमा नगद कारोबार भएको देखिएकोले प्रतिबादी दिपक मनाङ्गे भन्ने राजिब गुरुङले गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्तिलाइ शुद्धीकरण

गर्ने उदेश्यले घर जग्गाहरुमा लगानी गरेको, गैरकानूनी रुपमा आर्जन गरेको रकमलाइ बैध देखाउन बिभिन्न कम्पनीहरुमा लगानी गरेको, बिना लगानी बिभिन्न कम्पनीहरुको शेयर प्राप्त गरेको देखिएको र सम्पत्ति लुकाउने उद्देश्यले जेठी श्रीमती पासाङ्ग डोमा गुरुङ्गको नाममा घर जग्गा खरिद गरेको, आफ्नो नाममा रहेको सम्पत्ति समेत अंशबण्डा गरी निजलाइ दिई छुट्टीभिन्न भएको अबस्था देखाएका, आय स्रोतको अबस्था हेर्दा अमिल्दो र अस्वभाबिक जीबनस्तर यापन गरेको देखिएकोले निजहरुले सम्पत्ति शुद्धीकरण गरी गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरेको तथ्य पुष्टी हुन आएको देखिन्छ ।

अतः प्रतिबादी राजीब गुरुङ र पासाङ डोमा गुरुङले  सम्पत्ति शुद्धीकरण(मनी लाउण्डरिङ) ऐन,२०६४ को दफा ३ ले निषेधित गरेको कार्य गरी दफा ४ (क),(च) तथा सोही दफा ४ को (त) ले अधिकार प्रदान गरे अनुसार नेपाल सरकार अर्थ मन्त्रालयद्वारा २०६६।१२।२३ मा प्रकाशित सूचनाको खण्ड (क), (घ) र सोही ऐनको दफा २८ र २९ मा उल्लेखित कसूर गरी गैर कानुनी रुपमा आर्जन गरेको सम्पति शुद्धीकरण गर्ने र स्रोत लुकाउने उद्देश्यले बढि मुल्यमा खरिद गरिएको जग्गालाइ कम मुल्यमा राजिनामा लिखत देखाइ राजश्व समेत छलि गरी सम्पति शुद्धीकरण जन्य कार्यमा प्रत्यक्ष अनि सकृय रुपमा संलग्न देखिनुका साथै प्रतिबादी पासाङ डोमा गुरुङले समेत  आफ्ना श्रीमान राजिब गुरुङले आर्जन गरेको गैर कानूनी सम्पत्ति प्राप्त गर्ने र त्यस्तो सम्पत्ति हस्तान्तरण समेत गर्ने हेतुले बैंकमा बिभिन्न खाताहरु समेत खोली अस्वभाबिक कारोबारहरु गरी सम्पत्ति शुद्धीकरण गरेको देखिन्छ ।

## २४. <u>अभियुक्त उपर लगाएको अभियोग र दाबीः-</u>

यसमा संकलित सबुद प्रमाण र जिल्ला सरकारी वकिल कार्यालयबाट मुद्दा चलाउने गरी भएको निर्णय समेतका आधारमा बिभिन्न अपराधिक क्रियाकलापहरुमा संलग्न रही दिपक मनाङ्गे भनिने राजिव गुरुङ र निजकी जेठी श्रीमती पासाङ्ग डोमा गुरुङ्गले सम्पत्ति शुद्धीकरण (मनी लान्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४(ख,च) तथा दफा ४(त) बमोजिमको नेपाल सरकारबाट २०६६/१२/२३ मा राजपत्रमा प्रकाशित सुचनाको क्र.सं. (क) र (ग) बमोजिमको कसुर गरेको सम्बन्धमा के कुन कारबाही हुनुपर्ने हो भनि हेर्दा प्रतिबादी दिपक मनाङ्गे भन्ने राजिब गुरुङ्गको जेठी श्रीमती प्रतिबादी पासाङ डोमा गुरुङ्गको नाममा का.म.न.पा. १६ स्थित कि.न. १०८३, १०३३, १०३४, ११०८, ११०९ र ११४३ का जग्गाहरु  रहेको, उक्त जग्गाहरु मध्ये कि.नं १०८३, १०३३, १०३४, ११०८ र ११०९ का जग्गाहरुको हालको न्युनतम मुल्य रु.३,७०,००,०००।— र उल्लेखित जग्गाहरुमा घर निर्माण गर्दा गरेको लगानी रु.३०,००,०००।- गरी जम्मा रु. **४,००,००,०००/-** र कि.नं. ११४३ को जग्गा खरिद गर्दा कर्जा रु.४५,००,०००।-लिइएकोमा बैंकलाइ हालसम्म चुक्ता गरेको साँवा तथा ब्याज रु.**१८,५९,२७२।०७** देखिन्छ । त्यस्तै जिल्ला नुवाकोट ककनी गा.बि.स. वडा नं २  स्थित कि.न. १९५, १९६, ४६५, ४६६, १८७, ३८८, १८९, १९४, १८५, ३८७, १८४, १९२, १८६, १८८, १९१, १८१, १८३ जग्गा रहेको र उल्लेखित जम्मा क्षेत्रफल

७७-१३-१-० जग्गा खरिद गर्दा लगानी गरेको रु ९०,००,०००।— र सो जग्गामा बनेको टहराको मुल्य रु. ५०,०००।— गरी जम्मा **रु.९०,५०,०००।—** रहेको भन्ने देखिन्छ।

त्यस्तै प्रतिबादी पासाङ डोमा गुरुङ्गको साझेदारीमा संचालित वेष्ट प्वाईन्ट ढुङ्गा रोडा उद्योग प्रा.लि.मा लगानी रु.२,००,०००।— र अक्टोपस ट्रेकिङ्ग पसलमा रु. **५,००,०००।-** प्रतिबादी दिपक मनाङ्गे भन्ने राजिब गुरुङको साझेदारीमा ईच्छामाई ढुङ्गा रोडा उद्योग प्रा.लि.मा लगानी रु. **५,००,०००।-** गोसाईकुण्ड रोडा ढुङ्गा उद्योग प्रा.लि.मा **रु.१४,५०,०००।-,** गो-गो बार प्रा.लि. मा **रु.२,००,०००।-,** ओम श्री ओम मल्टीपर्पस प्रा.लि.मा **रु.२१,००,०००।-,** मनाङ्ग ईन्टरनेशनल ट्रेडर्स प्रा.लि.मा रु. **५,००,०००।-** र क्लव डाईनेष्टी प्रा.लि.मा **रु.२०,००,०००।—** गरी जम्मा **रु.७४,५०,०००।-** लगानी भएको देखिन्छ ।

त्यस्तै निज राजिव गुरुङ्गको साझेदारी रहेको साईड वाकर्स ट्रेडर्स प्रा.लि. को शेयर रु. **२५,००,०००।—** रघुराज वन्तलाइ बिक्री गरेको र ओयसिस ईन्जीनियर्स एण्ड बिल्डर्स प्रा.लि. मा रहेको लगानी **रु.१९,६०,०००।—** अच्युतराज पाण्डेलाई बिक्री गरेको देखिएबाट निजको जम्मा रु. ४४,६०,०००।— लगानी भएको देखिन्छ ।

निरमाया रोधिक्लब एण्ड रेष्टुरेन्ट प्रा.लि.रु. **२,२५,०००।-,** गण्डकी रोधीक्लब एण्ड फेसन बार रु. **१,००,०००।—** मा बिक्री गरेको र सिस्नेरी रोडा ढुङ्गा उद्योग प्रा.लि.मा **रु.२०,००,०००।—** गरी जम्मा **रु.२३,२५,०००।—** प्रतिबादी राजिब गुरुङको लगानी गरेको भन्ने प्रतिबादी राजिब गुरुङको बयान तथा बुझिएका दिल बहादुर लामाको कागज समेतबाट खुल्न आएको देखिन्छ भने प्रतिबादी राजिब गुरुङले भरी पेश गरेको सम्पत्ति बिबरण फारमबाट बिभिन्न मितिमा २६५ जनालाई **रु.४७,००,०००।—** कर्जा लगानी गरेको भन्ने खुल्न आएको देखिन्छ ।

प्रतिबादी राजिब गुरुङको हिमालयन बैंक लि.मा रहेको खाता नं ०१९-००१३३३९००१९ मा ६ मे १९९८ देखि १२ मार्च २०१२ सम्म **रु.५,२३,९१,५५१।८७** को कारोबार र मौज्दात रकम रु. **२,५६२।८६** रहेको, निज प्रतिबादी राजिब गुरुङ र सुनिल गुरुङको बैंक अफ काठमाण्डौ लि. मा रहेको संयुक्त खाता नं ००००१६०६९७ बाट २३ सेप्टेम्बर २००३ देखि १६ नोभेम्बर २००७ सम्म रु. **२०,९९,१७६।—**को कारोबार भएकोमा हाल उक्त खाता बन्द अबस्थामा रहेको देखिन्छ ।

प्रतिबादी पासाङ डोमा गुरुङको नेपाल इन्भेष्टमेन्ट बैक लि.मा रहेको खाता नं ०१६०५९००२२२९७ बाट ८ सेप्टेम्बर २००९ देखि १३ फेब्रुवरी २०१२ सम्म रु. **१,४७,४४,५२१।८४** कारोबार भएकोमा हाल रु.५४,९१५।३५ मौज्दात रहेको देखिन्छ भने निजकै हिमालयन बैंकको खाता नं ०१९-०१११३४७-००१२मा १ जनवरी २००६ देखि १३ अप्रिल २००८ सम्म रु.६०,६१,९३९।७८ कारोबार भइ हाल मौज्दात रु.२,८६६।२९ देखिन्छ ।प्रतिबादी राजिब गुरुङको बयान अनुसार निज बैदेशिक मुलुकमा आवागमन गर्दा जम्मा **रु.२१,३०,०००।—** लाग्न गएको भन्ने देखिन्छ ।

अतः माथि उल्लेखित तथ्य ब्यहोरा एवं मिलिल संलग्न कागज प्रमाणहरुबाट प्रतिबादी पासाङ डोमा गुरुङको नाममा जिल्ला काठमाण्डौं कामनपा १६ स्थित कि.नं. १०८३, १०३३, १०३४, ११०८ र ११०९ का जग्गाहरु र सोमा निर्माण भएको घरसमेतको जम्मा मुल्य रु.४,००,००,०००/-, सोही वडा नं १६ स्थित कि.न. ११४३ को जग्गा खरिद गरे पश्चात स्टयाण्डर्ड चार्टर्ड बैंकलाइ तिरेको सावाँ र ब्याज बापत हालसम्म भुक्तानी गरेको रकम रु.१८,५९,२७२/०७, निजको नाममा जिल्ला नुवाकोट ककनी गा.बि.स. वडा नं २ स्थित कि.न. १९५, १९६, ४६५, ४६६, १८७, ३८८, १८९, १९४, १८५, ३८७, १८४, १९२, १८६, १८८, १९१, १८१, १८३ जग्गाको जम्मा क्षेत्रफल ७७-१३-१-० को मुल्य रु.९०,५०,०००।-, निज पासाङ डोमा गुरुङको नेपाल इन्भेष्टमेन्ट बैक लि.मा भएको कारोबार रकम रु.१,४७,४४,५२१।८४ र सो मा मौज्दात रु.५४,९१५।३५ गरि जम्मा रु.१,४७,९९,४३७।१९, हिमालयन बैंकमा भएको कारोबार रकम रु.६०,६१,९३९।७८ र सो मा मौज्दात रू.२,८६६।२९ गरी जम्मा रु.६०,६४,८०६।०७, निज समेतको साझेदारीमा संचालित वेष्ट प्वाईन्ट ढुङ्गा रोडा उद्योग प्रा.लि.मा रु.२,००,०००।— र अक्टोपस ट्रेकिङ्ग पसलमा लगानी रहेको रु.५,००,०००।- तथा प्रतिबादी दिपक मनाङ्गे भन्ने राजिब गुरुङ समेतको साझेदारीमा संचालन भएका ईच्छामाई ढुङ्गा रोडा उद्योग प्रा.लि.मा रु. ५,००,०००।- गोसाईकुण्ड रोडा ढुङ्गा उद्योग प्रा.लि.मा रु.१४,५०,०००।-, गो-गो बार प्रा.लि. मा रु. २,००,०००।-, ओम श्री ओम मल्टीपर्पस प्रा.लि.मा रु.२१,००,०००।-, मनाङ्ग ईन्टरनेशनल ट्रेडर्स प्रा.लि.मा रु.५,००,०००।- र क्लव डाईनेष्टी प्रा.लि.मा रु.२०,००,०००।- लगानी भएको , त्यसैगरी निज राजिब गुरुङको हिमालयन बैंकमा भएको कारोबार रकम रु.५,२३,९१,५५१।८७ र सोमा मौज्दात रकम रु.२,५६२।८६ गरी जम्मा रु.५,२३,९४,११४।७३, निज समेतको संयुक्त खातामा बैंक अफ काठमाण्डौ मा भएको कारोबार रकम रु.२०,९९,१७६।-, निज राजिव गुरुङ्गको शेयर बिक्रि गरीएका साईड वाकर्स ट्रेडर्स प्रा.लि. को रु.२५,००,०००।- र ओयसिस ईन्जीनियर्स एण्ड बिल्डर्स प्रा.लि. मा लगानी भएको रु. १९,६०,०००।- निज समेतको लगानी भएको भन्ने खुल्न आएको निरमाया रोधिक्लब एण्ड रेष्टुरेन्ट प्रा.लि.मा रु.२,२५,०००।-, गण्डकी रोधीक्लब एण्ड फेसन बारमा रु.१,००,०००।- र सिस्नेरी रोडा ढुङ्गा उद्योग प्रा.लि.मा रु.२०,००,०००।-, निज राजिब गुरुङले बुझाएको सम्पत्ति बिबरण फारममा उल्लेख भए बमोजिम बिभिन्न मितिमा २६५ जनालाई लगानी गरेको कर्जा रु.४७,००,०००।-, र निजको बैदेशिक मुलुकमा आवागमन गर्दा लागेको भनि खुल्न आएको न्यूनतम रकम रु.२१,३०,०००।- गरी जम्मा रु.१४,७३,३१,८०६। **(चौध करोड त्रिहत्तर लाख एकतिस हजार आठ सय छ रुपैयाँ)** बराबर रकम आर्जन गरेको र सो को बैध श्रोत प्रमाणित गर्न सकेको नदेखिइ निज प्रतिबादी दिपक मनाङ्गे भन्ने राजिब गुरुङले बिभिन्न गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरेको र उक्त गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्तिलाइ प्रतिबादीहरु दिपक मनाङ्गे भन्ने राजिब गुरुङ र पासाङ डोमा गुरुङले सम्पत्ति शुद्धीकरण गर्ने र अबैध श्रोत लुकाउने उदेश्यले बिभिन्न कारोबार गरेको देखिइ निज प्रतिबादीहरु राजीब गुरुङ र पासाङ डोमा गुरुङले **सम्पत्ति शुद्धीकरण(मनी**

**लाउण्डरिङ) निबारण ऐन,२०६४ को दफा ३ द्वारा निषेधित दफा ४ र दफा २८** बमोजिम कसूर गरेको पुष्टी हुन आएकोले उक्त कसुर गरेकोमा निज प्रतिबादी दिपक मनाङ्गे भन्ने राजिब गुरुङ र पासाङ डोमा गुरुङलाइ बिगो रु.**१४,७३,३१,८०६।-** कायम गरी सोही ऐनको दफा ३०(२) अनुसार सजाय गरि पाउन र प्रतिबादी प्रतिबादी पासाङ्ग डोमा गुरुङ्गको  नाममा माथि उल्लेखित जग्गाहरु र सो मा बनेका घर टहरा र निज प्रतिबादीहरुको नाममा उल्लेखित बैंकहरुमा रहेको रकम तथा निजहरुको माथी उल्लेखित बिभिन्न कम्पनी तथा उद्योग प्रा.लि.मा रहेका लगानी समेत सोही  ऐनको **दफा ३४** अनुसार जफत गरिपाउन माग दावी लिइएको भन्ने वादी नेपाल सरकारको अभियोग दाबी ।

**२५. <u>अभियुक्तलाई हुनुपर्ने सजाय</u>ः-**

प्रतिबादीहरु राजीब गुरुङ्ग र पासाङ डोमा गुरुङले  **सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निबारण ऐन,२०६४ को दफा ३ द्वारा निषेधित  र दफा ४ (क),(च) तथा सोही दफा ४ को (त) ले अधिकार प्रदान गरे अनुसार नेपाल सरकार अर्थ मन्त्रालयद्वारा २०६६।१२।२३ मा प्रकाशित सूचनाको खण्ड (क), (घ) र सोही ऐनको दफा २८** मा उल्लेखित कसूर गरेको पुष्टी हुन आएकोले उक्त कसुर गरेकोमा निज प्रतिबादी दिपक मनाङ्गे भन्ने राजिब गुरुङ्ग र पासाङ्ग डोमा गुरुङ्गलाइ बिगो रु.**१४,७३,३१,८०६।-** कायम गरी सोही ऐनको दफा ३०(२) अनुसार सजाय गरिपाउन र प्रतिबादी पासाङ्ग डोमा गुरुङ्गको  नाममा माथि उल्लेखित जग्गाहरु र सोमा बनेका घर टहरा र निज प्रतिबादीहरुको नाममा उल्लेखित बैंकहरुमा रहेको रकम तथा निजहरुको माथि उल्लेखित बिभिन्न कम्पनी तथा उद्योग प्रा.लि.मा रहेका लगानी समेत सोही  ऐनको **दफा ३४** अनुसार जफत गरिपाउन माग दावी लिइएको ।

**२६. सवुत प्रमाणः-**

**(क)हाल कायम रहेका घर / जग्गा**

**तालिका १२**

| क्र.सं. | घर/जग्गा धनीको नाम | घर जग्गाको बिवरण | खरिद मिति र मुल्य | जग्गाको हालको मुल्य |
|---|---|---|---|---|
| १ | पासाङ डोमा गुरुङ | का.जि., कामनपा वडा न. १६ कित्ता न. ११४३ को जम्मा क्षेत्रफल ०-६-१-२ | २०६६/११/१२ रु. ४२,००,०००/- | १,२७,५०,०००/- |
| २ | पासाङ डोमा गुरुङ | का.जि., कामनपा वडा न. १६ कित्ता न. १०८३ को जम्मा क्षेत्रफल ०-७-०-० | २०५६/०९/०७ रु. ५,२५,०००/- | १,४०,००,०००/- |

| | | | | |
|---|---|---|---|---|
| ३ | पासाङ डोमा गुरुङ | का.जि., कामनपा वडा न. १६ कित्ता न. ११०८, १०३३, १०३४, ११०९ गरी जम्मा क्षेत्रफल ०-११-२-० | २०५८/१२/१९ | २,३०,००,०००/- ३०,००,०००।— (घर) |
| ४ | पासाङ डोमा गुरुङ | नुवाकोट जिल्ला, ककनी गाबिस २ को कि.न. १९५, १९६, ४६५, ४६६, १८७ को जम्मा क्षेत्रफल २९-६-१-३ | २०६६/०७/१९ रु. ३,५०,०००/- | |
| ५ | पासाङ डोमा गुरुङ | नुवाकोट जिल्ला, ककनी गाबिस २ को कि.न. ३८८, १८९, १९४, १८५, ३८७, १८४, १९२, १८६, १८८, १९१, १८१, १८३ को जम्मा क्षेत्रफल ४८-६-३-१ | २०६६/०७/१९ रु. ६,००,०००/- | ९०,००,०००/- र रु. ५०,०००।— टहराको मुल्य |

(ख) **बिक्रि**

<u>बिक्री **गरेको बिक्री गरेको जगगाको बिबरण**</u>

पासाङ डोमा गुरुङको नाममा काठमाण्डौ सितापाइला १ को कि.नं. १९३१ र १९३२ को क्रमशः १-२-०-० र १-६-०-० गरी जम्मा २-८-०-० बि. एण्ड के युनिक मल्टिपर्पोज प्रा.लि. लाइ मिति २०६६/०५/२४ मा रु.४२,००,००० (बयालीस लाख) मा बिक्री गरेको देखिएको कागजातहरुमा देखाइएता पनि पासाङ डोमा गुरुङ्गको नामको बैंक स्टटमेन्ट र निजको बयानबाट उल्लेखित जग्गा १ करोड ३२ लाखमा बिक्रि गरेको खुल्न आएको।

**<u>ब्यवसायिक फर्म</u>**

**संचालन भइरहेका वा स्वामित्व रहेका कम्पनी/फर्म/ब्यबसायिक संस्थाहरु**

**तालिका १३**

| क्र.सं. | शेयर होल्डर/ संचालकको नाम | कम्पनीको नाम | लगानी रू. | कैफियत |
|---|---|---|---|---|
| १ | पासाङ डोमा गुरुङ | वेष्ट पोइन्ट ढुङ्गा रोडा उद्योग प्रा.लि बाडभञ्ज्याङ ७, काठमाण्डौ । | २,००,०००।- | |
| २ | राजिब गुरुङ | इच्छामाई ढुङ्गा रोडा उद्योग प्रा.लि बाडभञ्ज्याङ ९, काठ. | ५,००,०००।- | |
| ३ | राजिब गुरुङ | गोसाइकुण्ड क्रसर रोडा ढुङ्गा उद्योग प्रालि मकवानपुर | १४,५०,०००/- | |
| ४ | राजीब गुरुङ | गो गो बार प्रा.लि. | २,००,०००/- | |
| ५. | राजिब गुरुङ | क्लव डाईनेष्टी प्रा.लि. | २०,००,०००।- | |
| ६ | राजीब गुरुङ | त्रिलोक प्लाजा | -- | |
| ७ | पासाङ डोमा गुरुङ | अक्टोपस ट्रेकिङ पसल | ५,००,०००/- | |
| ८ | राजिब गुरुङ | ओम श्री ओम मल्टिपर्पोज इन्डष्ट्री कम्पनी नवलपरासी | २१,०००,००।- | |
| ९ | राजीब गुरुङ | मनाङ्ग ईन्टरनेशनल ट्रेडर्स प्रा.लि. | ५,००,०००/- | |
| | **जम्मा** | | **७४,५०,०००।-** | |

**स्वामित्व हस्तान्तरण/ बिक्रि/ बन्द भएका कम्पनी/फर्म/ब्यबसायिक संस्थाहरु**

**तालिका १४**

| क्र.सं. | शेयर होल्डर/संस्थापक को नाम | कम्पनीको नाम | लगानी रु. | कैफियत |
|---|---|---|---|---|
| १ | राजीब गुरुङ | साईड वाकर्स प्रा.लि | २५,०००००/- | |

| | | | | |
|---|---|---|---|---|
| २ | राजीब गुरुङ | ओएसिस ईन्जीनियर्स एण्ड बिल्डर्स प्रा.लि. | १९,६०,०००।- | |
| ३. | राजीब गुरुङ | निरमाया रोधि क्लब एण्ड रेष्टुरेन्ट प्रालि. | २,२५,०००।-, | बयानबाट खुल्न आएको |
| ४ | राजीब गुरुङ | गण्डकी रोधी क्लब एण्ड फेसन बार | १,००,०००।- | बयानबाट खुल्न आएको |
| ५ | राजीब गुरुङ | सिस्नेरी रोडा ढुङ्गा उद्योग प्रालि. | २०,००,०००। | |
| | जम्मा | | ६७,८५,०००।- | |

**बैंक खाताहरुको बिबरण**

**तालिका १५**

| सि.नं. | खाताबालको नाम | बैंक/बित्तिय समस्थाको नाम | खाता नं. | मौज्दात रकम |
|---|---|---|---|---|
| १ | पासाङ डोमा गुरुङ | नेपाल इन्भेष्टमेन्ट बैंक शाखा कार्यालय ठमेल | ०१६०५०९००२२२९७ | ५४,९१५/३५ |
| २ | पासाङ डोमा गुरुङ | हिमालयन बैंक लिमिटेड हेड अफिस | ०१९०१११३४७००१२ | २८६६।२९ |
| ३ | राजीब गुरुङ | हिमालयन बैंक लि. ठमेल | ०१९००१३३३९००१९ | २५६२।८६ |
| ४ | राजीब गुरुङ/सुनिल गुरुङ | बैंक अफ काठमाण्डौ | ०००००६०६९७ | ०० |
| ५ | दिच्छेन डोल्मा लामा | स्टाण्डर्ड चार्टर्ड बैंक | ००१८१३४६११३०१ | ६१,२८१।८८ |
| ६ | पासाङ डोमा गुरुङ | स्टाण्डर्ड चार्टर्ड बैंक | ०००११९६८३०००१ | |

२७. मेरो बुबा भारतमा व्यापार व्यवसाय गर्ने हुँदा म पनि बुबालाई सहयोग गर्न भारतमै थिएँ। म भा.रु.७,००,०००।- लिई नेपाल आई विभिन्न व्यापार व्यवसाय लगानी गरी प्रायः सबै व्यापारमा नाफा भएकोले सोहीबाट चल अचल सम्पत्ति जोडेको हुँ।मेरो कान्छी श्रीमतीका नाउँमा कुनै सम्पत्ति छैन। जेठी श्रीमती पासाङ्ग डोलमा गुरुङ्ग २०५८ साल तिरै छुट्टी भिन्न भई मबाट अंश वापत काठमाडौंको पकनाजोलमा करीब १९ आना जग्गा र ३ तलाको घर, इचंगुनारायण गा.वि.स. मा करीब ४० आना जग्गा लिई अलग्गै

बसेकी छन्। सोबाट बढेबढाएको मलाई केही थाहा छैन। मेरो नाममा पहिला देखि व्यापार व्यवसाय र विभिन्न कम्पनीका शेयर बाहेक अन्य कुनै सम्पत्ति छैन। सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ साल देखि मात्र आएको हो।मैले त विभिन्न कम्पनीहरु १५/१६ वर्ष अगाडी देखि खोली नियमपूर्वक संचालन गरी मुनाफामा कर समेत राज्यलाई तिरेको छु। मैले कुनै गैरकानूनी अपराधिक क्रियाकलाप गरेको छैन। जेठी श्रीमतीका नाउँमा काठमाडौंका विभिन्न कित्ता करीब ४० आना जग्गाहरु १६/१७ वर्ष अगाडी तिर आनाको १७/१८ हजारका दरले अर्थात रोपनीको २ लाख २० हजार जतिका दरले किनेको हुँ। तत्कालीन समयमा झिटी गुण्टाको व्यवसायबाट प्राप्त मुनाफा तथा केही पैत्रिक सम्पत्ति समेत लगानी गरेर खरिद गरेकोमा २०५८ सालतिर उक्त काठमाडौंको जग्गा अंश वापत दिएकोमा पछि काठमाडौंको उक्त सम्पत्ति मध्येबाट केही कित्ताहरु बिक्री गरेर तिरोभरो गरेको तथा नुवाकोटको जग्गा निजै श्रीमतीले किनेको भन्ने सम्म सुनेको थिएँ। नुवाकोटको जग्गा के कतिमा किनेको केही थाहा छैन। पासाङ्ग डोमा गुरुङ्गको साझेदारीमा संचालित वेष्ट प्वाइन्ट ढुङ्गारोडा उद्योगमा १०/१२ वर्ष अगाडी रु. २ लाख झिटी गुण्टा व्यवसाय समेतको आम्दानीबाट मैले लगानी गरिदिएको थिएँ। अक्टोपस ट्रेकिङ पसलमा भएको लगानी निजहरुले आफै जग्गा बेचेको पसलबाट लगानी गरेको भन्ने सम्म सुनेको छु। विस्तृत रुपमा थाहा भएन। मेरो समेत साझेदारीमा इच्छामाई ढुङ्गारोडा उद्योगमा रु.५,००,०००।- लगानी भएको हो। गोसाईकुण्ड रोडाढुङ्गा उद्योगमा रु.१४,५०,०००।- लगानी गर्नुपर्नेमा बैंकले लोन स्वीकृती नगरेकाले हामीले जम्मा ८ लाख हालेकोमा मेरो त्यसमा १५% मात्र हिस्सा थियो। पछि कम्पनी नै बन्द गरिएको हो।गो.गो. बार प्रा.लि. मा मैले रु. २ लाख लगानी गरेको हो। ओम श्री ओम मल्टि पर्पस प्रा.लि.मा २१ लाख शेयर हाल्नुपर्नेमा त्यसमा पनि लोन स्वीकृत नभएकोले मैले रु.३,००,०००।- मात्रै हालेको थिएँ। उक्त कम्पनी पनि हाल बन्द छ। मनाङ्ग इन्टरनेशनल ट्रेडर्समा ५ लाख लगानी भएको हो। यो हालै खोलिएको र चालु अवस्थामा रहेको कम्पनी हो। त्यस्तै क्लब डाइनेष्टीमा मैले ७ लाख लगाएको हो। उक्त लगानीहरु म अमेरिकाबाट फिर्ता आएपछि मैले अमेरिकाबाट कमाई ल्याएको २४,०००।- अमेरिकी डलरबाट गरेको हो। साइड वाकर्स ट्रेडर्स प्रा.लि. को मेरो नाममा रु.२० लाखको शेयर लिने भनिएकोमा एडभान्सको रुपमा ३ लाख ५० हजार मात्र दिएको, अन्य पैसा कुटपिटको मुद्दामा जेल परेकोले तिर्न नसकेको हो। सबै शेयर रघुराज वन्तलाई नै दिइएको हो। ओयासिस इन्जिनियर्स एण्ड विल्डर्स प्रा.लि. को शेयर गुल्मीमा तथा एउटा पूर्वको फुलमा ठेक्का लिए वापत सरकारबाटै २५% Utilized Money वापत दिएको रकमबाट प्राप्त भएकोले त्यसमा कुनै रकम लगानी गर्नै परेन र शेयर होल्डरलाई आफ्नो हिसाब लिई शेयर छोडिदिएको हुँ। साईड वर्कसको शेयर रु. ४० लाखमा रघुराज वन्तलाई बिक्री गरेकोमा २५ लाख चेक मार्फत र १५ लाख

पटक पटक गरेर Case नै दिएका हुन्। निरमाया रोधीक्लबमा रु.२,५५,०००।- तथा गण्डकी रोधी क्लबमा रु.१,००,०००।- लगानी गरेको हो। सिस्नेरी रोडा ढुङ्गा उद्योगमा मैले कुनै लगानी गरेको छैन। उक्त कम्पनी मेरो होइन। त्यसको कुनै लाइसेन्स मेरो नाममा छैन। उक्त ढुङ्गा उद्योग भनेको हामी छुट्टिई अलग्गै बसेपछि मेरो जेठी श्रीमतीले जग्गा किनेकोमा उक्त जग्गामा ढुङ्गा धेरै भएकोले उनले जग्गा किन्दा लिएको बैंकको ऋण रु.४५,००,०००।- को ब्याज लाइसेन्स लिने ढुङ्गा खानीको काम गर्नेले तिर्ने गरेका सम्म हुन्। मेरो नामको हिमालयन बैंकको खातामा मैले झिटीगुण्टा, क्लब डाइनेष्टी लगायतका कम्पनीहरुको कारोबारको पैसा जम्मा गर्ने झिक्ने प्रयोजनका लागि खोलिएको हुँदा कारोबारको शिलाशिलामा १२/१३ वर्ष सम्म रकम झिक्ने राख्ने गरेकाले ठूलो परिमाणको कारोबार देखिएको हो। साथै मेरो तथा सुनिल गुरुङ्गको नामको बैंक अफ काठमाडौंको खातामा जुस, रक्सी र पानीको होलसेल कारोबार गर्दा रकम जम्मा गर्ने तथा झिक्ने खाता भएकोमा खाता खोलेको ६/७ महिनामै बन्द गरेको थियो। मेरी जेठी श्रीमती पासाङ्गका नामको इन्भेष्टमेन्ट तथा हिमालयन बैंकका खातामा भएको कारोबार बारे मलाई त्यति थाहा छैन। तर निजहरु विदेश जाने भनेर बैंक एकाउण्ट देखाउन खाता खोलेको भन्ने सम्म सुनेको थिएँ। हामी बैदेशिक आवागमनमा जाँदा त व्यापार व्यवसायका लागि मुनाफा आर्जन गर्न जाने हो जसमा सम्पूर्ण खर्च कटाएर पनि मैले १५/१६ जना व्यक्ति लिई जाने आउने गर्दा करीब रु.१,५०,०००।- मलाई फाइदा नै हुन्थ्यो । त्यसमा अन्य श्रोतबाट लगानी गर्न पर्दैनथ्यो। मैले खासै कसैलाई पनि कर्जा लगानी गरेको छैन।मैले बैधानिक श्रोतबाट कम रकममा तत्कालीन समयमा किनेका जग्गाहरुलाई हालको बढी मूल्य देखाएर कम्पनी तथा व्यापार व्यवसायका शिलशिलामा भएका सम्पूर्ण कारोबारको कूल रकमलाई बैंक कारोबार मानी सामान किन्दा र बिक्री गर्दा हुने केही मुनाफालाई बेवास्ता गरी सम्पूर्ण कारोबारको जोड गरी ठूलो रकम आय आर्जन गरेको भनी म उपर बिना आधार प्रमाणको अभियोग लगाइएको छ। जे जति मसँग भएका चल अचल सम्पत्तिहरु सबै मैले बैधानिक श्रोतबाट तथा व्यापार व्यवसायको शिलशिलामा भएको मुनाफामा नियम बमोजिम सरकारलाई कर समेत तिरी आय आर्जन गरेको हुँ। मैले कुनै सम्पत्ति शुद्धीकरण गर्ने कार्य नगरेको हुँदा र मसँग हुँदै नभएको सम्पत्तिको बिगो कायम गरी म उपर सजायको माग दावी लिइएको अभियोग नै झुठ्ठा छ। आज मैले उल्लेख गरेका श्रोतहरु तथा बयान व्यहोरालाई आधार प्रमाण लिई प्रस्तुत मुद्दाबाट सफाई दिलाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गले यस अदालत समक्ष गरेको बयान।

२८. म मिति २०५८ सालदेखि मेरो श्रीमान दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गसँग छुट्टै बस्दै आएकी छु। मैले मिति २०५८ सालमा अंशवण्डा हुँदा मलाई काठमाडौं पकनाजोलमा रहेको ३ तलाको १ वटा घर र कि.नं.

११०८, ११०९, १०३३, १०३४ का जग्गाहरु जम्मा १९ आना पाएको थिएँ। सो सम्पत्तिबाट मैले मेरो घर भाडामा लगाएको छु। सोबाट हाल मासिक ३० हजार लिने गरेको छु। जग्गामा चाहिं टहरा बनाएर गोदामको लागि दिएकी छु। यि दुवैबाट प्राप्त आय मेरो बार्षिक आम्दानी छ। सोही आम्दानीबाट मेरा २ छोराहरुको लागि पढाउन खर्च गर्दछु। हाल मेरो नाममा भएको सम्पत्तिहरुमा मेरो अंशमा आएको उक्त घर जग्गा बाहेक मैले ककनीमा ७६ रोपनी जग्गा रु. ९ लाखमा २०६६/०६७ तिर किनेको हो। मेरो आमा र म भएर सितापाइलामा ४० आना जग्गा २०५९ सालतिर किनेका थियौं। सोही जग्गा बेचेर उक्त ककनीको जग्गा किनेको हो। सो जग्गामा मेरो आमाको पनि पैसा परेको छ। मेरो नाममा दर्ता भएपनि म र मेरो आमाको संयुक्त पैसा लगानी भएको छ। सो बाहेक मसँग अन्य चल अचल सम्पत्तिहरु केही छैन। मेरो नाउँमा काठमाडौ का.म.न.पा. १६ स्थितका कि.नं. १०८३, १०३३, १०३४, ११०८, ११०९, र ११४३ को जग्गा तथा घर मेरो श्रीमानबाट छुट्टिभिन्न हुँदा अंशबाट २०५८ सालमा प्राप्त गरेकी हुँ। कि.नं. ११४३ को जग्गा चाहिं मैले स्टाण्डर्ड चार्टर बैंकबाट रु. ४५ लाख लोन लिएर किनेको जग्गा हो। नुवाकोट जिल्ला ककनी गा.वि.स. वडा नं. २ स्थित कि.नं. १९५,१९६,४६५,४६६,१८७,३८८,१८९,१९४,१८५,३८७,१८४,१९२,१८६,१८८,१९१,१८१ र १८३ का जग्गा ७७-१३-१-० जग्गाहरु म र मेरो आमाको संयुक्त रुपमा किनिएको जग्गा हो। सो जग्गा किन्दा सितापाइलाको जग्गा बेचेर किनेको हो। अंशवण्डा भई म छुट्टी भिन्न भएपछि मेरो श्रीमानले मलाई अहिले एक रुपैयाँ पनि हेरचाह गर्ने वा दिने काम भएको छैन। मैले सो मेरा नामका जग्गा र घरहरुबाट आएको आम्दानीले नै मैले मेरा छोराहरुलाई पढाउने र अन्य खर्च गर्ने काम गरेकी छु। मैले अक्टोपस ट्रेकिङ पसलमा ऋण खोजेर रु. ५ लाख लगानी गरेको हो। सो पसल हाल बिक्री भईसकेको छ। बेष्ट प्वाइन्ट ढुङ्गा रोडा उद्योग प्रा.लि. मा मेरो श्रीमानले नै लगानी गरेको हो। उक्त उद्योगमा लगानी भएको वा खोलेको पनि मलाई थाहा छैन। मेरो पहिला देखि नै हिमालयन बैंकमा खाता थियो। उक्त खातामा म विदेश जानलाई ट्रान्जेक्सन देखाउने प्रयोजनको लागि तथा सितापाइलाको जग्गा बिक्री गर्ने क्रममा बैना स्वरुप प्राप्त भएको रु. २० लाख जम्मा गरी कारोबार भएको हो। पछि पूरै जग्गा बिक्रीको पैसा जग्गा किन्ने व्यक्तिको एकाउण्ट नेपाल इन्भेष्टमेन्ट बैंकमै भएकोले सोही रकम जम्मा गर्ने प्रयोजनका लागि उक्त बैंकमा मैले पनि खाता खोली कारोबार भएको हो। हामी छुट्टी भिन्न हुनभन्दा अगाडी मेरो श्रीमान व्यापार व्यवसाय इमान्दारपूर्वक गरी राम्रैसँग चलाएको हो। पछि हामी छुट्टि भिन्न भएपछि के कसो गर्‍यो मलाई केही थाहा भएन। मसँग जे जति चल अचल सम्पत्तिहरु छ सो सबै वैधानिक नै हो। मिति २०५८ साल पछि मेरो श्रीमानसँग मेरो केही सम्बन्ध छैन। मलाई केही कति पनि सहायता गरेको छैन। म आफूले नै

मेरो माइती समेतको सहयोगमा चलाएकी छु। सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ्ग) ऐन, २०६४ अनुसारको मैले कुनैपनि अपराधिक क्रियाकलाप गरेको छैन। मैले माथि बयानको क्रममा भनिएको चल, अचल सम्पत्ति बाहेक अन्य मसँग केही पनि नभएको र सो सम्पत्ति मेरो बैधानिक नै भएको हुँदा माग दावी अनुसार मलाई सजाय हुनुपर्ने होइन र मैले मागदाबी अनुसारको कसूर गरेको पनि छैन। आरोपदावीबाट सफाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी पासाङ्ग डोल्मा गुरुङ्गले यस अदालत समक्ष गरेको बयान।

२९.पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल विशेष अदालत ऐन, २०५९ को दफा ७(घ) बमोजिम प्रतिवादी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गबाबट रु.२,९०,००,०००।- (दुई करोड नब्बे लाख) र प्रतिवादी पासाङ्ग डोमा गुरुङ्गबाट रु.२,५०,०००।- (दुई लाख पचास हजार) धरौट माग गरिएको छ। सो रकम नगदै वा सो खाम्ने जेथा जमानी वा बैंक ग्यारेण्टी दिन सके लिई तारेखमा राखी र सो दिन नसकेमा कानून बमोजिम सिधा दिई अ.बं. १२१ नं. अनुसार थनुवापूर्जी दिई थुनामा राखी मुद्दा पुर्पक्ष गर्नु भी मुलुकी ऐन अ.बं. १२४ ग नं. अनुसार यो आदेश पर्चा गरिदिएको छ भन्ने समेत व्यहोराको यस अदालतको मिति २०७०।५।४ गतेको थुनछेक आदेश भएकोमा उक्त आदेशानुसार प्रतिवादी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गले तत्काल धरौटी दाखिला गर्न नसकी थुनामा राख्न पठाइएको र प्रतिवादी पासाङ्ग डोमा गुरुङ्गले धरौटी र.नं. १८०४ मिति २०७०।५।४ मा नगद रु.२,५०,०००।— नगद धरौटी दाखिला गरी तारेखमा रहेकी।

३०. मैले मौकामा गरेको कागजको व्यहोरा ठिक हो। उक्त कागजमा परेको सहिछाप मेरो हो। प्रतिवादी राजिव गुरुङ्गले आर्जन गरेको सम्पत्ति व्यापार व्यवसायबाट कमाएको हुन सक्छ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी अर्जुन शेरचनले गरेको बकपत्र।

३१. मैले मौकामा गरेको कागज र सो मा भएको सहिछाप मेरै हो भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी सूर्य बहादुर थापाले गरेको बकपत्र।

३२. मैले जानेबुझे सम्म प्रतिवादीको कमाई भनेको आफ्नो मेहनतको कमाई हो। प्रतिवादी समाजसेवी व्यक्ति भएकाले अभियोग दावीबाट सफाई पाउनुपर्छ भन्ने समेत व्यहोराको प्रतिवादी राजिव गुरुङ्गका साक्षी दिल बहादुर गुरुङ्गले गरेको बकपत्र।

३३. प्रतिवादी पासाङ्ग डोल्मा गुरुङ्गले कुनै गैरकानूनी सम्पत्ति आर्जन गरी सम्पत्ति शुद्धीकरण गर्नु भएको छैन। सबै सम्पत्तिहरु कानूनी रुपमै प्राप्त गरेका हुन्। निजले दिपक मनाङ्गेबाट २०५८ सालमा अंशवण्डा गरी

माइतीबाट तथा जग्गा किनबेचका काम गरी बैधानिक तबरले नै सम्पत्ति आर्जन गरेका हुन् भन्ने समेत व्यहोराको प्रतिवादी पासाङ्ग डोल्मा गुरुङ्गको साक्षी विमला गुरुङ्गले गरेको बकपत्र।

३४. मैले मौकामा गरेको कागजको व्यहोरा तथा सहिछाप मेरै हो भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी रवि गौचनले गरेको बकपत्र।

३५. मैले मौकामा गरेको कागजको व्यहोरा तथा सहिछाप मेरै हो भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी रमेश बाबु श्रेष्ठले गरेको बकपत्र।

३६. कृष्णमोहन श्रेष्ठको नाममा रहेको ढुंगाखानीमा दिपक मनाङ्गेको रु.१ लाख र इच्छामाई ढुंगाखानीमा पनि निजको रु.१ लाख १५ हजार लगानी छ। वेष्टप्वाईन्ट ढुङ्गाखानी दिपकको श्रीमती पासाङ्ग डोल्माको नाउँमा रहेको छ। इच्छामाई ढुङ्गाखानी पनि निज दिपककै नाउँमा दर्ता रहेको छ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी राजु सुवेदीले गरेको बकपत्र।

३७. अनुसन्धानको क्रममा लेखाएको व्यहोरा मेरै हो। मैले ०५६ साल तिर काठमाडौं दरबारमार्ग स्थित क्लब डाइनेष्टी प्रा.लि. को राजिव गुरुङ्गसँग भएको २०% शेयर मध्ये १०% शेयर रु. ९ लाखमा निज प्रतिवादीबाट लिएको हो। सो बाट मासिक ४० हजार जति आम्दानी हुन्थ्यो भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी टांसी दोर्जे गुरुङ्गले गरेको बकपत्र।

३८. निरमाया दोहोरी रेष्टुरेण्टमा राजिव गुरुङ्गको शेयर लगानी थियो थिएन मलाई थाहा भएन। सो रमेश बाबु श्रेष्ठको हो भन्ने सुनेको हो भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी गणेश लामाले गरेको बकपत्र।

३९.राजिव गुरुङसँग मेरो मौखिक रुपमा लेनदेन कारोबार हुन्थ्यो। गो गो बारमा २०% शेयर मैले लगाएको हो भन्ने समेत व्यहोराको वादी नेपाल सकारका साक्षी प्रेम घलेले गरेको बकपत्र।

४०.प्रतिवादी राजिव गुरुङले गैरकानूनी काम गरेको मलाई थाहा छैन भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी कमल भण्डारीले गरेको बकपत्र।

४१.प्रतिवादीहरुले विदेशबाट कमाएर ल्याएको सम्पत्ति, पैत्रिक सम्पत्तिबाट बढे बढाएको सम्पत्तिबाट विभिन्न कम्पनीहरुमा लगानी गर्नु भएको हो भन्ने जानकारी पाएको हुँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी विक्रम गिरीले गरेको बकपत्र।

४२. प्रतिवादी राजिव गुरुङले म समेत संलग्न भएको मेरो साइड वाकर्स टेड्रर्स प्रा.लि. को हजार थान शेयर खरिद गरेपछि सोही कम्पनी संचालक रघुराज पन्तलाई ४० लाखमा उक्त शेयर बिक्री गरेको हो भन्ने समेत व्यहोराको वादीका साक्षी संजिव तुलाधारले गरेको बकपत्र।

४३.प्रतिवादी राजिव गुरुङले पैत्रिक सम्पत्ति, बिदेशबाट कमाएको सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्तिबाट विभिन्न व्यवसायमा लगानी गरी आर्जन गरेको हो। प्रतिवादीले सम्पत्ति शुद्धीकरणबाट आर्जन गरेको होइन भन्ने समेत व्यहोराको वादीका साक्षी कर्साङ गुरुङले गरेको बकपत्र।

४४. प्रतिवादी राजिव गुरुङ विभिन्न मुलुकमा गै झिटीगुन्टाको व्यवसाय गर्नुहुन्थ्यो। पैत्रिक सम्पत्तिबाट बढे बढाएको रकम गोसाईंकुण्ड क्रसर उद्योग तथा गो गो बारमा लगानी गरी आय आर्जन गर्नुहुन्थ्यो भन्ने समेत व्यहोराको वादीका साक्षी उमेश लामाले गरेको बकपत्र।

४५. सिस्नेरी रोडा ढुङ्गा प्रा.लि. मा प्रतिवादी राजिव गुरुङको २०% शेयर थियो। निजले कम्पनीको व्यवस्थापन र मार्केटीङ समेतका सम्पूर्ण कार्यहरु गर्नुहुन्थ्यो भन्ने समेत व्यहोराको वादीका साक्षी दिल बहादुर लामाले गरेको बकपत्र।

४६. मिति २०६९।४।३२ मा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा गरेको कागज मैले भने बमोजिम लेखिएको हो। म प्रबन्ध निर्देशक रहेको कन्सट्रक्सन फर्ममा प्रतिवादी दिपक मनाङ्गेलाई ४९ % शेयर दिएको हुँ भन्ने समेत व्यहोराको वादीका साक्षी अच्युत राज पाण्डेले गरेको बकपत्र।

४७. मैले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा गरेको कागजको व्यहोरा ठिक हो। मैले दिपक मनाङ्गेलाई सामान्य रुपमा चिन्दछु। निज सामाजिक व्यक्ति हुन् भन्ने समेत व्यहोराको वादीका साक्षी अर्जुन कुमार कार्कीले गरेको बकपत्र।

४८.प्रतिवादी पासाङ्ग डोल्मा गुरुङले काठमाडौ जिल्ला का.म.न.पा. वडा नं. १६ स्थित कि.नं. ११४३ को घरजग्गा निजले यस बैंकबाट ऋण कर्जा लिई खरिद गरेको हो भनी यस अदालतको आदेशानुसारको जवाफ स्टाण्डर्ड चाटर्ड बैंकबाट मिति २०७२।५।२९ मा प्राप्त भै मिसिल सामेल रहेको।

४९.यस अदालतका आदेशानुसार सुनिल गुरुङ र राजिव गुरुङको नाममा रहेको संयुक्त खाताको बैंक स्टेटमेण्ट बैंक अफ काठमाडौबाट मिति २०७२।६।७ मा प्राप्त भै मिसिल सामेल रहेको।

५०.प्रतिवादी राजिव गुरुङ र मैले संयुक्त रुपमा फलफुलको रक्सी व्यापार गर्ने कम्पनी खोलेका थियौं। हामीले डिलरबाट उधारोमा रक्सी लिने र खुद्रा व्यापारीलाई बिक्री गरी उनीहरुबाट प्राप्त रकम बैंक खातामा रिसिभ लिने गर्थ्यौं। बैंकमा मेरो र राजीव गुरुङको संयुक्त खातामा जम्मा भएको रकम सोही खुद्रा व्यापारीबाट आएको रकम हो। पछि व्यापार राम्रो नभएकाले उक्त खाता बन्द गरेको हो।हाम्रो संयुक्त खाताको बैंक स्टेटमेण्टको रकम बैध हो भन्ने समेत व्यहोराको वादीका साक्षी सुनिल गुरुङले गरेको बकपत्र।

५१. प्रतिवादी राजिव गुरुङको तर्फबाट कानून व्यवसायीहरु अधिवक्ता श्री प्रसाद पण्डित, अधिवक्ता राम कुमार राई, अधिवक्ता हरि प्रसाद आचार्य र अधिवक्ता सुशिल अधिकारीले मिति २०७२।१०।१९ मा पेश गरेको लिखित बहस नोट मिसिल सामेल रहेको।

५२. प्रतिवादी पासाङ डोल्मा गुरुङको तर्फबाट वरिष्ठ अधिवक्ता हरि प्रसाद उप्रेती र सपना प्रधान मल्ल एवं अधिवक्ता सिताराम अधिकारीले मिति २०७२।१०।२४ मा पेश गरेको लिखित बहसनोट मिसिल सामेल रहेको।

५३. वादी नेपाल सरकारको तर्फबाट विशेष सरकारी वकील कार्यालय, काठमाडौंका उपन्यायाधिवक्ता नारायण रिमालले मिति २०७२।११।२३ मा पेश गरेको लिखित बहसनोट मिसिल सामेल रहेको।

## अदालतको ठहर

५४. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो । मुद्दा सुनुवाईका सिलसिलामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री गोविन्द गौलीले आपराधिक क्रियाकलापवाट आर्जित सम्पत्ति विभिन्न क्षेत्रमा लगानी गरेर चोख्याएको कार्य सम्पत्ति शुद्धीकरणको कसुर हुने व्यवस्था छ । प्रतिवादी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गले अभियोग दावी बमोजिमको कसूर गरेर सम्पत्ति आर्जन गरेको होइन भनी कसूरमा इन्कार रहेर वयान गरेको भएतापनि आफ्नो सम्पत्तिको कानूनी श्रोत पेश गर्न सकेका छैनन् । प्रतिवादी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गले आफ्नो वयानमा विदेश भ्रमण गर्दा २१ लाख खर्च भएको भन्ने व्यहोरा लेखाएका र आम्दानीको नियमित श्रोत देखाउन नसकेकोवाट आम्दानीको अनुपातमा निजको खर्च अस्वाभाविक रुपमा बढी देखिएको छ । जुन कार्य आफैमा कसूरजन्य छ । प्रतिवादीले आफ्नो आय र मुनाफामा कर तिरेको देखिंदैन । प्रतिवादीले लगानी गरेको भनिएका केही कम्पनीको दर्ता नै देखिंदैन । प्रतिवादीले विदेशवाट ल्याएको भनिएको रकमको पनि श्रोत देखाउन सकेको अवस्था छैन । केही

मानिसहरुलाई वैदेशिक रोजगारीमा पठाईदिए वापत निजहरुले केही रकम दिएकोलाई आय देखाउन खोजेका भए पनि प्रतिवादीले वैदेशिक रोजगार संचालनका लागि त्यस प्रकारको कम्पनी दर्ता गरेको तथा सो कार्य गर्ने स्वीकृती लिएको देखिंदैन । प्रतिवादी दिपक मनाङ्गे भन्ने राजिव  गुरुङ्गकी पत्नी प्रतिवादी पासाङ्ग डोमा गुरुङ्गको नाममा रहेको सम्पत्ति  समेत प्रतिवादी राजिव गुरुङ्ग कै आपराधिक कार्यवाट आर्जन गरेको सम्पत्ति अन्तर्गत कै भएको हुँदा दुवैजना प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम सजाय भई आरोप पत्रमा दावी भए बमोजिम निजहरुको नाममा रहेको सम्पत्ति जफत हुनुपर्दछ भनी वहस गर्नु भयो ।

५५.प्रतिवादी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गको तर्फबाट रहनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री कृष्ण प्रसाद सापकोटा तथा विद्वान अधिवक्ताहरु श्री श्रीप्रसाद पण्डित, श्री राम कुमार राई, श्री सुशिल अधिकारी, श्री गोकुल भण्डारी , श्री ऋषिराम घिमिरे, श्री हरिप्रसाद आचार्य र श्री प्रकाश रावलले सम्पत्ति शुद्धीकरण ( मनी लाउण्डरिङ्ग ) निवारण ऐन, २०६४  प्रारम्भ हुनु भन्दा अगाडीको सम्पत्तिका हकमा यो ऐन आकर्षित हुन सक्तैन । यो ऐन २०६४।१०।१४ वाट प्रारम्भ भएको हो र यो ऐन पश्चादर्शी असर हुने गरी वनाइएको छैन । तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कसैलाइ पनि सजायको भागी वनाउन नपाइने फौज्दारी न्याय सम्बन्धी मौलिक हकको प्रतिकूल हुने गरी हाम्रो पक्षका विरुद्ध आरोप लगाइएको हुँदा आरोपपत्र खारेज भागी छ । प्रतिवादी राजिव गुरुङ्गवाट २०५८ सालमा नै अंश लिएर अलग वसेकी र अलग वसि सकेपछि निजले आर्जन गरेको सम्पत्तिलाई समेत विगो कायम गरिएको आरोपपत्रले प्रतिवादी प्रति पूर्वाग्रह राखेको भन्ने कुरालाई स्पष्ट पारेको छ । सम्पत्ति शुद्धीकरण ( मनी लाउण्डरिङ्ग ) निवारण ऐन आउनु भन्दा अगाडि कमाएको सम्पत्तिका हकमा यो ऐन आकर्षित नहुने र प्रतिवादीले कुन कुन कसूरजन्य कार्यवाट के कति रकम कमाएको भन्ने कुरा अभियोजन पक्षवाट खुलाउन नसकेको अवस्थामा हचुवा किसिमवाट लगाइएको गोश्वारा आरोपका आधारमा प्रतिवादीलाई कसुरदार ठहर गर्न मिल्दैन । अपराधजन्य कार्यवाट आर्जन भएको सम्पत्ति अन्यत्र लगानी भएको भन्ने कुरा र आतङ्ककारी क्रियाकलापमा लगानी भएको भन्ने कुरा तथ्ययुक्त किसिमवाट पुष्टि नभएसम्म सम्पत्ति शुद्धीकरणको कसूर ठहऱ्याउन मिल्दैन । प्रतिवादी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गका हकमा ती दुवै अवस्था स्थापित हुन नसकेको हुँदा हाम्रो पक्षले अभियोग दावीवाट सफाई पाउनु पदर्छ भनी वहस गर्नुभयो ।

५६.अर्का प्रतिवादी पासाङ्ग डोमा गुरुङ्गको तर्फबाट रहनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री हरि प्रसाद उप्रेती र विद्वान अधिवक्ताद्वय श्री यशोदा देवी खरेल र श्री सिताराम अधिकारीले पतिले सौता ल्याएको कारणवाट निज पतिसंग सँगै वस्न नसकी २०५८ सालमा रीतपुर्वक अंश वुझेको लिखत रजिष्ट्रेशन पारित गरी आफ्नो अंश

भाग लिएर छुट्टै वसेकी प्रतिवादी पासाङ्ग डोमा गुरुङ्गलाई लाग्नै नसक्ने ऐनको कसूर लगाएर ल्याएको आरोपपत्र मिलेको छैन । सम्पत्ति शुद्धीकरण ( मनी लाउण्डरिङ्ग) निवारण ऐन प्रारम्भ हुनुभन्दा अगाडि नै अंश वापत प्राप्त गरेको सम्पत्तिलाई समेत समावेश गरेर विगो कायम गर्न मिल्दैन । सम्पत्ति शुद्धीकरण ( मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ नयाँ ऐन भएको र यो ऐनले अरु कुनै ऐनलाई खारेज गरेको समेत नहुँदा भ्रष्टाचारजन्य कसूरमा जस्तो सो ऐन प्रारम्भ हुनुभन्दा अगाडिको सम्पत्तिलाई समेत समावेश गरेर कसूर ठहर गर्न मिल्ने अवस्था छैन । हाम्रो पक्षले कानून सम्मत किसिमवाट अंश वुझेर छुट्टै वसेपछि आर्जन गरेको सम्पत्ति वैध सम्पत्ति हुँदा र हाम्रो पक्षले सम्पत्ति शुद्धीकरणको कसुर नगरेकी र कसूर गर्न सघाउ समेत नपुऱ्याएकी हुँदा निजको हकमा अभियोग दावी खारेज हुनुपर्दछ भनी बहस गर्नुभयो।

५७.उपर्युक्त बमोजिम विद्वान वरिष्ठ अधिवक्ताहरु, विद्वान उपन्यायाधिवक्ता तथा विद्वान अधिवक्ताहरुले गर्नुभएको वहस सुनी आरोप पत्र सहितको सम्पूर्ण मिसिल अध्ययनवाट प्रस्तुत मुद्दाको निर्णयमा पुग्नका लागि मुलतः निम्न लिखित तीन प्रश्नको निरोपण गर्नुपर्ने देखिएको छः–

(क) सम्पत्ति शुद्धीकरण (मनी ल्याउण्डरिङ्ग) निवारण ऐन, २०६४ प्रारम्भ हुनुपूर्व प्रतिवादीहरुले आर्जन गरेको सम्पत्तिको हकमा यो ऐनको व्यवस्था अन्तर्गत कसूर कायम गर्न मिल्छ वा मिल्दैन ?

(ख) सम्पत्ति शुद्धीकरण ( मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ प्रारम्भ भएपछि प्रतिवादीहरुले सो ऐनको विपरीत हुने गरी सम्पत्ति शुद्धीकरणको कसूर गरेको भन्ने कुरा स्थापित हुन सकेको छ वा छैन ? र

(ग) प्रतिवादीहरुले अभियोग दावी बमोजिमको कसूर गरेको ठहर्छ वा ठहर्दैन ?

५८. पहिलो प्रश्न अर्थात ऐनको पश्चादवर्शी असरका सम्वन्धमा विचार गर्दा, प्रतिवादीहरुका विरुद्ध यस अदालत समक्ष आरोप पत्र दायर गर्दाका वखत प्रचलनमा रहेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ मा मौलिक हकको रुपमा रहेको न्याय सम्बन्धी हक अन्तर्गत सोही धारा २४ को उपधारा (४) मा “तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनैपनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिए भन्दा बढी सजाय दिइने छैन ” भन्ने व्यवस्था भएको पाइन्छ । उक्त व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ मा पनि मौलिक हक अन्तर्गत फौज्दारी न्याय सम्बन्धी हकको नामवाट धारा १४ को उपधारा (१) मा राखिएको थियो । वर्तमान नेपालको संविधानको धारा २० को उपधारा (४) मा पनि सोही व्यवस्था पूर्ववतरुपमा नै रहेको छ। यी सवै संविधानमा फौज्दारी कानूनको पश्चादवर्शी असरका सम्बन्धमा एउटै व्यहोराको व्यवस्था

रहेकोवाट हाम्रो मुलुकले पश्चादर्शी असर हुने गरी फौज्दारी कानून नबनाउने प्रतिवद्धता जाहेर गरेको कुरा स्पष्ट हुन्छ ।

५९.संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्रको हैसियतमा नेपालले संयुक्त राष्ट्र संघको महासभाद्वारा पारित मानव अधिकार सम्वन्धी विश्वव्यापी घोषणपत्रलाई अन्तराष्ट्रिय कानूनको रुपमा स्वीकार गरिआएको छ । उक्त घोषणपत्रको धारा ११ को उपधारा (२) मा " No one shall be held guilty of any penal offence on account of any act or omission which did not constitute a penal offence, under national or international law, at the time when it was committed. Nor shall a heavier penalty be imposed than the one that was applicable at the time the penal offence was committed. "भन्ने व्यवस्था रहेको पाइन्छ । यो व्यवस्थाले पश्चादर्शी असर पर्ने गरी फौज्दारी कानून निर्माण नगरिने कुराको प्रत्याभूति संयुक्त राष्ट्र संघका सवै सदस्य राष्ट्रवाट खोजिएको र सदस्य राष्ट्रले पनि आफ्नो प्रतिवद्धता जनाएको भन्ने कुरा स्पष्ट छ । उक्त घोषण पत्र कार्यान्वयनका लागि तयार पारिएको नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र (International covenant on civil and political rights) को धारा १५ को उपधारा (१) ले पनि पश्चादर्शी असर हुने गरी फौज्दारी कानून निर्माण नगरिने कुराको प्रत्याभूति गरेको छ । मानवता विरोधी केही अपराधका हकमा पश्चादर्शी असर हुने गरी कानून वन्न सक्ने सैद्धान्तिक पक्ष रहेको छ । अन्य अवस्थामा पश्चादर्शी असर हुने गरी फौज्दारी कानूनको निर्माण नगरिने विषयलाई विश्वव्यापीरुपमा नै स्वीकार गरिएको छ ।

६०. माथि उल्लिखित संवैधानिक व्यवस्था तथा अन्तराष्ट्रिय कानूनको व्यवस्थालाई हृदयङ्गम गरेर सम्पत्ति शुद्धीकरण( मनी लाउण्डरिङ्ग ) निवारण ऐन, २०६४ को पश्चादर्शी असर नहुने गरी विधायिकाले निर्माण गरेको भन्ने कुरा स्फटिक जस्तै छर्लङ्ग छ । यसरी विधायिकाले नै पश्चादर्शी असर नहुने गरी निर्माण गरेको ऐनलाई जवरजस्ती पश्चादर्शी असर भएको जस्तो व्याख्या गरेर कुनै पनि व्यक्तिका विरुद्ध प्रयोग गरिनु मानव अधिकार सम्बन्धी विश्वव्यापी मान्यताको पनि प्रतिकूल हुन जान्छ । मिति २०६४।१०।१४ अर्थात सम्पत्ति शुद्धीकरण( मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ लागु हुनुभन्दा अगाडी सम्पत्ति शुद्धीकरण गरेको कार्यलाई कसूर मानिने कानूनी व्यवस्था नै नरहेको अवस्थामा आर्जन गरिएको सम्पत्तिका हकमा प्रस्तुत ऐनको व्यवस्था आकर्षित हुन नसक्ने हुँदा उक्त ऐन प्रारम्भ हुनुपूर्व प्रतिवादीहरुले आर्जन गरेको सम्पत्तिका हकमा यो ऐनको व्यवस्था लगाएर कसूर कायम गर्न मिल्ने देखिएन । उक्त ऐन लागु हुनुपूर्वको सम्पत्तिका हकमा तत्काल प्रचलनमा रहेको कानूनद्वारा नियमन गर्नुपर्ने र त्यसरी नियमन नगरिएको अवस्थामा सो अवधिमा आर्जन भएको सम्पत्तिलाई गैरकानूनी आर्जन मान्न र आकर्षण हुन नसक्ने कानून लगाएर कसूर कायम गर्न मिल्ने पनि देखिएन ।

६१.अब दोश्रो प्रश्न अर्थात प्रतिवादीहरुले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ प्रारम्भ भएपछि आर्जन गरेको सम्पत्तिका हकमा विचार गर्दा, प्रतिवादी पासाङ्ग डोमा गुरुङ्ग आफ्ना पति अर्थात अर्का प्रतिवादी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गसँग २०५८।१२।१२ मा नै आफ्नो अंश हक लिएर छुट्टिभिन्न भई वसेको देखिन्छ । यसरी निज पासाङ्ग डोमा गुरुङ्ग रीतपूर्वक अंश हक लिएर छुट्टि भिन्न भई वसेको कुरा र पारित भएको लिखतलाई अभियोजन पक्षवाट अन्यथा प्रमाणित गर्न सकेको देखिंदैन । सम्पत्ति शुद्धीकरण सम्बन्धी ऐन प्रारम्भ हुनु भन्दा करीव ६ वर्ष अगाडी नै छुट्टिभिन्न भएर आफ्नो व्यवहार सम्हालेकी प्रतिवादी पासाङ्ग डोमा गुरुङ्गका हकमा माथि प्रश्न नं १ को विवेचना गर्दा उल्लेख गरे जस्तो सम्पत्ति शुद्धीकरणसंग सम्वन्धित ऐनको पश्चाददर्शी असर नहुने हुँदा र सो ऐन प्रारम्भ भएपछि प्रतिवादी दिपक मनाङ्गे भन्ने राजिब गुरुङ्गले कमाएको सम्पत्ति निज पासाङ्ग डोमा गुरुङ्गका नाममा रहे भएको भन्ने कुरा अभियोजन पक्षले स्थापित गर्न सकेको नपाइएकोले निजले सम्पत्ति शुद्धीकरण ( मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ लागु हुनु पूर्व प्राप्त गरेको तथा विक्री गरेको र सो सम्पत्तिबाट बढेबढाएको सम्पत्तिका हकमा सो ऐन आकर्षित हुन सक्ने नदेखिएको हुँदा निज प्रतिवादी पासाङ्ग डोमा गुरुङ्गले उक्त ऐन अन्तरगतको कसूर गरेको भन्न मिल्ने देखिएन ।

६२. अव अर्का प्रतिवादी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गका हकमा विचार गर्दा, निज प्रतिवादीका विरुद्ध २०७०।०२।०५ मा अभियोग पत्र दर्ता भएको देखिन्छ । उक्त अभियोग पत्र दर्ता हुँदाका वखत सम्पत्ति शुद्धीकरण( मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ मा पहिलो संशोधन भई सोही पहिलो संशोधन सहितको ऐन प्रचलनमा रहेको र सोही ऐन अन्तर्गत कसूर गरेको भनी अभियोग लागेको अवस्था छ । निज प्रतिवादी राजिव गुरुङ्गले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ द्वारा निषेधित र दफा ४ को खण्ड (क) (च) तथा खण्ड (त) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार अर्थ मन्त्रालयद्वारा मिति २०६६।१२।२३ मा प्रकाशित सूचनाको खण्ड (क) (घ) र सोही ऐनको दफा २८ अन्तर्गतको कसूर गरेको भन्ने अभियोग दावी रहेको हुँदा ऐनका उल्लिखित दफा तथा राजपत्रमा प्रकाशन भएको सूचनामा के कस्तो व्यवस्था रहेछ भन्ने कुरा तर्फ ध्यान पुऱ्याउन आवश्यक देखिएको छ । उल्लिखित ऐनको दफा ३ को उपदफा (१) मा कसैले पनि सम्पत्ति शुद्धीकरण गर्न गराउन हुँदैन भन्ने व्यवस्था छ भने उपदफा (२) मा कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा यो ऐन बमोजिमको कसूर गरेको मानिने छ भन्ने व्यवस्था रहेको छ ।

६३. सोही ऐनको दफा ४ मा कस्तो कस्तो अवस्थामा सम्पत्ति शुद्धीकरण गरेको मानिने हो भन्ने कुराहरु विस्तृत रुपमा राखिएको छ ।जसअनुसार यस ऐनको प्रयोजनका लागि कसैले देहायको कुनै वा सबै कार्य वा कसूर प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा गरे गराएमा निजले सम्पत्ति शुद्धीकरण गरेको मानिनेछ भन्ने ब्यवस्था रहेको छ। जसअनुसार सोही ऐनको दफा ४ को खण्ड(क) मा राजश्व छलि, दफा ४को खण्ड(च) मा ज्यान, चोरी, ठगी, कीर्ते कागज, खोटा चलन, अपहरण वा शरीर बन्धक सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी र दफा ४ को खण्ड(त) मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य कुनै कानून वा नेपाल पक्ष भएको कुनै सन्धि अन्तर्गतको कसूर गरी भन्ने ब्यवस्था उल्लेख भएको पाईन्छ ।

६४.प्रतिवादी उपर शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४ को खण्ड(क) बमोजिमको कसूर गरेको भनी आरोपपत्रमा उल्लेख गरेको भएतापनि उक्त दफामा उल्लेख भए जस्तो यो यस्तो रीतसँग यो मितिमा यो यस्तो सामानको हकमा यति राजश्व छलि गरेको भन्ने कुरा तथा खण्ड (च) अन्तर्गतका ज्यान, चोरी, ठगी, कीर्ते कागज, खोटाचलन, अपहरण वा शरीर वन्धक जस्ता अपराध गरेर उक्त अपराधको माध्यमबाट यो यस्तो समयमा यति रकम गैरकानूनी आर्जन गरेको भनी आरोपपत्रमा खुलाउन सकेको पाइदैन । प्रतिवादी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गका बिरुद्ध चक्रे मिलनको जाहेरीले वादी नेपाल सरकारसँगको ज्यान मार्ने उद्योग मुद्दाको अभियोग लागेर उक्त मुद्दामा प्रतिवादीलाई २ बर्ष कैद हुने ठहरेको र उक्त कैद समेत निज प्रतिवादीले भुक्तान गरिसकेको भन्ने निजको बयानबाट देखिन्छ। सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २९ मा प्रचलित कानून बमोजिम सम्बद्ध कसूरमा मुद्दा नचलेको वा चलेकोमा पनि नठहरेको कारणले मात्र कुनै सम्पत्ति कसूरबाट प्राप्त सम्पत्ति भएको देखिएमा सोको सम्बन्धमा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा मुद्दा चलाउन र सजाय गर्न बाधा पर्ने छैन भन्ने ब्यवस्था छ। तथापि निज प्रतिवादीले उक्त ज्यान मार्ने उद्योगको कसूरमा संलग्न भए बापत यो यति रकम गैरकानूनी किसिमबाट आर्जन गरी उक्त गैरकानूनी आर्जनलाई कानूनी रुप दिनको लागि यो यो रीतसँग शुद्धीकरण गर्ने प्रयास गरेको भन्ने कुरा अभियोजन पक्षबाट खुलाउन सकेको पाईएन, अन्य किसिमका कसूरमा अभियोग लागेको भन्ने देखिन आउँदैन ।कुनैपनि कसूर ठहर हुनको लागि ऐनको दफा उल्लेख गरेर आरोप लगाउनु मात्र प्रयाप्त हुँदैन । त्यस्तो आरोप बस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुनुपर्दछ ।यो फौजदारी न्यायको सर्वमान्य सिद्धान्त नै हो । प्रतिवादी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गका बिरुद्ध लगाईएको माथि उल्लेखित आरोप बस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुनसकेको देखिएन ।

६५.त्यसैगरी, प्रतिवादी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ उपर नेपाल सरकारद्वारा मिति २०६६।१२।२३ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाको खण्ड(क) र (घ) र सोही ऐनको दफा २८ अन्तर्गतको कसूर गरेको भनी आरोपदावीमा उल्लेख गरिएकोमा उक्त खण्ड (क) मा जबरजस्ती तरिकाले रकम, चन्दा वा कुनै पनि प्रकारको सम्पत्ति वा अन्य वस्तु सहयोग लिने, दिने, दिन बाध्य गर्ने वा त्यस्तो कार्यमा संलग्न हुने वा त्यस्तो कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग, लगानी, योगदान, काम कारवाहीसँग सम्बन्धित प्रचलित कानून अन्तर्गतको कसूर एवं खण्ड (घ) मा कुनै पनि प्रकारको अवैध पेशा, ब्यापार, ब्यवसाय नियन्त्रणसँग सम्बन्धित प्रचलित कानून अन्तर्गतको कसूर गरी गैरकानूनी सम्पत्ति आर्जन गरेको हुनुपर्नेमा त्यस्तो कसूर गरेको भन्ने कुरा पुष्टी हुने बस्तुनिष्ठ प्रमाण पनि वादी पक्षले पेश गर्न सकेको पाईंदैन ।त्यसैगरी सोही ऐनको दफा २८ अन्तर्गतको कसूर गरेको भनी प्रतिवादी उपर आरोपदाबी रहेकोमा उक्त दफाको कानूनी ब्यवस्था हेर्दा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा मुद्दा चलाइएको ब्यक्तिको आयश्रोत वा आर्थिक अवस्थाको तुलनामा निजको सम्पत्ति अस्वाभाविक देखिन आएमा वा निजले अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा निजले त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुरा प्रमाणित गर्नुपर्नेछ भन्ने उल्लेख भएको पाईन्छ ।तर प्रस्तुत मुद्दामा प्रतिवादीको नाउँमा त्यस्तो अस्वाभाविक रुपमा सम्पत्ति जस्तो घर, जग्गा जमिन एवं बैंक मौज्दात समेत रहेको र निजको अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको भन्ने कुरा पुष्टी हुने कुनै तथ्ययुक्त प्रमाण वादी पक्षले पेश गर्न सकेको देखिंदैन। जबकि आरोपदाबी पुष्टी हुनको लागि त्यस्तो दाबी पुष्टी हुने ठोस सबुत प्रमाण समेतको जरुरी हुन जान्छ । आरोपपत्रमा वादी पक्षले प्रतिवादीको दैनिक रुपमा यहाँ यो यस्तो रुपमा अस्वाभाविक खर्च रहे गरेको देखिएको भनी देखाउन सकेको पाईंदैन भनें प्रतिवादीका छोराहरु पनि सामान्य स्कूल, कलेजमा अध्ययन गरेको देखिनुका साथै निजहरुको अध्ययन शुल्क समेत त्यस्तो अस्वाभाविक रहेको भन्ने मिसिलबाट देखिन आउँदैन ।

६६. प्रतिवादीले गैरकानूनी क्रियाकलाप गरी सम्पत्ति आर्जन गरी त्यस्तो रकम विभिन्न कम्पनी, फर्म तथा व्यावसायिक फर्म तथा कम्पनीहरुमा लगानी गरेको भन्ने आरोपका सम्बन्धमा विचार गर्दा आरोप पत्रमा यी प्रतिवादी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्ग समेतको शेयर लगानी रहेको भनी उल्लेख गरिएका व्यावसायिक कम्पनीहरु मध्येका कतिपय संस्थाहरु जस्तो गोसाईकूण्ड क्रसर रोडा ढुंगा उद्योग, क्लब डाइनेष्टी प्रा.लि., साईड वाकर्स प्रा.लि., ओएसिस इन्जिनियर्स एण्ड विल्डर्स प्रा.लि., निरमाया रोधी क्लव एण्ड रेष्टुरेण्ट , गन्डकी रोधी क्लव  लगायतका व्यावसायीक संस्थाहरुमा निज प्रतिवादीले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ प्रारम्भ हुनु पूर्व नै शेयर लगानी गरेको देखिन आउँछ । सम्पत्ति शुद्धीकरण निवारण ऐन प्रारम्भ हुनुभन्दा अगाडि नै लगानी भै सकेको बिषयलाई यो ऐन अन्तर्गतको कसूर मानी सजाय गर्न

नमिल्ने भन्ने सम्बन्धमा माथिका बिभिन्न प्रकरणहरुमा बिवेचना भैसकेको हुँदा ऐन आउनु पूर्व लगानी भएको भनिएका कम्पनीका हकमा थप बोल्नुपर्ने देखिंदैन । त्यसमाथि पनि उल्लिखित व्यावसायिक संस्थाहरुमा प्रतिवादीको यति रकम शेयर लगानी रहेको भनी वादी पक्षले आरोपपत्रमा उल्लेख गरेतापनि निज प्रतिवादीको शेयर लगानी रहेको पुष्टी हुने लिखत प्रमाण वादी पक्षले आरोपपत्र साथ पेश गर्न सकेको मिसिलवाट देखिंदैन । यसरी एकातिर वादी पक्षले प्रतिवादीको विभिन्न कम्पनीहरुमा यो यति रकम शेयर लगानी रहेको भन्ने पुष्टी हुने लिखत पेश गर्न सकेको पाइदैन भने अर्कोतिर प्रतिवादीले अदालत समक्ष वयान गर्दा आरोपपत्रमा उल्लेख भए अनुसारका व्यावसायीक फर्म एवं कम्पनीहरुमा आफ्नो शेयर लगानी नरहेको, आरोपपत्रमा उल्लेख भएको भन्दा कम रकम मात्र शेयरमा लगानी रहेको र कतिपय शेयरहरु आफूले विक्री समेत गरी सकेको भनी खुलाएको पाइन्छ । आरोपपत्रमा उल्लेख गरिएका केही व्यावसायिक कम्पनी एवं फर्मका अन्य  साझेदार शेयरवालाहरु एवं कम्पनीका संस्थापकहरुले समेत प्रतिवादी राजीव गुरुङ्गको आरोपपत्रमा उल्लेख भए भन्दा कम शेयर रहेको, कुनै फर्ममा शेयर नै नरहेको, कुनै विक्री भैसकेका भनी कागज गरि खुलाईदिएको समेत पाईएबाट निज प्रतिवादीको यस अदालत समक्षको बयान ब्यहोरा वादी पक्ष कै साक्षीको बकपत्र समेतबाट समर्थन भएको देखिएको छ ।

६७.अर्कोतर्फ यी प्रतिवादी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गका नाउँमा गैरकानूनी तरिकाले आर्जन गरी जोडेका अचल जग्गा जमिन, घरहरु पनि वादी पक्षले देखाउन सकेको पाइदैन ।निजको नाउँमा यो वैंकमा यो यति रकम मौज्दात रहेको भनी खुलाउन सकेको पनि देखिंदैन । यी प्रतिवादीको नाउँमा हिमालयन वैंक ठमेलमा रु.२५६२।८६ र निजकी कान्छी श्रीमती दिछेन डोल्मा लामाका नाउँमा स्टाण्डर्ड चार्टड वैंकमा रु.६१,२८१।८८ मात्र मौज्दात रहेको भनी देखाइएको छ ।उक्त न्यून मात्रामा रहेको वैंक मौज्दातलाई गैरकानूनी तरिकाले आर्जन गरेको भनी अर्थ गर्नु न्यायसंगत हुँदैन ।

६८. यसरी प्रतिवादी दिपक मनाङ्गे भन्ने राजिव गुरुङ्गको केही व्यावसायिक फर्म तथा कम्पनीहरुमा लगानी भएको केही शेयर रकम ऐन आउनुपूर्व अर्थात २०६४ अगाडी नै लगानी भएको, कतिपय संस्थाहरुमा शेयर लगानी भएको भन्ने लिखत प्रमाणबाट पुष्टी नै नभएको, कतिपय शेयरहरु विक्री भैसकेको, कतिपय व्यावसायिक संस्थामा प्रतिवादीको शेयर दर्ता नै नदेखिएको, त्यसैगरी प्रतिवादीका नाउँमा अथाह रुपमा घर, जग्गा जमिन एवं सवारी साधन रहेको पनि नदेखिएको, निजको नाउँमा शंका गर्नुपर्ने ब्यालेन्स वैंक मौज्दात पनि नदेखिएवाट गैरकानूनी तरिकाले सम्पत्ति आर्जन गरी त्यस्तो सम्पत्तिलाई शुद्धीकरण गरेको भन्ने यी प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङ्ग उपर लगाइएको आरोप दावी वस्तुनिष्ठ एवं तथ्यपरक रुपमा वादी पक्षले पुष्टी गर्न सकेको देखिन आएन।

६९. अतः माथि बिवेचित आधार प्रमाणहरुबाट यसमा प्रतिवादीहरु उपरको आरोपदाबी वादी पक्षले सप्रमाण पुष्टि गर्न सकेको नपाईंदा प्रतिवादीहरुले सम्पत्ति शुद्धीकरण( मनी लाउण्डरीङ्ग) को कसूर गरेको भन्न नमिल्दा आरोप दाबी पुग्न सक्दैन । प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङ्ग र पासाङ्ग डोमा गुरुङ्गले आरोपदाबीबाट सफाई पाउने ठहर्छ । अरु कुराका हकमा तपसील बमोजिम गर्नु ।

## तपसिल

प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङ्गले आरोप दाबीबाट सफाई पाउने ठहरेकाले यस अदालतको आदेशानुसार निज प्रतिवादीबाट रु.२,९०,००,०००।—लाख धरौटी माग गरिएकोमा उक्त धरौटी बापत निज प्रतिवादीले जित बहादुर तामाङ र दावा शेर्पाको नाउँको क्रमशः काठमाडौं जिल्ला सुन्दरीजल गा.वि.स. वडा नं.२(ग) र ऐ.३(क) को कि.नं. ३१ र ६९ को जग्गा जेथा जमानत दिई उक्त जेथा जमानत स्वीकार भै यस अदालतको च.नं. ६७३ मिति २०७०।७।५ को पत्र र मालोपत कार्यालय चावहिलको च.नं. २३७० मिति २०७०।७।६ को पत्रबाट रोक्का रहेको देखिंदा प्रस्तुत मुद्दाको अन्तिम किनारा लागेपछि उक्त रोक्का रहेको जग्गा फुकुवा गरीपाउँ भनि प्रतिवादी वा सरोकारवालाले दरखास्त दिए नियामानुसार फुकुवाको लागि सम्बन्धित मालपोत कार्यालयमा लेखि पठाइदिनु दिनु.........................................................................................................................१

प्रतिवादी पासाङ्ग डोमा गुरुङ्गले आरोपदाबीबाट सफाई पाउने ठहरेकाले यस अदालतको आदेशानुसार प्रतिवादी पासाङ्ग डोमा गुरुङ्गले र.नं. १८०४ मिति २०७०।५।४ मा नगद रु.२,५०,०००।- यस अदालतमा धरौटी राखेको देखिंदा प्रस्तुत मुद्दाको अन्तिम किनारा लागेपछि उक्त धरौटी निज प्रतिवादीले फिर्तापाउँ भनि दरखास्त दिए निज प्रतिवादीलाई नियमानुसार फिर्ता दिनु.........................................................................................................२

प्रतिवादी दिपक मनाङ्गे भन्ने राजीव गुरुङ्ग र पासाङ्ग डोमा गुरुङ्गले प्रस्तुत मुद्दाको आरोपदाबीबाट सफाई पाउने ठहरेकाले प्रस्तुत मुद्दाको सिलसिलामा रोक्का रहेका चल अचल सम्पत्तिहरु प्रस्तुत मुद्दाको अन्तिम किनारा लागेपछि प्रतिवादीहरुले रोक्का फुकुवा गरीपाउँ भनी दरखास्त दिए नियमानुसार सम्बन्धित निकायमा रोक्का फुकुवाको लागि लेखी पठाइदिनु ..................................................................................................................३

फैसलाको प्रतिलिपी सहित यस फैसलामा चित्त नबुझे विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिमको म्याद दिन पैंतीस भित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्नु भनी विशेष सरकारी वकील कार्यालय, काठमाडौंलाई पुनरावेदनको म्याद दिनु...........................................................................................................४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ............................५

सदस्य सदस्य सदस्य

फैसला लेखनमा सहयोग गर्नेः

इजलास अधिकृतः केशव पराजुली

टा.ना.सु.- विश्वराज पोखरेल

इतिसम्वत् २०७४ साल भाद्र ४ गते रोज १ शुभम्......................................................

.................................